# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) नेपाली साहित्य जगतका बहुआयमिक, प्रतिभाशाली तथा बहुचर्चित व्यक्तित्व हुन् । उनको साहित्य लेखनको प्रमुख विषयवस्तु समाज र सामाजिक जीवनका द्वन्द्वरत पक्षहरूको प्रमुख चासो, चिन्ता र चिन्तन रहेको छ । त्यसैको प्रतिफल स्वरूप **एक चिहान** उपन्यास सिर्जित भएको हो भन्ने कुरामा दुइमत छैन । यस उपन्यासलाई साहित्यको समालोचना अन्तर्गत क्षण, जाति र पर्यावरणका आधारमा विश्लेषण गरिएको छ ।

यथार्थवादी प्रगतिवादी विचार धारालाई आत्मासाथ गर्दै साहित्यिक क्षेत्रमा कलम चलाउने हृदयचन्द्रसिंह प्रधानको **एक चिहान** उपन्यास दोस्रो तथा अन्तिम औपन्यासिक कृति हो । सामाजिक, सांस्कृतिक, भौगोलिक तथा वर्गीय असमानताप्रति आक्रोशको भाव प्रकट गरी नेपालको कृषक समस्यासँग सम्बन्धित भई सिर्जित कृति हो । यस उपन्यासले करिव ६ दशक अगाडिको नेपाली समाजलाई विषयवस्तुको रूपमा समेटेको छ । उपन्यासमा समाजका विभिन्न क्षेत्र, वर्ग, लिङ्ग तथा जातजातिभित्र मौलाएर बसेका रुढि, वर्गीय विसङ्गति, शोषण, दमन र उत्पीडनका स्वरहरू प्रकट गरी सामाजिक विषमताको यथार्थ चित्रण गरेको पाइन्छ । **एक चिहान** उपन्यासमा विशेष गरी किसानहरूको खेतीप्रतिको निष्ठा र इमान्दारितालाई सार्थक रूपमा चित्रण गर्ने उद्देश्य प्रकट गरेको देखिन्छ ।

मान्छे समाजमा जन्मन्छ, समाजमै हुर्कन्छ अनि अन्त्यमा देहलीला पनि समाजमा नै गर्ने गर्दछ । त्यसैले संसारमा प्रत्येक जातिका आआफ्नै संस्कार संस्कृति, मूल्य मान्यता एवं ऐतिहासिक परम्परा रहेको हुन्छ । साहित्यकारले यिनै विशेषताहरूलाई कलाको माध्यमबाट साहित्यमा अभिव्यक्त गर्ने गर्दछ । त्यसैले साहित्यकारले आफू बाँचेको युगको बोध तथा राष्ट्रको वास्तविकताको पहिचान गराउने कार्य साहित्यिक कृतिको माध्यमबाट गर्दछ । त्यसैले साहित्यको समाजशास्त्रीय अध्ययनमा क्षण, जाति र पर्यावरणको अध्ययन गर्न अपरिहार्य देखिन्छ ।

हृदयचन्द्रसिंह प्रधानले **एक चिहान** उपन्यासमा काठमाडौँ उपत्यकामा बसोबास गर्ने नेवार जातिका गरिब किसान परिवारलाई उपन्यासको प्रमुख पात्रको रूपमा चयन गरी नेवार जातभित्र पनि ठूलो सानो जात हुन्छ भन्ने सङ्केत गरेका छन् । त्यस्तै समाजका अग्रज समाजसेवी डाक्टर जस्ता पात्रको प्रयोग गरी समाजका अगुवा भनाउँदाहरूबाटै नारीको अस्मिता लुटिएको देखाइएको छ । नारी वर्गमा चेतनाको विकास नभएको बहुविवाहको प्रथा यथावत भएको उक्त कृतिमा समावेश भएका पात्रहरूबाट प्रस्ट हुन्छ । सुब्बा जमिन्दार भई किसानमाथि गरेको दमन जस्ता कुरा उल्लेख गरी पात्रको माध्यमबाट नेपालमा भूमिसुधार ऐन जारी हुनु पूर्व सात सालदेखि २०१८ सालसम्मको सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक, न्यायिक अवस्थाको पृष्ठभूमि यस कृतिमा पाउन सकिन्छ ।

यस उपन्यासभित्र नारी समस्या र किसानको दुर्दशा उच्च वर्गले निम्न वर्गमा गर्ने व्यवहार छर्लङ्ग पारेका छन् । त्यस्तै अर्कोतिर वैवाहिक सम्बन्धमा आफूलाई कट्टर ठान्ने काठमाडौंली समाजको नेवार जातिको उपत्यका बाहिर पहाडी भेगका तामाङ जात र तराईमा बस्ने तराई मूलका जातिका बिचमा वैवाहिक सम्बन्ध कायम गरी सांस्कृतिक एकता कायम गराउने कार्यको सुरुवात भएको पाइन्छ । यसरी जाति, धर्म, संस्कार आदिको सङ्कीर्णतामा विष्फोटित र विखण्डित हुन लागेको मुलुकलाई जातीय, धार्मिक र सांस्कृतिक समीकरणको आवश्यकता महशुस गरी नेपालका सबै जात र भौगोलिक संरचनालाई राष्ट्रिय एकता कायम गर्न खोजिएको छ । यही आधारलाई खोज अनुसन्धानको विषय बनाई **एक चिहान** उपन्यासभित्रको क्षण, जाति र पर्यावरणको अध्ययन तथा विश्लेषण गर्न प्रस्तुत शोध कार्यको मूल ध्येय रहेको छ ।

## १.२ समस्याकथन

**एक चिहान** उपन्यासमा किसानको समस्या नारी मुक्ति तथा नेपालमा बसोबास गर्ने सबै जाति र भौगोलिक संरचनालाई एकतामा कायम गर्ने उद्देश्यले सिर्जित औपन्यासिक कृति हो । त्यसैले यस शोधकार्यको शोध्य समस्या क्षण, जाति र पर्यावरणको बारेमा केन्द्रित भई निम्न समस्याको समाधान पहिल्याउने प्रयास गरिएको छ । ती समस्या निम्नानुसार छन् :

(क) **एक चिहान** उपन्यासमा क्षण/युगको चित्रण कसरी गरिएको छ ?

(ख) **एक चिहान** उपन्यासमा जातिगत अवस्थालाई कुन रूपमा देखाइएको छ ?

(ग) **एक चिहान** उपन्यासको पर्यावरणको प्रस्तुति कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

**एक चिहान** उपन्यासमा प्रस्तुत शोधकार्यको सन्दर्भमा देखा परेका समस्या र उल्लेखित बुँदाका आधारमा उद्देश्यलाई विश्लेषण गरी त्यसको निरूपण गर्नु नै प्रस्तावित शोधकार्यका मूल प्राज्ञिक उद्देश्य रहेको छ । समस्याका क्रम अनुसार प्रस्तुत शोधका उद्देश्यहरू यस प्रकार छन् :

(क) **एक चिहान** उपन्यासमा क्षण/युगको चित्रण निरूपण गर्नु,

(ख) **एक चिहान** उपन्यासमा प्रयुक्त जातिगत अवस्थाबारे पहिचान गर्नु,

(ग) **एक चिहान** उपन्यासमा पर्यावरणको अवस्थाबारे निरुपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

**एक चिहान** उपन्यासका सम्बन्धमा विभिन्न समालोचक तथा साहित्यकारहरूले विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा टिप्पणी, चर्चा परिचर्चा गरेका छन् जसलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

माधवलाल कर्मचाय (२०१७) ले **साहित्य** नामक कृतिमा संकलित 'हृदयचन्द्र सिंह प्रधान उपन्यासकारका रूपमा' शीर्षकको लेखमा **एक चिहान** उपन्यासको चर्चा गर्दै उपन्यासकका

पात्रहरूको अन्तर जातीय विवाह गराउने विचार पूर्ण भएको उल्लेख गर्दै अन्तर जातीय विवाहको पक्षमा जोड दिएका छन् ।

कृष्णचन्द्रसिंह प्रधान (२०६४) ले **साझा समालोचना** नामक कृतिमा २००७ सालको परिवर्तनसँगै नेपाली उपन्यासको नयाँ विषयवस्तु प्राप्त गरेको उल्लेख गर्दै **एक चिहान**ले विद्रोही भावना, शोषण, अत्याचार, अन्धविश्वास, रुढिवादी सोचको विरोध नारी समस्या र किसानहरूको दुर्दशा जस्ता विषयलाई अँगालेर प्रगतिशील प्रवृत्ति, विद्रोह र क्रान्तिको प्रेरणा र सामाजिक यथार्थको पृष्ठभमिमा सिर्जिएको उपन्यासको रूपमा चर्चा गरेका छन ।

वासुदेव त्रिपाठी (२०२८) ले **विचरण** नामक कृतिमा सङ्कलित 'हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित दुई उपन्यासहरू' शीर्षकको लेखमा स्वास्नी **मान्छे र एक चिहान**का तुलनात्मक टिप्पणी गर्दै स्वास्नी मान्छेभन्दा **एक चिहान** उपन्यास बढी औपन्यासिक बनेको भन्दै प्रधानलाई यस उपन्यासले औपन्यासिक उचाइमा पुऱ्याएको हुन भनी उल्लेख गरेका छन् ।

वासुदेव आचार्य (२०३६) ले **उपन्यासकार हृदयचन्दसिंह प्रधान** नामक शोधपत्र प्रस्तुत गर्दै उपन्यासकारले सुधारवादी सिद्धान्तले **स्वास्नी मान्छे** उपन्यासमा झैं **एक चिहान** उपन्यासमा पनि निरन्तरता पाएको कुरा उल्लेख गरेका छन् ।

रामबाबु घिमिरे (२०३६) ले **हृदयचन्द्रसिंह प्रधानको जीवनी व्यक्तित्व र कृतित्त्वको अध्ययन** शोधपत्र प्रस्तुत गर्दै हृदयचन्द्रसिंह प्रधानको **एक चिहान** उपन्यासको शीर्षक सार्थकताको सम्बन्धमा टिप्पणी गर्दै प्राकृतिक रूपबाट अष्ट नारायणको परिवारको सामुहिक मृत्यु गराएर यस उपन्यासको शीर्षकले सार्थकता प्राप्त गरेको कुरा उल्लेख गरेका छन् ।

तारानाथ शर्मा (२०३९) ले **नेपाली साहित्यको ऐतिहासिक परिचय** नामक पुस्तकमा **एक चिहान** उपन्यासको चर्चा गर्दै यस उपन्यासमा प्रबुद्ध किसान परिवारको कथा प्रस्तुत गरेको कुरा उल्लेख गर्दै प्रधानका उपन्यासमा वास्तविकता तथ्य प्रस्तुत गरेका छन् ।

ऋषिराज बराल (२०४०) ले **प्रगतिवादी र नेपाली उपन्यास** नामक कृतिमा प्रगतिवादी उपन्यासको चर्चा गर्ने क्रममा हृदयचन्द्रसिंह प्रधानको **एक चिहान** उपन्यासको नेपाली उपन्यास परम्परामा सबैभन्दा पहिले किसानको समस्यालाई लिएर चिन्तन गर्ने जमर्को गरेको छ र किसान परिवारको स्थितिबाट फाइदा उठाउन खोज्ने तालसिङ जमिन्दारको खलक अघि सरेको छ भन्ने टिप्पणी गरेका छन् ।

ऋषिराज बराल (२०४८) ले **प्रगतिशील उपन्यासको मूल प्रवृत्ति** नामक विद्यावारिधिको शोधपत्रमा **एक चिहान** उपन्यासले जमिन्दार र सामन्त वर्गको शोषणबाट किसानहरू माथि गरिने शोषण र शोषण विरुद्ध किसानहरू जागरुक हुँदै गएको चेतनालाई प्रमुख प्रवृत्ति बनाउने उपन्यासको रूपमा सबैभन्दा अग्रपङ्तीमा हृदयचन्द्रसिंह प्रधान देखा पर्दछन् भनी यसै प्रवृत्तिलाई प्रतिनिधित्व गर्ने पहिलो उपन्यासको रूपमा **एक चिहान** उपन्यासको चर्चा गरेका छन् ।

इन्द्रबहादुर राई (२०५० ले **नेपाली उपन्यासका आधारहरू** नामक कृतिमा **एक चिहान** उपन्यासलाई प्रगतिशीलका प्रतिनिधि कृतिको रूपमा चर्चा गर्दै यस उपन्यासको प्रगतिशील धारणालाई सामाजिक रीति र नीतितर्फको नयाँ प्रान्ततर्फ अघिबढाएको कुरा उल्लेख गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान (२०५०) ले **नेपाली उपन्यास र उपन्यासकार** नामक कृतिमा साहित्यका विभिन्न वाद र नेपाली उपन्यासको चर्चा गर्दै **एक चिहान** उपन्यासलाई आलोचनात्मक यथार्थवादि उपन्यासको रूपमा प्रस्तुत गरी टिप्पणी गरेका छन् ।

राजेन्द्र सुवेदी (२०५३) ले **नेपाली उपन्यासको परम्परा र प्रवृत्ति** नामक कृतिमा सङ्कलित '**एक चिहान** उपन्यासमा आलोचनात्मक यथार्थता' शीर्षकको लेखमा **एक चिहान** उपन्यासलाई आलोचनात्मक यथार्थवादी फाँटमा देखा परेका उपन्यासको रूपमा उल्लेख गर्दै समाजको श्रमिक वर्ग र महिला वर्गको नैतिक अस्मिता, श्रमको शोषण, छुवाछुत र जातीय उचनीचको भावना र भाषा संस्कृतिका अनमेल पक्षहरूलाई तिव्र निन्दा गर्दै काठमाडौँको लेखकले काठमाडौँकै विषयवस्तु बनाएको उल्लेख गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटम (२०५५) ले **उपन्यासको विश्लेषण** नामक कृतिमा सङ्कलित 'आधुनिक नेपाली उपन्यासको धारागत मोड र प्रवृत्ति' शीर्षकको लेखमा **एक चिहान** उपन्यासलाई आलोचनात्मक यथार्थवादि धारा अन्तर्गत टिप्पणी गर्दै कथावस्तु, पात्र, परिवेश, भाषा शैली, आदिका आधारमा संक्षिप्त विश्लेषण गरेका छन् ।

धनप्रसाद सुवेदी (२०५६) ले **नेपाली उपन्यासमा आञ्चलिकता** नामक कृतिमा **एक चिहान** उपन्यासलाई एक क्रान्तिकारी परिवर्तनकारी प्रगतिवादी उपन्यासका रूपमा टिप्पणी गर्दै नारी मुत्ति : र किसान समस्यालाई यस उपन्यासले विषयवस्तु बनाएको कुरा उल्लेख गरेका छन् ।

खेमनाथ दाहाल (२०५८) ले **आधुनिक नेपाली उपन्यासको समाजशास्त्र** शीर्षकमा विद्यावारिधिको शोध प्रस्तुत गर्ने क्रममा **एक चिहान** उपन्यासले किसानको मोहीमाथिको शोषण र डाक्टरको युवतीमाथिको शोषणलाई निर्मुल गर्न नसकिए पनि निकास मार्ग भने दिन सफल भएको उल्लेख गरेका छन् ।

कमलबहादुर खत्री (२०५८) ले **एक चिहान उपन्यासको कृतिपरक अध्ययन** शोधपत्रमा **एक चिहान** उपन्यासलाई कथावस्तुत, चरित्र चित्रण परिवेश उद्देश्य आदिको दृष्टिले एक प्रगतीशील सामाजिक उपन्यासका रूपमा टिप्पणी गरेका छन् ।

ऋषिराज बराल (२०६४) ले **साहित्य र समाज** नामक कृतिमा सङ्कलित 'हृदयचन्द्रसिंह प्रधानको औपन्यासिकता : वैचारिक अभिरेखाङ्कन' शीर्षकको लेखमा हृदयचन्द्रसिंह प्रधान नेपाली साहित्यमा २००७ सालअघि समाज र साहित्यको सम्बन्धको मूल्यवोध गर्ने पहिला चिन्तक हुन, उनमा रहेको समाजपरक चिन्तनले २००७ साल पछिको वातावरणमा फड्को मार्ने काम गरेको भनि उल्लेख गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान (२०६९) ले **प्राज्ञिक संसार** नामक पत्रिकामा 'साहित्यको समाजशास्त्र, समकालीन बोध र नेपाली उपन्यास' शीर्षकको लेखमा **एक चिहान** उपन्यासलाई मार्क्सवादभन्दा

पनि किसानको स्थिति र उनीहरूको वर्गीय समस्या लगायत जमिन मालिकहरूबाट सताइने बहुप्रचारित ज्ञान र वैचारिक आदर्शबाट लेखिएको हो भनी टिप्पणी गरेका छन् ।

अध्ययनको तहगत रूपले **एक चिहान** उपन्यासलाई दृष्टिगत गर्दा धेरै विद्वान् तथा समालोचक वर्गहरूबाट विभिन्न दृष्टिकोणबाट चर्चा परिचर्चा भएको पाइन्छ । यस उपन्यास अध्ययनको सम्बन्धमा उपन्यासको इतिहास विकासक्रम, कृतिगत अध्ययन, प्रवृत्ति औपन्यासिक वाद, वर्गीय चेतना आदिको बारेमा गहन अध्ययन र विश्लेषण गरिएको पाइए तापनि यस उपन्यासमा क्षण, जाति र पर्यावरणको अध्ययन गर्ने कार्य भएको पाइदैन । त्यसैले प्रस्तुत शोधमा **एक चिहान** उपन्यासको क्षण/युग, जाति र पर्यावरणको विश्लेषण गरी शोधकार्य गर्न वाञ्छनीय देखिन्छ ।

## १.५ शोधको औचित्य

**एक चिहान** उपन्यास विकृति र विसंगति प्रति औला ठड्याउँदै, किसानको समस्या, नारी मुत्ति : र रुढिवाद प्रतिविरोध जातीय तथा सांस्कृतिक एकताको पक्षमा सिर्जित कृति हो । यस उपन्यासको बारेमा समालोचक तथा समीक्षक विद्वान् वर्गहरूले विभिन्न प्रसङ्ग वा सन्दर्भमा अध्ययन गरेको कुरा पूर्व कार्यको विवरणबाट प्रस्ट हुन्छ । तथापि यस उपन्यासमा समाजशास्त्रीय अध्ययन अन्तर्गत क्षण/युग, जाति र पर्यावरणको बारेमा अध्ययन एवम् विश्लेषण गर्ने कार्य गरिएको छैन । तसर्थ **एक चिहान** उपन्यासमा साहित्यको समाजशास्त्रीय दृष्टिकोण अन्तर्गत हिपोलाई तेनद्वारा प्रतिपादित क्षण, जाति र पर्यावरणका आधारमा अध्ययन गरी निष्कर्ष निकाल्नु प्रस्तुत शोधकार्यको औचित्यपूर्ण प्राज्ञिक कार्य हुन जान्छ । त्यसैले यस शोधपत्रले नवीनतम विषयवस्तुको जानकारी गराउने कार्य गर्नुका साथै अनुसन्धानात्मक कार्यका निम्ति प्रस्तुत प्राज्ञिक दृष्टिले अध्ययनको औचित्यपूर्ण उपयोगिता हुनेछ ।

## १.६ शोधका सीमा

प्रस्तुत शोध कार्यको सीमा शोध शीर्षक बमोजिम निर्धारित गरिएका छ । **एक चिहान** उपन्यास भित्र क्षण/युग, जाति र वातावरण/पर्यावरणसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयवस्तुको विविध कोणबाट अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधपत्रको मुख्य रूपले सीमाङ्कित गरिएको छ ।

## १.७ शोधविधि

हृदचन्द्रसिंह प्रधानद्वारा लिखित **एक चिहान** उपन्यासमा क्षण, जाति र पर्यावरणको अध्ययन विषयमा केन्द्रित प्रस्तुत अध्ययन पत्रमा हिपोलाई तेनद्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय अध्ययन क्षण, जाति र पर्यावरण सम्बन्धी सैद्धान्तिक चिन्तन र मान्यतालाई सैद्धान्तिक पर्याधारका रूपमा प्रयोग गरिएको छ र यसैको आधारमा उक्त उपन्यासको क्षण, जाति र पर्यावरण पहिचान गरी अध्ययन गरिएको छ । तसर्थ प्रस्तुत अध्ययन पत्र मुख्यत निगमनात्मक विधिमा केन्द्रित रहेका छ । विभिन्न तथ्यहरूको सङ्कलन र तिनीहरूको व्याख्या तथा विश्लेषण गरिएकाले यस शोधपत्रमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन पत्र तयार गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू आधारभूत तथा सन्दर्भ स्रोतबाट सङ्कलन गरिएको छ । यसका लागि पुस्तकालयलाई सामग्री सङ्कलनको प्रमुख आधार मानिएको छ । हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित **एक चिहान** उपन्यासलाई आधारभूत स्रोत सामग्रीको रूपमा चयन गरिएको छ भने उक्त कृतिको बारेमा प्रकाशित भएका विभिन्न शोध, कृति तथा विभिन्न पत्रपत्रिकामा सङ्कलित लेख रचना एवम् समाजशास्त्रको सैद्धान्तिक तथा अवधारणात्मक मान्यताका विभिन्न कृतिहरूलाई सन्दर्भ स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा

'**एक चिहान** उपन्यासमा क्षण, जाति र पर्यावरणको अध्ययन' शीर्षकको प्रस्तुत शोधकार्यमा साहित्यको समाजशास्त्रसँग सम्बन्धित सिद्धान्त हिपोलाइ तेनको क्षण, जाति र पर्यावरण नै मुख्य सैद्धान्तिक पर्याधारका रूपमा प्रयोग गरिएको छ । उक्त सैद्धान्तिक आधारको अध्ययनका निम्ति मैनेजर पाण्डेयको 'साहित्य के समाजशास्त्रीय की भूमिका' निर्मला जैनको 'साहित्य का समाजशास्त्रीय चिन्तन' उदय क्षेत्रीको 'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन' विद्यावारिधी शोधपत्र, खेम दाहालको 'आधुनिक नेपाली उपन्यासको समाजशास्त्र' विद्यावारिधि शोधपत्र, बाबुराम लम्साल 'प्रेत्कल्प उपन्यासको समाजशास्त्रीय अध्ययन' एम.फिल. शोधपत्र, राजेन्द्र दाहालको 'नयाँ सडकको गीत कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन' स्नातकोत्तर शोधपत्र र पत्रपत्रिकामा प्रकाशित साहित्यको समाजशास्त्र सम्बन्धी लेखहरूको प्रयोग गरिएको छ । ती सैद्धान्तिक मान्यतामा (१) क्षण (२) जाति र (३) पर्यावरण रहेका छन् ।

प्रस्तुत शोधका सामग्री विश्लेषणको ढाँचा शोध समस्याका क्रम अनुसार यस प्रकार रहेका छन् :

शोधसमस्या क्रम '(क)' को समाधानका लागि निम्नलिखित ढाँचाको प्रयोग गरिएको छ :

(अ) लेखकीय उत्प्रेरक क्षण

(आ) रचनाकालीन पृष्ठभूमिगत क्षण

शोधसमस्या क्रम '(ख)' को समाधानका लागि निम्नलिखित ढाँचाको प्रयोग गरिएको छ :

(अ) वंशाणुगत जाति

(आ) स्वभाव तथा प्रतिभागत जाति

शोधसमस्या क्रम '(ग)' को समाधानका लागि निम्न लिखित ढाँचाको प्रयोग गरिएको छ :

(अ) भौगोलिक पर्यावरण

(आ) सामाजिक-आर्थिक पर्यावरण

(इ) राजनीतिक पर्यावरण

प्रस्तुत शोधकार्यलाई उपर्युक्त सैद्धान्तिक पर्याधारका आधारमा सम्बद्ध रही **एक चिहान** उपन्यासको विश्लेषण गरिने भएकाले प्रस्तुत शोध निगमनात्मक तथा विश्लेषणात्मक प्रकृतिको रहेको छ । सामग्रीको तथ्यगत एवम् गहन विश्लेषण गरिएकाले प्रस्तुत शोध गुणात्मक किसिमको रहेको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित एवं सुसङ्गठित बनाउनका लागि निम्ति निम्नलिखित परिच्छेदमा विभाजन गरी आवश्यकता अनुसार शीर्षक तथा उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : उपन्यासको समाजशास्त्रीय विश्लेषणको सैद्धान्तिक आधार

तेस्रो परिच्छेद : **एक चिहान** उपन्यासमा क्षण/युग

चौथो परिच्छेद : **एक चिहान** उपन्यासमा जाति

पाँचौं परिच्छेद : **एक चिहान** उपन्यासमा पर्यावरण

छैटौं परिच्छेद : सारांश तथा निष्कर्ष

शोधपत्रको अन्त्यमा शोधपत्र तयार गर्दा प्रयोग गरिएका पुस्तक एवं पत्रपत्रिकाहरूको सूची सन्दर्भ सामग्री सूची अन्तर्गत प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# उपन्यासको समाजशास्त्रीय विश्लेषणको सैद्धान्तिक आधार

## २.१ विषय परिचय

समाजशास्त्र शब्द अङ्ग्रेजी भाषाको सोसियोलोजी शब्दको नेपाली रूपान्तरण हो । सोसियोलोजी शब्द ल्याटिन भाषाको सोसाइटस र लोगस दुई शब्द मिली निर्माण भएको हो । ल्याटिन शब्द 'सोसाइटस' को अर्थ समाज र 'लोगस' शब्दको अर्थ विज्ञान भन्ने हुन्छ । यसर्थ समाजको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ । त्यही समाजको मानव जीवनको अध्ययन गर्ने शास्त्रको काम साहित्यले गर्दछ । त्यसैले समाजशास्त्र र साहित्य भिन्न अर्थको सापेक्षतालाई बुझाउने शब्द हुन् (प्रधान, २०६९ : ३९) । त्यसैले समाज र साहित्य बिचको सम्बन्धको अध्ययन गर्ने शास्त्रलाई साहित्यको समाजशास्त्र भनिन्छ ।

समाज र संस्कृतिको उत्पत्ति विकास आदिको विवेचना गरिएको शास्त्रलाई समाजशास्त्र भनिन्छ । समाजशास्त्रले मानविय समाजको अध्ययन मात्र गर्दछ यसले अनिवार्य रूपमा समाजमा अवस्थित मान्छेको वैज्ञानिक, वस्तुगत अध्ययनका साथै सामाजिक संरचना, संस्था र प्रक्रियाको अध्ययन गर्ने गर्दछ (जैन, १९९२ : १) । मानिसको समाजसितको सहचार्य समाज विकासमा मानिसको सम्बन्धले सिर्जना गरेका परिणति एवं त्यसबाट विकास भएको समाज विकास प्रक्रियाका सम्पूर्ण शाखाहरूको समन्वय गरी त्यसको अध्ययन अनुसन्धान समाज समाजशास्त्रले गर्दछ भने समाजशास्त्रको यिनै विषयवस्तुहरूका अन्वयद्वारा गरिने वैज्ञानिक अध्ययन पद्धति साहित्यको समाजशास्त्र हो (क्षेत्री, २०६४ : १५) ।

साहित्यको समाजशास्त्रीय चिन्तनको विकास उन्नाइसौं शताब्दीको हो । यो शब्द कुद्ने कार्यको श्रेय अगष्ट कम्तेलाई छ । उनीलगायत यसका प्रवर्तकहरूमा मदाम द स्तल, हिगेल, सेन्टसाइमन, हर्वट स्पेन्सर, इमाइल दुरखीम, मैक्स वेवर आदि पर्दछन् (प्रधान, २०६९ : ३९) । तर साहित्य र समाज बिचको वास्तविक सम्बन्धको वैज्ञानिक, व्यवस्थित विवेचना गरी सैद्धान्तिक पूर्वधारको तयार गर्ने श्रेय साहित्यको समाजशास्त्रीय समीक्षात्मक अध्ययनका चिन्तक फ्रान्सेली समालोचक हिपोलाई तेनलाई जान्छ । तेनले हिष्ट्री अफ इङ्गिलस लिटरेचर (१९५६) नामक कृतिमा साहित्यको समालोचना क्षण, जाति र पर्यावरणका आधारमा समीक्षा हुन सक्ने दृष्टिकोण प्रस्तुत गरेका छन् (सुवेदी, २०६९ : ४६) । त्यसैले तेन साहित्यको समाजशास्त्रीय अध्ययन सिद्धान्तका संस्थापक हुन् ।

साहित्य सिर्जनाको बीज वा कच्चा पदार्थ समाजबाट प्राप्त हुन्छ । त्यसैले साहित्य विनाको समाज परिकल्पना गर्न सकिएला तर समाज विनाको साहित्यको परिकल्पना गर्न सकिदैन । त्यसैले साहित्य र समाज मूलरूपमा मानवसित सम्बन्धित हुन्छ ।

## २.२ साहित्य र समाज

समाज भन्नाले मानविय सम्बन्धहरूको जालो हो । मानविय सम्बन्ध बिचको अन्तरक्रिया अन्तर सम्बन्धको व्यवहारबाट उत्पन्न हुने भाषा, धर्म, मूल्य मान्यता, परम्परा र संस्कार आदिलाई संस्कृति भनिन्छ । साहित्य सिर्जना गर्ने सर्जक यिनै समाज र संस्कृतिबाट हुर्किएको हुन्छ । साहित्य व्यक्तिको चिन्तन नभई समग्र समाजको परिणति हो । त्यसैले साहित्य सिर्जना गर्ने क्रममा सर्जकले आफू बाँचेको परिवेशलाई कलाको माध्यमबाट प्रस्तुत गर्ने गर्दछ । त्यसैले साहित्य एक कलाले भरिएको संस्था हो । यसले आफ्नो छुट्टै इतिहासको निर्माण गरेको हुन्छ । साहित्य सिर्जनाको प्रमुख तत्त्व समाज हो । शुन्यताबाट साहित्य सिर्जना हुन सक्दैन । अन्तत जीवन भोगाइको अनुभव र अनुभूतिको साथै सर्जकको कल्पना मिश्रीत अभिव्यक्ति साहित्य हो । साहित्य र समाज बिचको सम्बन्ध इतिहाससँगै बदलिरहन्छ । त्यसैले साहित्य समाजको दस्तावेज हो ।

समाज र समाजसँगको मानिसको सम्बन्ध सामाजिक क्रियाकलाप अन्तर्गतका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक सम्बन्धको बिचमा वैज्ञानिक तथा वस्तुगत अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ । समाज र साहित्यको सम्बन्धबारे व्यवस्थित र सैद्धान्तिक रूपको अध्ययन गर्ने कार्य फ्रान्सका विचारक हिपोलाई तेन बाटै प्रारम्भ भएको हो भन्ने मत स्कारपिटको रहेको छ । यिनको अङ्ग्रेजी साहित्यका इतिहास (१९०६) नामक ग्रन्थबाट साहित्यको समाजशास्त्रीय अध्ययन अन्तर्गत समाजपरक अध्ययनको प्रारम्भ भएको हो (क्षेत्री, २०६४ : १७) ।

साहित्यले समाजको मानव जीवन र वातावरणको प्रतिबिम्बन गर्दछ । साहित्य समाजका विभिन्न समय र परिवेशमा मान्छेले जीवन भोग्दा तयार हुने कच्चा पदार्थको सामग्रीको चयन, संयोजन र कलात्मक परिमार्जनबाट निर्माण हुने रचनात्मक प्रतिफल हो (सुवेदी, २०६९ : ४५) । मानिसको सामाजिक स्वरूपको व्याख्या विवेचना एवम् आन्तरिक अवस्थाको प्रतिबिम्ब साहित्यिक कृतिमा समाविष्ट हुन्छ । साहित्यले आफ्नो जातीय मान मर्यादा, धर्म, संस्कृति आदिलाई उल्लंघन गर्न सक्दैन । त्यसैले व्यक्तिलाई सामाजिक बन्न दिने तत्त्व भनेको साहित्य हो । साहित्यमा मानिसको सौन्दर्यात्मक रुचि र कलात्मक चेतना वृद्धि गर्ने क्षमता विद्यमान हुन्छ (लम्साल, २०५८ : १४) ।

मानविय सम्बन्धको जालो भित्र भाषा, धर्म, प्रथा, परम्परा, रितीरिवाज, भेषभूषा, आदिको समष्टिगत रूपमा विकसित भएको हुन्छ । यहि जालोभित्र एउटा सर्जकको जन्म भई वृद्धि भएको हुन्छ । त्यसैले साहित्य सिर्जनाका क्रममा सर्जकले जीवन भोगाइका क्रममा भोगेका अनुभव र अनुभूतिलाई कल्पनाद्वारा सिर्जित कृतिको रूपमा प्रकट गर्नु नै साहित्यको सिर्जना गर्नु हो । त्यसैले साहित्यकार समाजको आलोचक हो । साहित्यको समाजशास्त्रले मानिसको मनोरचना समाजको विशेष यथार्थ घट्ना, जीवन चार्य रीतिरिवाज जस्ता विषयको सामाजिक यथार्थसित सम्बद्ध बनाएर विवेचना गर्दछ (पाण्डेय, १९८९ : ६) ।

साहित्यकारले वास्तविक समाजलाई साहित्यिक समाज भित्र प्रयुत्त : गरी सुन्दर, स्वच्छ, भयरहित दुर्गन्ध विहिन शोषण रहित समतामूलक समाजको परिकल्पना साहित्यमा प्रकट गरेको हुन्छ । त्यसैले साहित्य समाज, देश र कलासँग सम्बन्धित सांस्कृतिक पर्यावरणको प्रतिच्छायात्मक

पुन निर्माण हो । यस तात्पर्यमा साहित्यमा समाज प्रतिबिम्बित हुन्छ । साहित्यका माध्यमबाट समाजको अध्ययन र निरूपण गर्न सकिन्छ (क्षेत्री, २०६४ : १५) । समाज र यसका संरचनाको सैद्धान्तिक अध्ययन गर्ने विधा अथवा मानव समाज र संस्कृतिको उत्पत्ति, विकास आदिको विवेचना गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ । समाजशास्त्रले मानिसको मात्र अध्ययन गर्ने गर्दछ । तसर्थ यसले अनिवार्य रूपमा समाजमा मान्छेको वैज्ञानिक तथा वस्तुगत अध्ययन गर्नको साथै सामाजिक संस्था र प्रक्रियाको अध्ययन पनि गर्दछ (जैन, सन् १९९२ : ९१) । साहित्यिक परिधिमा समाज प्रवेश गरेको समाजको अङ्गिक संरचना जस्तै समाजको उत्पत्ति इतिहास र निर्माणको शृङ्खलामा आउने विशिष्ट क्रियाकलापका सन्दर्भमा साहित्य र समाजको दोहोरो सम्बन्धको वैज्ञानिक अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने विधि नै साहित्यको समाजशास्त्र हो ।

कलाकारको कलाले भरिएको संस्था साहित्य हो । जहाँ यथार्थ समाज र काल्पनिक समाजको माध्यमबाट लेखकले साहित्य सिर्जना गर्ने कार्य गर्दछ भने पाठक र समालोचकले वास्तविक साहित्यको आस्वादन गर्ने गर्दछ । लेखक समाजको आलोचक हो त्यसैले साहित्यमा छुट्टै इतिहासको निर्माण गर्ने कार्य गर्दछ । साहित्य र समाज बिचको सम्बन्ध इतिहाससँगै बदलिन्छ । त्यसैले एक युगको साहित्य र अर्को युगको साहित्यमा फरक हुन्छ ।

विज्ञान र कलाको माध्यमबाट समाजमा परिवर्तन आइरहन्छ । जसको परिणाम स्वरूप कलाकारको जीवन भोगाईमा भौतिक परिवर्तन हुन्छ । समाजको संरचना अनुसार युगपिच्छे सहित्यिक सृजनाको स्थिति भिन्न भिन्न रहन्छ । जुन युगमा जुन प्रकारको मानव सभ्यता रह्यो त्यहि प्रकारको साहित्य सिर्जना भएको देखिन्छ । तसर्थ समाज र जीवनका बारेमा नयाँ चिन्तन प्रकट गर्नु युगानुकूल साहित्य सिर्जना गर्नु कलाकारको धर्म हो ।

साहित्य समाजको दर्पण हो । जसरी ऐनामा हेर्दा अनुहार देख्न सकिन्छ त्यसैगरी साहित्यभित्र समाजको स्वरूप पाउन सकिन्छ । साहित्यको परिधिमा प्रवेश पाएको समाजको आङ्गिक संरचना जस्तै समाजको उत्पत्तिको इतिहास र निर्माणको शृङ्खलामा आउने विशिष्ट क्रियाकलापको सन्दर्भमा साहित्य र समाजको दोहोरो सम्बन्धको वैज्ञानिक अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने विधि नै साहित्यको समाजशास्त्र हो ।

## २.३ साहित्य र उपन्यास

गद्यशैलीमा लेखिने आख्यानात्मक कृति उपन्यास हो । जीवन र जगतको बारेमा सर्जकले शब्द र कल्पनाको माध्यमबाट सिर्जना गर्ने गर्दछ । यसरी उपन्यासले वैयक्तिक तथा सामाजिक जन जीवनको सूक्ष्म अध्ययन गरेको हुन्छ । उपन्यास लेखनको सन्दर्भमा काल्पनिक चरित्रको माध्यमबाट यथार्थ घट्नालाई व्यवस्थित तरिकाले समाजको सत्य तथ्य रूप प्रस्तुत गर्दछ । मानिसले युगौंदेखि संघर्ष गरेका अनुभवलाई उपन्यासमा अभिव्यक्त गरेको हुन्छ । उपन्यासमा साना-साना परिवेश भित्र वृहत संसार अटाएको हुन्छ । समाजमा घट्ने र घट्न सक्ने साना भन्दा साना घट्नालाई उपन्यासकारले आफ्नो उपन्यासमा सूक्ष्म तरिकाले नीरिक्षण र विश्लेषण गर्दछ । उपन्यासमा पात्र र पात्रको मनोस्थिति अनुरूप समेटी वृहद जनजीवनको रहस्योदघाटन गरिएको हुन्छ । यसरी उपन्यासमा मूल आख्यानलाई अघि बढाउनु पात्रको उपस्थितिका आधारमा

विषयवस्तु फैलने र साँघुरिने गर्दछ । त्यसैले औपन्यासिक कलाले कथानक, चरित्र, वातावरण र विचार तत्त्वलाई एकैसाथ अघि बढाइएको हुन्छ ।

साहित्य समाजका विभिन्न समय र परिवेशमा मान्छेले जीवन भोग्दा तयार हुने कच्चा सामग्रीको चयन संयोजन र कलात्मक परिमार्जनबाट निर्माण हुने रचनात्मक प्रतिफल हो । समाजशास्त्रीय अध्ययनले साहित्यमा प्रयोग भएका विषय परिवेश क्षण र पात्रहरूको स्वभाव विशेषता बसोबास आदिको अवलोकन गर्दछ । साहित्यमा प्रयोग भएका काल्पनिक पात्रहरू कुन समाजका हुन भन्ने विषयको खोजी गरेर साहित्य सिर्जना भएको समाजमा कुन जातिहरू छन् । भन्ने कुरा थाहा पाउन सकिन्छ । लेखक बाँचेको र साहित्यमा व्यक्त भएको युग वातावरणलाई साहित्यिक कृतिमा मूलभूत घट्नाहरू भित्र खोजी गर्छ (लम्साल, २०६८ : ४६) ।

साहित्यका विभिन्न विधा मध्ये उपन्यास सबैभन्दा लोकप्रिय विधाको रूपमा रहेको छ । उपन्यासलाई आधुनिक गद्य महाकाव्य भनेर पनि चिनिन्छ । यसमा जीवनको सम्पूर्णतालाई समेटिएको हुन्छ । उपन्यासमा पात्रको उपस्थितिको आधारमा विषयवस्तुको गहनता अडिएको हुन्छ । आख्यानको गुणबाट औपचारिक गुण र कथानकगत अन्वितीलाई आत्मसाथ गर्दै श्रष्टाले औपचारिक कलाको माध्यमबाट कथानक, चरित्र, वातावरण र विचार तत्त्वको सिलसिलेवर रूपमा प्रस्तुत गरेको हुन्छ । यसरी उपन्यासमा प्रमुख पात्रमा केन्द्रित रही परम्परिक मूल्य मान्यताको खोजी गर्ने हरप्रकारले कोसिसरत हुन्छ । पाठक एवं समाजबाट भिन्न दृष्टिबाट हेरिन्छ । आधारहिन मानविय मूल्यको खोजिमा लागेको मुख्य पात्र उसले भोगेको कष्ट र उसका प्रयात्न आदिको समष्टिबाट उपन्यासको विषयवस्तु तयार हुन्छ (जैन, १९९२ : ६४) । उपन्यासमा पात्रले गरेका क्रियाकलापबाट समष्टिगत समाज र विश्व जीवनलाई बुझाएको हुन्छ । उपन्यासमा प्राचिन र अध्यात्मिक समाज, सांस्कृतिक समाज, सांस्कृतिक र ऐतिहासिक समाज आदिको स्थान पाएको हुन्छ (सुवेदी, २०६४ : ३२) ।

उपन्यास जीवनको आन्तरिक र बाह्य संरचनाको वास्तविकता तर कलात्मक अभिव्यक्ति हो । यसले स्वतन्त्रता, समानता समाज र जीवनको व्यापकतालाई उठान गराएको हुन्छ । त्यसैले समाजको संरचना के कस्तो अवस्थामा रहेको छ । सुधारको दृष्टि र मूल्य मान्यतामा कुन स्वरूप आएको छ त्यसको लेखाजोखा उपन्यासको विश्लेषणबाट मात्र थाहा हुन्छ (वराल, २०६४ : १४४) । साहित्यको सृजना, मानवसमुदायको क्रियाकलाप वा मानव समुदायका विकासका लागि लेखिएको कला हो । यसले समाज र साहित्यको बिचमा बिम्ब प्रतिबिम्बको सम्बन्ध राख्दछ ( पाण्डय, २००६ : २८) ।

विश्व साहित्यमा उपन्यास लेखनको प्रारम्भ आधुनिक युगको जागरणको क्रममा भएको मानिन्छ । मान्छेको विकासक्रममा आदिम साम्यवादी युग, दास युग, हुँदै औद्योगिक युगको सुरुवातसँगै पुँजीपति वर्ग र श्रमिक वर्गको बिचमा भएको संघर्षबाट उपन्यास लेखनको थालनी भएको मानिन्छ । वर्तमानमा आइपुग्दा उपन्यास विधाले विविध आरोह अवरोह पार गर्दै महाकाव्यको हाराहारीमा स्थान ओगट्न सफल भएको छ । त्यसैले उपन्यासलाई आधुनिक गद्य महाकाव्य भनिन्छ । यो कुरा नेपालको सन्दर्भमा पनि लागु हुन्छ । नेपाली समाजमा सामाजिक

परिवर्तनका सैद्धान्तिक तथा व्यवहारिक विकास क्रमको थालनीसँगै नेपाली साहित्यमा उपन्यास लेखनको थालनी भएको कुरा उपन्यासको इतिहासले प्रस्ट पार्दछ ।

समाजका सामुहिक क्रियाकलाप व्यवहार सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षको उदाङ्गो रूपमा उपन्यासले प्रकटिकरण गरेको हुन्छ । मानिसको व्यवहार स्वरूप भन्दा पनि उसभित्र रहेको इच्छा, अभिलासा कुण्ठा आदिको चित्रण गर्ने काम उपन्यासमा भएको हुन्छ । साहित्यको स्वरूप समाजले निर्धारण गर्छ भने समाजको स्वरूप साहित्यले निर्धारण गरेको हुन्छ । त्यसैले साहित्यिक कृतिमा मानिसको सामाजिक स्वरूपको प्रतिबिम्ब उत्तारिएको हुन्छ । अन्तत समाजको आर्थिक सामाजिक संरचना, वर्गहरू बिचको अन्तर विरोध, उत्पादन शत्ति : तथा उत्पादन सम्बन्ध बिचको स्थिति लेखकको विश्वदृष्टिकोण समाजको सौन्दर्यात्मक अवस्था तथा पाठकको सौन्दर्य बोधात्मकताको मोठ रूप नै कला कृतिको सिर्जनाको प्रमुख आधार हो (वराल, २०६४ : २४५) । शोषण अनैतिकता, उत्पीडनद्वारा गरिएको संसारको सच्चा र प्राथमिक मूल्यको खोज गर्ने काम उपन्यासले गर्दछ । नभन्दै त्यस्ता चरित्र, अन्याय, विकृति दुराचार भ्रष्टाचार शोषण आदिको प्रतिबिम्बनद्वारा जुन गीरेको समाजको स्वरूप दिग्दर्शित हुन्छ । त्यसैले स्विंगवुडको अनुसार 'मानवताको वास्तविक मूल्य र पुँजीवादी सभ्यताको रुष्ट मूल्यहरू माभ : सङ्घर्षको कथा नै उपन्यासको विकास हो (उपन्यासका समाजशास्त्र कु समस्याएँ, पृ. ११० उद्धृ. प्रधान, २०६९ : ४१) ।

उपन्यासमा जीवन जगतको समग्रता पाउन सकिन्छ । यसले मानिसलाई सुखी र समृद्धि बनाउनको सट्टा कुण्ठित र पीडित रूपमा प्रस्तुत गरी सङ्घर्ष गर्न अभिप्रेरित गर्दछ । प्रमुख पात्रको माध्यमबाट वर्तमानका असन्तुष्टि प्रति तिखो आलोचनाको स्वार प्रकट गरी विश्व मानवका गम्भीर समस्याको खोजी गरी समाधान गर्ने प्रयास गरिएको हुन्छ । उपन्यासमा पात्रको माध्यमबाट शब्दजालले परिष्कृत गरी नविनतम खोज अनुसन्धान अन्वेषण तथा विचारहरू अभिव्यक्त गर्दछ ।

## २.४ प्रत्यक्षवादी वा विधेयवादी

साहित्य समाजको दस्तावेजको रूपमा स्वीकार गर्ने साहित्यको सिद्धान्त प्रत्यक्षवाद हो । यसलाई दर्पणवादी सिद्धान्त पनि भनिन्छ । तेनले साहित्यलाई ऐनासँग तुलना गर्दै युगसत्य अभिव्यक्त हुने माध्यम मानेका छन् । उपन्यास यस्तो ऐना हो जसलाई जतापनि लैजान सकिन्छ । एवं जसद्वारा जीवन तथा प्रकृतिका सबै पक्षलाई प्रतिबिम्बित गर्ने सबैभन्दा बढी सुविधाजनक छ ( बराल, २०६४ : ६६) । यसरी मान्छेको अनुहार ऐनामा देखिए जस्तै समाजको बिम्ब साहित्यमा देखिनु दर्पणबाद हो । यसलाई प्रत्यक्षबाद वा विधेयवाद भनिन्छ । साहित्य समाजको दर्पण हो भन्नुको अर्थ साहित्यको समाजशास्त्रको मूलमान्यता हो । त्यसैले तेनले साहित्य सम्बन्धी समाजशास्त्रीय सिद्धान्त प्रत्यक्षवादमा आधारित छ यसलाई दार्शनिक शब्दावलीमा विधेयवादी समाजशास्त्रीय साहित्यिक चिन्तन पनि भनिन्छ (बराल, २०६७ : १०१) । वधेयवादी साहित्यको प्रमुख लक्ष्य भनेको कृति र समाज बिचको तुलनात्मक विवेचना गर्नु हो ।

कार्यकरण सम्बन्धको खोज अनुसन्धान एवं विश्लेषण गर्ने समाजशास्त्रलाई विधेयवादी सिद्धान्त भनिन्छ । साहित्यकार केवल वस्तु तथ्यको यथार्थ चित्रण मात्र गर्दैन यथार्थको तथ्यात्मकताबाट अघि बढ्छ र मानविय यथार्थताको पनि चित्रण गर्दछ । मानविय यथार्थताको चित्रण गर्दा साहित्यकारले आफ्नो विचार तथा अनुभूति प्रकट गर्न शब्दको माध्यम बनाई कल्पनाको प्रयोग गर्दछ । "साहित्यिक रचना कल्पनाको वैयक्तिक क्रिडा होइन, कुनै उत्तेजित मानसिकताको अलग रूपमा भड्किएको तरङ्ग पनि होइन बरु त्यो समसामयिक आवरणको प्रतिलिपि हो । जसलाई हामी एक विशेष प्रकारको मानसिक अभिव्यक्ति भन्न सक्दछौ" (जैन, १९९२ : २०) । त्यसैले साहित्य सर्जकको कल्पना र समसामयिक समाजबिचको अभिव्यक्ति हो ।

साहित्य समाजको दर्पण हो । जसरी ऐनामा मानिसको अनुहार स्पष्ट देखिन्छ । त्यसैगरी सिङ्गो समाज साहित्य भित्र पाउन सकिन्छ भन्ने मान्यता तेनको रहेको छ । त्यसैले तेन दर्पणबादी सिद्धान्तका प्रमुख स्रष्टा हुन् । यस मान्यतामा साहित्यलाई क्षण, जाति र पर्यावरणको परिप्रेक्षमा हेरिनु पर्ने उनको मान्यता रहेको छ । हुनत तेन भन्दा अगावै फ्रान्सेली मेड्य स्हेलले अठारौं शताब्दीमा उपन्यासको बारेमा निम्न भनाइ व्यक्त गरेकी छिन् उपन्यास राजमार्गमा गुडिरहेको गाडीको ऐना हो जो कहिले निलो खुला आकाश र कहिले पानीको प्रवाह गराउने कालो बादल देखाउँदै गुड्छ (जैन, १९९२ : ३) । यस्तै तेनले उपन्यासको चर्चा गर्ने क्रममा उपन्यास एउटा यस्तो ऐना हो जसलाई जतापनि लैजान सकिन्छ एवं जसद्वारा जीवन तथा प्राकृतिका सबै पक्षलाई प्रतिबिम्बन गर्ने सबै भन्दा बढी सुविधाजनक छ भनेका छन् (बराल, २०६४ : ६६) । यसरी साहित्यको विधेयवादी सिद्धान्तको वैज्ञानिक र वस्तु निष्ठा तवरले सैद्धान्तिक रूपको प्रतिपादन गर्ने काम तेनबाटै भएको हो भन्न सकिन्छ ।

तेनको युगलाई नै प्रत्यक्षवादी युग भनिन्छ । "कुनै समयमा समाजलाई साहित्य सिर्जना गर्ने शक्तिका रूपमा र साहित्यलाई समाजका दर्पणका रूपमा हेरिन्थ्यो" (पाण्डेय, १९८९ : १९) । यसरी मैनेजर पाण्डेको विचारमा हिपोलाई तेनले 'साहित्यलाई नै समाजका बारेमा थाहा पाउने मूल श्रोत मानेका छन्' (दाहाल ०५८ : २९) । कुनै समाजले भोगेको जीवन शैलीलाई आधार मानेर त्यस समाजमा लेखिएका साहित्यिक कृतिका पात्रको जीवन शैली आदिको सम्परिक्षण गर्दा कार्यकरणको शुत्र सार्थक हुने विश्वास फ्रान्सेली दार्शनिक लुइस दा वोनाल्ड (सन् १७५४-१८४०) रहेको छ (खेमनाथ दाहाल, २०५८ : ३०) । यस सिद्धान्तलाई दर्पणवादी सिद्धान्त भनिन्छ ।

तेनले साहित्यलाई समाजको दस्तावेजको रूपमा लिदै समाजमा जाति, साहित्य रचनाका युग र तत्कालको परिवेशको समेत खोजी गरेर वस्तु निष्ठा अध्ययनको प्रयास गरेका छन् । यसकारण तेनबाट नै प्रत्यक्षवादी वा विधेयवादी सिद्धान्तको स्थापना भएको हो । उनीबाट प्रतिपादित साहित्यको समाजशास्त्रीय सिद्धान्तको सबै भन्दा पहिले विकसित भएको आधार प्रत्यक्षवाद हो (दाहाल, २०६८ : ३२) ।

साहित्यमा सामाजिक घट्ना र तथ्यको संकलन गरी प्रकटिकरण गरिने हुनाले कला साहित्य भित्र सामाजिक घट्ना र तथ्यको बिच कार्यकरण सम्बन्ध हुने गर्दछ । यसरी साहत्यिको दर्पणवादी सिद्धान्त अन्तर्गत युग, जाति र पर्यावरणको अध्ययनलाई साहित्य अध्ययनको वैज्ञानिक

एवं वस्तु निष्ठा तवणले हेरिनु पर्ने उनको मान्यता छ । तेनको क्षण र पर्यावरण सम्बन्धी अवधारणको सम्बन्धको जर्मन क्रान्तिकारी विचारक कार्लमाक्स (Kalmax, 1818-1883) र वारमेन (जर्मनी) का फ्रेडरिक एङ्गेल्स (१८२०-५) विचारसित जोडिएका छन् (दाहाल, २०५८ : ३३) ।

तेन कृति भित्रका तथ्य वटुल्ने र ती तथ्यको उत्पत्तिको कारण खोज्ने इतिहासकार एवं दार्शनिक हुन । उनले साहित्यिक कृति भित्र पनि विद्येयवादी चिन्तन अन्तर्गत क्षण, जाति र पर्यावरणको तथ्यसँगको खोजी गर्ने गर्दछ । साहित्य सिर्जना गर्दा स्रष्टाले आफू बाचेको युगको अनुभव र अनुभूति कृतिभित्र समावेश गरेका हुन्छन् । अन्तत अनुभववादीहरू कृतिको प्रकाशन विवरण पाठक प्रतिक्रिया एवं लेखकको पेशा अध्ययन गर्ने गर्दछ । उत्तर संरचनावादीहरू लेखकको मृत्यु भइसकेको घोषण गर्दै कृतिको मात्र अध्ययन गर्दछ । यस्तो अवस्थामा तेन साहित्यको दर्पणवादी सिद्धान्त अन्तर्गत स्रष्टा प्रति सम्मानको धारणा प्रस्तुत गर्ने गर्दछ ।

## २.५ क्षण/युग

साहित्यको समाजशास्त्रको अध्ययन गर्ने आधार मध्ये क्षण तथा युगलाई हेरिनु पर्ने तेनको धारणा रहेको छ । उनले साहित्यलाई दर्पणसँग तुलना गरेर साहित्य निश्चित युगको सत्यलाई अभिव्यक्त गर्ने माध्यम हो भनेका छन् । "साहित्यकार तथा कलाकारले भोगेका तथा बाँचेको युगको प्रतिबिम्ब साहित्यमा अभिव्यक्त हुन्छ । साहित्यको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समाजका मानिसहरूको अवस्थाबारे बोध हुन्छ" (तेन, सन् १९०६ : ३१६ उद्धृ. वि.सं. २०६४ : २३) । अन्ततः साहित्यकार आफ्नो युगको विषयमा सचेत भई साहित्यको सिर्जना गर्ने गर्दछ । साहित्यकारले आफ्नो कृतिमा व्यत्त : गरेको युगलाई एउटा विशेष स्मरणीय समयका रूपमा परिभाषित गरेका छन् (स्विङ्गउड, सन् १९७२ : ३५) । त्यसैले साहित्यको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युगको मानिसहरूको अवस्था बारे बुझ्न सकिन्छ । साहित्यको माध्यमबाट त्यसको रचनाकाल वा त्यसले चित्रित गरेको समयको मान्छेको रूप, विचारको गति र जीवनको अवस्थाबारे बोध हुन्छ । त्यसैले कृतिमा कृतिको युग, कृतिकार एवम् कृतिमा चित्रित युगका जातिको मूल मनोविज्ञान पनि अभिव्यक्त हुन्छ (पाण्डेय, सन् २००६ : १२८) । यस भनाइले युग एवम् जाति सम्बन्धी धारणालाई स्पष्ट गर्छ । तेनल क्षणलाई विशेष गरी काल युग र युगविशेष चेतनाको रूपमा प्रयोग गरेको पाइन्छ (जैन, सन् १९९२ : २२) ।

साहित्यमा साहित्यकार तथा स्रष्टाले भोगेको युगको प्रतिबिम्ब हुन्छ । तेनले साहित्यलाई ऐनासँग तुलना गरेर साहित्यलाई निश्चित युगको सत्यलाई अभिव्यक्ति गर्ने माध्यम मानेका छन् ( क्षेत्री, वि.सं. २०६४ : ३९) । तेनका अनुसार एउटा युगमा एउटा प्रधान विचार बौद्धिक साँचोको रूपमा रहेको हुन्छ । त्यसले सबै समाजको चिन्तन तथा व्यवहारलाई प्रभावित बनाई जीवनका सबै क्षेत्रमा फैलिएको हुन्छ । लामो समयको अन्तरालमा यस्तो विचारको विस्तारै ह्रास हुँदै जाने र पुन अर्को नयाँ विचार प्रधान विचारको रूपमा सिर्जना हुन पुग्दछ (पाण्डेय, सन् २००६ : १२५) । गतिशील समयको कारण युग परिवर्तन भइरहन्छ । युग परिवर्तनसँगै नयाँ विचारको क्रमश : विकास भइरहन्छ । त्यसैले साहित्यकारले साहित्य सिर्जना गर्दा आफू बाँचेको युग साहित्यमा

अभिव्यक्त गरेको हुन्छ । तसर्थ साहित्यको अध्ययनबाट त्यसको रचनाकाल वा साहित्यले अभिव्यक्त गरेको युगका मानिसहरूको अवस्थाबारे बुझ्न सकिन्छ ।

साहित्यकार वा कलाकारको जीवन भोगाइको क्रममा निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले चेतनामा प्रभावित पारेको हुन्छ । ती सामाजिक घटना तथा परिस्थितिले स्रष्टालाई साहित्य सिर्जना गर्नमा उत्प्रेरक कार्यको भूमिका खेल्ने गर्दछ । साहित्यिक कृतिमा महत्त्वपूर्ण प्रभावहरूलाई सशक्त रूपले अभिव्यक्त गरेर साहित्यकारले आफ्नो कृतिको स्थान उच्च बनाउने गर्दछ । "प्राचिन युगको ग्रिसेली साहित्यमा त्रासदीस क्षणको अभिव्यक्तिमा त्यस समाजको ग्रीसको युग र परिस्थितिको सङ्केत मिल्दछ । त्यसरी नै मध्य युगको साहित्यमा वीरता र साहसिक कार्य अनि आधुनिक युगको साहित्यमा वैज्ञानिक तर्क र वर्तमान युगको प्रतिबिम्ब पाइन्छ" (सिङ्गउड, सन् १९७२ : ३५ उद्धृ. लम्साल, २०६८ : २२) । यसरी साहित्यकारले साहित्यिक कृतिमा आफू बाँचेको युगको मान्छे र राष्ट्रको वास्तविकता पहिचान गराउँदछ । त्यसैले साहित्यलाई समय तथा युगको प्रतिबिम्ब भनिन्छ ।

साहित्यमा समय तथा युगको बोध साहित्यिक कृतिले गर्ने र साहित्यको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजी समाजशास्त्रीय अध्ययनको प्रमुख विषय बन्नु पुगेको धारणा तेनको रहेको छ । सोही आधारमा कृतिको समाजपरक अध्ययनको निम्ति क्षणको अध्ययन गर्न अनिवार्य गरेको छ ।

## २.६ जाति

तेनले साहित्यको समाजशास्त्रीय अध्ययनको आधारमा जातिलाई विशेष महत्त्व दिएका छन् । साहित्य सिर्जनाको पूर्वाधार समाज हो । समाज मानवजाति अन्तर्गतको विभिन्न जातिहरू बसोबास गर्ने स्थल हो । तेनको मतमा "साहित्य समाजका जातिहरूको पद्चिन्हको आधार हो । साहित्य लेखन एउटा व्यक्तिको काल्पनिक उपज होइन र यो समाजका जातिको प्रभावबाट पृथक रहन सक्दैन । उनको विचारमा लेखकको समकालिन समाजको जाति र सिर्जना भएको हुन्छ" ( तेन, सन् १९०६ : ६७ उद्धृ. क्षेत्री, २०६४ : २१) । त्यसैले प्रत्येक साहित्यिक कृति कुनै समयको जातिको छायाँ तथा खोल जस्तो हुन्छ । तेनले जातिलाई वंशाणुगत गुण, शारीरिक वनावट तथा जातजातिका प्रतिभा, स्वभाव एवम् पारस्परिक मानसिकताका रूपमा परिभाषित गरेका छन् (जैन, सन् १९५२ : २२) ।

वंशाणुगत गुण भनेको कुनै जातिमा पहिलेदेखि नै रहेर आएको विशेषता हो । राज एवम् वीर्यको माध्यमबाट त्यो गुण एक पुस्ता हुँदै अर्को पुस्तामा सर्दछ । राज एवम् वीर्यको माध्यमबाट आमा र बाबुका विशेषतालाई बहन गर्ने बंशाणुका कारणबाट नै मानिसहरू विविध आकृति, वर्ण र विशेषताका रहन पुग्दछन् । बंशाणु नै वंश परम्परादेखि शारीरिक एवम् मानसिक संरचनाामा समान विशेषताहरू हुँदै आउँछ (शर्मा, २०६९ : ६५) । त्यस्तै जातिको निर्माण र उनीहरूको चरित्रगत विशेषता जलवायु, बसोबास, माटो र उनीहरूको इतिहासले निर्धारण गर्ने गर्दछ । यसरी जातिबारे व्याख्या गर्न तेनले डार्विनको विकासवादी सिद्धान्तलाई माध्यम बनाएका छन् ।

तेनले वंश परम्परा बाहेक जातिलाई छुट्याउने आधार शारीरिक बनावटलाई मानेका छन् । शारीरिक बनावट भन्नाले मान्छेको उचाई तथा मोटाई अनि आकार प्रकार भन्ने बुझिन्छ । तेनले आर्यहरूको उदाहरण दिँदै एउटा जाति विभिन्न देशमा फैलिएर बसेता पनि ती जातिको मौलिक विशेषता समान रहने कुरा बताएका छन् (पाण्डेय, सन् २००६ : १२४) । तेनको दृष्टिमा सिन्धुघाटीको सभ्यतासँग सम्बन्धित कतिपय आर्यहरूको स्वभाव जाडो भए पनि सधै स्नान गर्ने खालको पाइन्छ । आर्य तथा चिनियाहरू शारीरिक वनावटमा भिन्नता देखिन्छ किन भने चिनियाहरूको सानो नाक, चिम्से आँखा भएका प्राय : होचाकद र अनुहारमा दाह्री जुंगा नभएका हुन्छन् । यसरी मान्छेको शारीरिक संरचना वा वनावटमा अन्तर देखिनमा मानवको वंशाणुगत विशेषता हो (क्षेत्री, वि.सं. २०६४ : २२) ।

एउटा प्रतिभाभित्र आफ्नो वरिपरिका वातावरण संस्कृति, दर्शन तथा इतिहासले त्यस प्रतिभामा समान सोचको विकास गरेको हुन्छ । तेनले अङ्ग्रेजहरू युद्धकौशल तथा औद्योगिक प्रतिभा सम्पन्न भएकाले विश्वभरी आफ्नो व्यापार फैलाउन सफल रहेको कुरा बताउँदै एउटा जातिमा विशेष प्रतिभा हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । त्यस्तै तेनले अङ्ग्रेजी कवि तेनीसनले लेखेको कविताका आधारमा अङ्ग्रेजहरूको स्वभावबारे विश्लेषण गर्ने क्रममा अङ्ग्रेजहरूको विद्रोही चरित्र, प्राकृतिक तथा शारीरिक सुन्दरताप्रतिको मोह, बहुमूल्य गहनाको प्राप्तिबाट आनन्दित हुने स्वभाव, स्वेच्छाचारी जीवनप्रतिको रुचि र मादक पदार्थबाट आनन्दित हुने आदि विशेषता प्रकट भएको कुरा उल्लेख गरेका छन् (ब्राउन, सन् १९५४ : ५९१ उद्धृ. क्षेत्री, २०६४ : २२) ।

एउटा जातिको इतिहासको महान घटनाको विशिष्टता साहित्यको सौन्दर्यानुभूतिमा प्रकट हुन्छ । त्यसैले एउटा जातिभित्रको इतिहासले त्यस प्रतिभामा समान सोचको विकास गरेको हुन्छ । सत्रौं शताब्दीमा फ्रान्समा मोन्तेन, पुनर्जागरणकालीन बेलायतमा सेक्सपियर र जर्मनीमा गेटे आफ्नो युगको समाजको जातिगत चारित्रिक विशेषता हुन् भन्ने मत तेनको रहेको छ (लम्साल, २०६८ : ६१) । यसरी प्रतिभा नै एउटा शक्ति : हो । शिक्षा र ऐतिहासिक घटनाले उनलाई थप ज्ञान आर्जन गर्न सहयोग गर्ने कार्यक्रम गर्दछ । त्यसैले जन्मजात पैदा भएको प्रतिभा नै सिर्जनाको मुख्य कारण हो । तर परिस्थिति र बाह्य वातावरणले मान्छेको प्रतिभाको विकासमा सहयोग पुऱ्याउँदछ (पाण्डेय, २००६ : १२६) ।

तेनका अनुसार समाज, सभ्यता, संस्कृति, कला, दर्शन, साहित्य भाषा इत्यादिको अध्ययन मनुष्य र मनुष्यत्वको अध्ययनका लागि गरिन्छ । "हामी दस्तावेजहरूका अध्ययन मान्छेलाई जान्नको लागि गर्दछौं, जब हामी शास्त्रहरूको ज्ञान र कविताको बोध प्राप्त गर्दछौं, तब हाम्रो उद्देश्य तिनमा निहित मनुस्यको खोज गर्ने हुन्छ" (पाण्डेय, सन् २००६ : १२३) । तेनका अनुसार साहित्यिक कृतिले कृतिकार एवम् कृतिमा प्रस्तुत मनुष्य तर्फ सङ्केत गर्दछ । त्यसैले कृतिको अध्ययनबाट कृतिकार एवम् कृतिमा चित्रित मान्छेको जातिका बारेमा जान्न सकिन्छ ।

## २.७ परिवेश/पर्यावरण

तेनको साहित्यको समाजशास्त्रीय अध्ययनमा क्षण र जाति जतिकै महत्त्वपूर्ण आधार परिवेशलाई लिएका छन् । 'परिवेश' शब्दका पहिलो प्रयोग समाजशास्त्रीय अर्थमा बाल्ज्याकले गरेका हुन् र त्यसबाट तेनले यसलाई अपनाएका हुन् (पाण्डेय, २००६ : १२३) । "तेनको वातावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ" (स्विङगउड, सन् १९७२ : ३३, उद्धृ. लम्साल, २०६८ : २२) । उनी युरोपका सन्दर्भमा भन्दछन् "उत्तर दुःखी छ भने दक्षिण सुखी छ" (स्विङ्गउड, १९७२ : ३३) । "भौगोलिक संख्या तथा प्रकृति प्रतिकुल हुनाले उत्तरको साहित्यमा दुःख, पीडा, कष्ट, अभाव र भोकमरी पाइन्छ र दक्षिणमा भौगोलिक संरचना तथा प्रकृति अनुकुल हुने हुनाले दक्षिणको साहित्यमा शान्ति, सुख र उमङ्ग पाइन्छ । उत्तरको तुलनामा दक्षिणका भूमि सुगम तथा उर्वर हुने भएकोले त्यहाँ खान, लाउन र बस्नको समस्या हुँदैन त्यसैले दक्षिणको साहित्यमा उत्तरको साहित्यको तुलनामा बढी शान्ति, सुख र हर्षोल्लास पाइन्छ । यसरी बाह्य भौगोलिक संरचना एवम् परिवेशले पनि मान्छेको मानसिकतामा प्रभाव पार्दछ जसबाट त्यहाँको साहित्य पनि प्रभावित हुन पुग्दछ भन्ने तेनको आशय हो (शर्मा, वि.सं. २०६८ : ६६) । युनान तथा रोमको विशिष्ट प्राकृतिक वातावरणका कारणले त्यहाँका बासिन्दाहरूको स्वभाव बनेको छ भनि त्यही विशिष्ट स्वभावको अभिव्यक्ति त्यहाँको संस्कृति, कला तथा साहित्यमा भएको छ (तेन, सन् १८६८ : ३१४ उद्धृ. क्षेत्री, वि.सं. २०६४ : २४) । यसरी साहित्यकार बाँचेको तथा उसले चित्रण गरेको भौगोलिक वातावरणको प्रभाव साहित्यमा परेको हुन्छ भन्ने तेनको मत रहेको पाइन्छ ।

तेनले प्राकृतिक पर्यावरणलाई महत्त्व दिए तापनि त्यसमा सामाजिक परिवेशलाई पनि समावेश गरेका छन् । उनी भन्छन् "संसारमा मानिस एक्लै हुँदैन, उसको चारैतिर प्रकृति हुन्छ, समाज हुन्छ । उसका आजीवन प्रवृत्ति तथा जातिगत विशेषताहरू भौतिक सामाजिक परिस्थिति र घटनाहरूबाट प्रभावित हुन्छन्" (पाण्डेय, २००६ : १२५) । उनले प्राकृतिक सामाजिक परिवेश र पात्रको स्वभाव बिचको कार्यकरण सम्बन्ध स्थापित गर्ने कोसिस गरेका छन् । यसरी प्राकृतिक एवम् सामाजिक परिवेशको प्रभाव पात्रमा पर्ने हुँदा परिवेशका पृष्ठभूमिमा पात्रका चारित्रिक विशेषताहरूको विश्लेषण गरी भौगोलिक, सामाजिक तथा राजनीतिक परिवेश थाहा पाउन सकिन्छ । तेनले परिवेश अन्तर्गत हावापानी तथा भूभागलाई महत्त्व दिन्छ र साहित्यको सूक्ष्म विश्लेषण सामाजिक र राजनीतिक परिवेशलाई पनि साहित्यसँग जोड्ने प्रयास गर्दछ (जैन, १९९२ : २५) । साहित्यमा प्राकृतिक, सामाजिक र राजनैतिक प्रभाव पर्दछ ।

साहित्यकारले साहित्य सिर्जना गर्दा प्रत्यक्ष रूपले आफू बाँचेको समाजको प्राकृतिक तथा सामाजिक तत्त्वहरू समाजबाट ग्रहण गर्ने गर्दछन् । त्यसैले समाजमा मान्छे एक्लो हुँदैन उ : प्राकृतिक तथा सामाजिक वातावरणद्वारा चारैतिरबाट घेरिएको हुन्छ । भौगोलिक संरचना र वातावरणले साहित्य सिर्जनामा महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ । यसरी बाहिरी परिवेशले मान्छेको मानसिकतालाई प्रभाव पार्दछ भन्ने तेनको मत रहेको छ । युनान तथा रोमको विशिष्ट प्राकृतिक वातावरणका कारणले त्यहाँको बासिन्दाहरूको स्वभाव बनेको छ अनि त्यही विशिष्ट स्वभावको

अभिव्यक्ति संस्कृति कला तथा साहित्यमा भएको हुन्छ (क्षेत्री, २०६४ : २४) । त्यसैले साहित्यकार बाँचेको समाजको प्राकृतिक तथा सामाजिक प्रभाव साहित्यमा परेको हुन्छ । अन्तत : साहित्यको समाजशास्त्रीय अध्ययन अन्तर्गत परिवेशलाई एक प्रमुख आधारको रूपमा तेनले मानेका छन् ।

## २.८ निष्कर्ष

मानवीय सम्बन्धहरूको जालो भनेको नै समाज हो । मानव र समाज बिचको सम्बन्धबारे अध्ययन गर्ने शास्त्र समाजशास्त्र हो । समाजको सत्य तथ्य घटना वा मानवीय क्रियाकलापको उत्घाटन र समाज बिचको दोहोरो सम्बन्धको खोजी गरी व्याख्या विश्लेषण गर्ने विधि हो । अन्तत साहित्य र समाज एक अर्कामा अन्तरनिहित हुन्छ । साहित्य सिर्जनाको बीज समाजबाट उपलब्ध हुन्छ । समाज अग्रसरताको बाटो खन्ने काम साहित्यले गर्ने गर्दछ त्यसैले साहित्य समाजको दस्तावेज हो ।

साहित्यमा समाज निर्देशित तत्त्वहरू सामाजिक मूल्य मान्यता धर्म, दर्शन, कानुन लगायत राजनीतिक, आर्थिक, सांस्कृतिक आदि विषयवस्तुको समाविष्ट गरिएको हुन्छ । साहित्यको समाजशास्त्र साहित्य र समाज बिचको सम्बन्ध खोजी गर्ने आलोचना शास्त्र हो । साहित्यमा वास्तविक समाज र काल्पनिक समाजको प्रयोग गरिएको हुन्छ । यसरी साहित्य सिर्जना गर्ने क्रममा लेखक बाँचेको युग र वातावरणलाई स्रष्टाले मूलभूत रूपमा कृति भित्र समावेश गरेको हुन्छ । यसरी साहित्य भित्र समावेश गरेको विषय परिवेश, क्षण र पात्रहरूको स्वभाव बसोबास आदिको अध्ययन गर्ने कार्य साहित्यको समाजशास्त्र भित्र हुन्छ ।

साहित्य सिर्जनाको वीज स्रष्टाले समाजबाट ग्रहण गर्ने गर्दछ । आफूले साहित्य सिर्जना गर्नको लागि प्राप्त गरेको कच्चा पदार्थलाई प्रशोधन गर्ने कार्य स्रष्टाले कलामार्फत गर्ने गर्दछ । त्यसैले कृति र समाज बिचको सम्बन्ध दोहोरो हुने गर्दछ । अन्तत साहित्य विनाको समाज परिकल्पना गर्न सकिएला तर समाज विनाको साहित्यको परिकल्पना गर्न सकिदैन त्यसैले साहित्य र समाज मूल रूपमा मानवसित सम्बन्धित छ । अन्तत : साहित्य समाजका विभिन्न समय र परिवेशमा मान्छेले जीवन भोग्दा तयार हुने कच्चा सामग्रीको चयन संयोजन र कलात्मक परिमार्जनबाट निर्माण हुने रचनात्मक प्रतिफल हो । साहित्यमा लेखकको युगबोध, उसले चित्रण गरेको जाति तथा पर्यावरण पाइन्छ त्यसैले साहित्यको समाजशास्त्रीय अध्ययनमा तेनले क्षण, जाति र पर्यावरणको अध्ययन गर्नुपर्ने धारणा सार्वजनिक गरेका छन् । उनले साहित्यको विवेचना गर्दा सामाजिक सन्दर्भमा जोड दिनु पर्ने, स्रष्टाको व्यक्तित्वलाई महत्त्व दिनु पर्ने र रचनामा सामाजिक सत्यको खोज गर्नु पर्ने कुरा औल्याएका छन् । त्यसैले कृतिमा प्रयुक्त : क्षण, जाति र पर्यावरणको अध्ययनबाट वास्तविक समाजको अध्ययन सम्भव हुन्छ भन्ने तेनको मत रहेको छ ।

# तेस्रो परिच्छेद

# एक चिहान उपन्यासमा क्षण/युग

## ३.१ विषय परिचय

साहित्य र समाज बिचको सम्बन्धको अध्ययन गर्ने शास्त्रलाई साहित्यको समाजशास्त्र भनिन्छ । त्यसैले **एक चिहान** उपन्यासको समाजशास्त्रीय अध्ययन गर्ने क्रममा तेनले स्थापना गरेको त्रितत्त्व क्षण, जाति र पर्यावरणलाई सैद्धान्तिक पर्याधार मानी उपन्यासको अध्ययन र विश्लेषण गरिएको छ । उक्त त्रितत्त्व मध्ये यस परिच्छेदमा **एक चिहान** उपन्पयासको क्षण सम्बन्धी अध्ययन र विश्लेषण गरिएको छ । क्षण भन्नाले साहित्यकारले साहित्यमा अभिव्यक्त गरेको युगको प्रतिबिम्ब हो । तेनले कलालाई मनुष्यको मानसिकताको उपज मानी साहित्यिक कृतिलाई समाजबाट उत्पन्न हुने उत्पादक र त्यसपछि उत्पादनको परिस्थितिको अध्ययन गर्ने साधन मान्दछन् । उनले साहित्यलाई ऐनासँग तुलना गर्दै युग सत्य अभिव्यक्ति मानी साहित्यमा साहित्यकारले आफू बाँचेको र आफूले भोगेको युगका प्रतिबिम्ब अभिव्यक्त गरेको हुन्छ भनि प्रस्ट पार्दछन् । त्यस्तै एउटा युगमा एउटा प्रधान विचार बौद्धिक साँचोको रूपमा रहने र सम्पूर्ण समाजको चिन्तन र व्यवहारलाई प्रभावित गर्ने गर्दछ । तसर्थ साहित्यको अध्ययनबाट त्यसको रचनाकाल वा साहित्यले अभिव्यक्त गरेको युगको मानिसहरूको अवस्थाबारे बुझ्न सकिन्छ । त्यसैले यहाँ सोही आधारमा **एक चिहान** उपन्यासमा क्षणको पहिचान गरी अध्ययन र विश्लेषण गरिएको छ ।

## ३.२ एक चिहान उपन्यास कृतिको परिचय

हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) नेपाली साहित्य जगतका बहुआयमिक, प्रतिभाशाली र बहुचर्चित व्यक्तित्व हुन् । उनको साहित्य लेखनको प्रमुख विषयवस्तु समाज र सामाजिक जीवनका द्वन्द्वरत पक्षहरूको प्रमुख चासो, चिन्ता र चिन्तन रहेको छ । त्यसैको प्रतिफल स्वरूप **एक चिहान** उपन्यास सिर्जित भएको हो भन्ने कुरामा दुइमत छैन । यस कृति यथार्थवादी विचार धारालाई आत्मासाथ गर्दै साहित्यिक क्षेत्रमा कलम चलाउने हृदयचन्द्रसिंह प्रधानको **एक चिहान** उपन्यास दोस्रो तथा अन्तिम औपन्यासिक कृति हो । सामाजिक, सांस्कृतिक, भौगोलिक तथा वर्गीय असमानता प्रति आक्रोशको भाव प्रकट गरी नेपालको कृषक समस्यासँग सम्बन्धित भई सिर्जित कृति हो । यस उपन्यासले करिव ६ दशक अगाडिको नेपाली समाजलाई विषयवस्तुको रूपमा समेटेको छ । उपन्यासमा समाजका विभिन्न क्षेत्र, वर्ग, लिङ्ग तथा जातजातिभित्र मौलाएर बसेका रूढि, वर्गीय विसङ्गती, शोषण, दमन र उत्पीडनका स्वरहरू प्रकट गरी सामाजिक विषमताको यथार्थ चित्रण गरेको पाइन्छ । **एक चिहान** उपन्यासमा विशेष गरी किसानहरूको खेतीप्रतिको निष्ठा र इमान्दारितालाई सार्थक रूपमा चित्रण गर्ने उद्देश्य प्रकट गरेको देखिन्छ ।

तत्कालीन समाजमा रहेको छुवाछुत, भेदभाव, क्षेत्रीयता, जातीयता, उचनीच, भाषा र संस्कृतिका अनमेल पक्षलाई उपन्यासमा तिव्र निन्दा गरिएको छ । वैवाहिक सम्बन्धमा आफूलाई

कटर ठान्ने काठमाडौँली समाजको नेवार जातिले उपत्यका बाहिरका पहाडी भाग इतर नेवार जाति र तराईमा बस्ने तराई मूलका जाति बिचमा वैवाहिक सम्बन्ध जोड्नु आदि क्रियाकलापले जाति, धर्म, संस्कार आदिका सङ्‌र्किणतामा विष्फोटित र विखण्डित हुन लागेका मुलुकलाई जातीय, धार्मिक र सांस्कृतिक समिकरणको आवश्यकता महशुस गरी राष्ट्रिय एकता कायम गर्न खोजिएको छ । यसरी तत्कालीन समयमा नेवार, पर्वते र मधेशी सामाजिक परिवेशलाई समन्वय गराउने ध्येय यस उपन्यासमा रहेको छ ।

## ३.३ लेखकीय उत्प्रेरक क्षण

जमिनलाई पूजा गर्ने तर जमिनमाथिको स्वामित्व बिहिन गरिब किसान परिवारका केन्द्रीयतामा यस उपन्यासको सिर्जना भएको छ । उपन्यासको क्षणका रूपमा विगतमा निर्मित नेपाली समाजको पुरानो संस्कारमा बाँचेका मान्छेहरू र उनीहरूले गरेका क्रियाकलाप तथा भोगेका अनुभवहरू प्रस्तुत भएको छ । उपन्यासका सुरुवात प्रमुख पात्र अष्टनारान सामन्य रोग लागि गरिबीको कारण समयमै उपचार गराउन नसकी मृत्यु भएबाट शुरु भएको छ । उपन्यासको अन्त्य भने लगातारको वर्षाले विष्णुमतिमा आएको भेलवाढीले शिवनारानको खेतसँगै छाप्रो बगाएर सबैको मृत्यु भएपछि भएको छ । उपन्यासमा तत्कालीन परिवेशका रूपमा नेपाली समाजमा व्यवस्था भएको हुकुमी शासन, जातीय विभेद तथा छुवाछुत प्रथा, अनमेल बिवाह ,बहुविवाह र उच्च ओहदामा रहेका शिक्षित वर्गले निम्न वर्गका अशिक्षित नारीहरूलाई गर्ने गरेको शोषणको अवस्था प्रकट भएको स्थितिको प्रस्तुति छ । यस्तो परिपाटीले सर्जकलाई आक्रोशको भाव पैदा गराउन पुगी उपन्यासको सिर्जना गर्ने कार्यमा उत्प्रेरक भूमिका खेलेको पाइन्छ ।

किसानले साँझ बिहान खेतमै बसी काम गरे तापनि बिहान बेलुका हातमुख जोड्न धौधौ हुने, कडा परिश्रम गरी उब्जाएको अन्न पनि साहुलाई भने जति बुझाउनु पर्ने शिवनारान पात्रका माध्यमबाट प्रस्तुत भएको छ । त्यसैले जमिनमाथि किसानको अधिकार नीतिगत रूपमा नभएको क्षण यहाँ प्रकट भएको छ । नेवारले सामाजिक संस्कार र संस्कृतिको नाममा भोज भतेर गर्दा अत्याधिक रूपमा खर्च हुने गरेको पाइन्छ । गरिब दुःखीले उक्त भोज भतेर गर्नु परे साहुबाटै ऋणलिनु पर्ने र साहुले किसानको मर्का नबुझी सयकडा पच्चिस व्याजदरले कागज गर्ने गरेको पाइन्छ ।सुरमान सुब्बा आफू श्रेष्ठ जातिको, उमेरले ५७ वर्ष पुगेका विदुर भएर पनि भर्खर सत्र वर्ष पुगेकी आफूभन्दा तल्ला जातकी नानीथकुँ ज्यापूलाई मगनी गर्नु र उनले पकाएको भात खाने इच्छा जाहेर गर्नाले तत्कालीन नेपाली समाजमा सामन्त वर्गले निम्न वर्गमाथि राज गर्ने प्रचलन, बहुविवाह र अनमेल विवाह गर्ने व्यवस्था रहनुका साथै जातीय विभेद तथा छुवाछुत प्रथा व्याप्त रहेको नेपाली समाजमा बेथिति निम्त्याएको देखिन्छ । उक्त बेथितिको अन्त्यका लागि स्रष्टाले कृति मार्फत नेपाली जनमानसलाई सचेत तुल्याउन कृतिको सिर्जना गर्ने उत्प्रेरक क्षणको भूमिका खेलेको छ ।

साहित्य जीवन भोगाइको अनुभव, अनुभूति र स्रष्टाको कल्पनाद्वारा शब्दबद्ध सिर्जित कृति हो । साहित्य सिर्जनाको वीज सर्जकले समाजबाट ग्रहण गर्ने गर्दछ भने साहित्य सिर्जनाका लागि स्रष्टाको जीवनकालमा आउने आरोह अवरोहका साथै महत्त्वपूर्ण घटना तथा परिस्थितिले भूमिका

खेल्ने गर्दछ । त्यसैले **एक चिहान** उपन्यासमा प्रमुख पात्र अष्ट नारानको माध्यमबाट प्रधानले आफ्नो जीवनकालको वास्तविकता प्रकटिकरण गरेको पाइन्छ । उनी पाँच वर्षको बाल्यकालदेखि नै रोगसँग मुक्का बिला गर्दागर्दै पछि क्षयरोगले ग्रसित बनी मृत्युबरण गर्न पुगेका थिए । त्यो रोगको पीडा अष्टनारान पात्रको नभएर प्रधानको आफ्नै पीडा उपन्यास भरी छरपष्टिन पुगेको छ । जुन उनको रोग पनि उपन्यास लेखनको उत्प्रेरक क्षण बनेको पाइन्छ । त्यस्तै उपन्यासका प्रमुख पात्र गरिब किसान अष्ट नारानको परिवारको सेरोफेरामा केन्द्रित भई उपन्यास उपन्यासको कथा वस्तुले अघि बढ्ने क्रममा गरिबीका कारण साहुको ऋण तिर्न नसकी आफ्नो जीर्ण भएको घरको मर्मत गर्न नसक्दा लगातारको झरी र भेलवाढीले बगाएर सबैको मृत्यु हुन पुग्छ । यसो हुँदा तत्कालीन समयको नेपाली समाजमा निम्न वर्गका किसान तथा श्रमजीवि वर्गले भोगेको क्षण र समाजका तत्कालीन स्वरूप उपन्यास लेखनमा उत्प्रेरक क्षणको उपस्थित भएको छ ।

लेखकीय उत्प्रेरक क्षणका पुष्टिका लागि केही साक्ष्यहरू तलका उद्धारणमा प्रस्तुत गरिएको छ :

**साक्ष्य १,** "मेरो व्यथा तिमीलाई के थाहा ! यस पाली त म केही गरे पनि निको हुन्न लतमाया ! साक्षात् धन्वन्तरी भगवान् नै आएर औषधी गर्न आए पनि निको हुन्न । रोगको लक्षणले पनि त थाहा हुन्छ, झन् झन् खस्कदै आई रहेको छ । 'सास रहेसम्म आस'' भन्ने एउटा कुरा मात्र बाँकी छ" (पृ. २) ।

माथिको साक्ष्यको विश्लेषण गर्दा रोगी आफूले मात्र आफ्नो रोगको बारे पहिचान गर्न सक्ने र आफू बाँच्ने नबाँच्ने कुराको निर्क्योल पनि विरामी आफैले मात्र गर्न सक्ने कुराको वोध माथिको साक्ष्यमा क्षणको रूपमा अभिव्यक्त भएको छ र उक्त साक्ष्य अष्ट नारानको नभएर पाँच वर्षको वाल्यकालदेखि क्षयरोग र दमको रोगले ग्रस्त बनाएको लेखक आफैको हो । त्यसैले उक्त साक्ष्य क्षयरोगले ग्रसित बनी मृत्यु शैयामा छट्पटाई रहेका प्रधानले आफू अन्तिम अवस्थामा पुगेको र भगवान् नै आएर आफूलाई औषधी गरे तापनि आफू निको नहुने आफ्नो मृत्यु सुनिश्चित हुने भएको कुराको स्वीकारोक्तिको क्षण यहाँ प्रस्तत भएको पाइन्छ ।

**साक्ष्य २,** "मेरो अन्त्येष्टि क्रिया सिवाय यस रुपियाले अरू थोक केही नगर्नु" (पृ. ३) ।

माथिको साक्ष्यमा अन्त्येष्टि कार्यका लागि ज्यापू समुदायमा दानदक्षिणा अनिवार्य गर्नु पर्ने सामाजिक संस्कार भएको र उक्त संस्कार गरिब दुःखीका लागि टाउकोमा ऋण थप्ने चौतारी बन्ने र यो समस्याबाट मुक्तिका लागि आफ्नो अन्त्येष्टिका लागि आफै पैसा जम्मा गर्ने गरेको क्षण माथिका साक्ष्यमा आएको छ ।

**साक्ष्य ३,** "पुन नारान आफैले पनि काम खोज्ने प्रयास कम गरेका हुनाले झण्डै बेरोजगार जस्ता भए पनि उनले एक जना साहु कहाँबाट आठ दिनको ज्याला पेस्की ल्याई सकेका थिए । आर्थिक सङ्कटका लागि उनले बाबुको त्यो अवस्था र बाबुबाट एक दिन पनि नअलग्गिएर काम गर्न जाने गरी पेस्की ल्याएका थिए । तर पेस्की ल्याएको भोलिपल्ट देखि बाबुको व्यथा पढेर आइ दियो । पेस्की ल्याएको पनि आठ दिन भइ सक्यो" (पृ. ६) ।

माथिको साक्ष्यमा पाखुराको भरमा दैनिक जीवन गुजरा गर्ने श्रमिक वर्गहरूको घरमा परिवारको सदस्य विरामी भई उपचार गर्न कुर्नु परेपछि उपचार खर्च जुटाउनको साथै विहान बेलुकाको समस्या टार्न गाह्रो पर्ने गरेको परिस्थिति र कुनै काम गर्ने सम्झौता अनुरूप पेस्की लिएका भए तापनि पेस्की लिएको पैसा सकिने तर काम ज्यूँकोत्यूँ रहने बिहान बेलुकाको समस्याले पिरोली रहने गरिव वर्गका आर्थिक अभाव ग्रस्त श्रमजीवी वर्गहरूले भोग्ने गरेको जीवनको यथार्थ चित्रण क्षणको रूपमा आएको छ ।

**साक्ष्य ४,** "पेस्की ल्याएको रूपैयाँ सकिएरै त तपाईका सबै कुरा सहिरहनु परेका । बाको यस्ता अवस्था छ, खर्चले मुस्किल परिरहेको थियो, तपाईले दिनु भएको पेस्कीले मलाई ठूलो कम दियो । यसको पनि मैले गुन सम्झेको छु, साहुजी !" (पृ. ७) ।

माथिको साक्ष्यको विश्लेषण गर्दा त्यस समयमा घर बनाउने कार्यको सम्झौता गर्दा विस्वासको लागि पेस्की दिने र पेस्की लिनेले सम्झौता अनुरूप काम सम्पन्न गर्नु पर्ने अवस्था भएको पाइन्छ तर हर्ष नारानले आफ्नो बाबु विरामी परेका कारण सम्झौता अनुरूप काम पूरा नगरे पछि साहुले समात्दा उक्त पेस्की खर्चले बाबुको उपचार गर्न मद्दत गरेको र उक्त रकमबाट ठूलो गुन भएको गरिबी परिवेशको क्षण माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य ५,** "त्यसो भए फिस पाँच रुपियाँ दिइ हाल न त, मेरो यस्तै दस्तुर छ" (पृ. ८) ।

डाक्टरले विरामीको रोगको पहिचान नै नगरी पारिश्रमिक लिने प्रचलन रहेको तत्कालीन परिवेशको क्षण माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य ६,** "मलाई जहाँसम्म विश्वास छ होस भएरै मरुँला जस्तो लाग्छ ! होस भएसम्म त म दानसान केही पनि गर्न कदापि दिन्नँ । तिमीहरूले ऋण लिइएर दान दक्षिणा र काजक्रिया गर्न थाल्यौ भने तल्सिङ र साहु तिर्दैका फजिती भइ तिमीहरू पुस्तौं पुस्ताका सन्तान दरसन्तानले बाह्रै महिना आधा पेटको गुजरा पनि गर्न नसक्ने होलान । यो कुराको तिमीहरूले सधै राम्रो ध्यान राख्नु" (पृ. १९) ।

नेवारी समाजमा अनिवार्य गरिने सामाजिक संस्कारको नाममा धर्म कमाउन दानदक्षिणा गर्ने प्रचलन भएको, दान दक्षिणा दिनका लागि गरिब दुःखीसँग पैसा नहुने, ऋण लिएरै भए पनि दानदक्षिणा गर्ने गरेको र उक्त ऋण तिर्दैमा ऋणको बोझले ऋणीको डाँड भाँचिने र आफूले कमाएको जति सबै सम्पत्तिले पनि तिर्न नपुग्ने हुँदा आफूले लिएको ऋण आफ्नो साखा सन्तानको थाप्लामा सर्ने र उनीहरूले पनि ऋण तिर्दा तिर्दै आधा पेटमै जिन्दगी गुजारा गर्नुपर्ने वाध्यात्मक परिस्थितिको तत्कालीन सामाजिक संस्कार प्रतिको विरोध स्वरूप माथिको साक्ष्य उपन्यासमा अभिव्यक्त भएको छ ।

**साक्ष्य ७,** "... शिव नारानलाई भने पिताको मृत्युले भएको वेदना भन्दा पनि अर्कै तापले दुःख दिन थाल्यो । 'अब कसरी दाह संस्कारको काम सिद्ध्याउने ?' यस चिन्ताले शिवनारानलाई सर्पले डसे झै डस्न थाल्यो" (पृ. २०) ।

गरिब दुःखीको घरमा मरिमराउ हुँदा वा केही घटना घट्दा त्यो घटनाले भन्दा आर्थिक अभावको पीडाले सताउने गरेको यथार्थ चित्रण उपन्यासमा क्षणका रूपमा अभिव्यक्त भएको छ ।

**साक्ष्य ८,** "सुब्बा साहेवलाई पोहोर सालको बाली तिर्न नै बाँकी छ, त्यो त कहिले कसरी तिर्ने भइरहेछ , कुन मुखले फेरि रुपियाँ पैँचो माग्ने ?" (पृ. २९) ।

गरिब किसान वर्गका मानिसहरू इमान्दार हुने त्यो गरिबी र इमान्दारिताको फाइदा सधैं उच्च ओहदामा रहेका सुब्बा र तल्सिङहरूले लिने गरेको तत्कालीन क्षणको बोध यस साक्ष्यले पुष्टि गरेको छ ।

**साक्ष्य ९,** "फिस नलिनु डरलाग्दो कुरा छ, 'मलाई शङ्का लाग्छ अब उनलाई नबोलाउनु भनी बाले त पहिल्यै भन्नु भएको थियो बुढापाकाको कुरा सितिमिति झुट्टा हुँदैन, अनुभवको आधारमा बोलेका हुन्छन्" (पृ. ४०) ।

कुनै पनि मानिसले बिना स्वार्थ काम नगर्ने र गरी हाले तापनि त्यसमा स्वार्थ लुकेको हुने र त्यो घातक हुने अष्ट नारानको भनाई उपन्यासमा क्षणको रूपमा अभिव्यक्त भएको छ ।

**साक्ष्य १०,** "तिमीलाई थाहै होला नि, अष्टनारानले नानीथकुं हाम्रा सुब्बा साहेवलाइ कन्यादान दिने वचन दिइसकेको छ । सुब्बा साहेबलाई नानीथकुं ज्यादै मन परेको पनि रहेछ । उसको हातबाट सुब्बा साहेबले भात पनि खान कबुल गर्नु भएको छ । यी सबै कुरा अष्ट नारानलाई पनि मन परेर उसले दिन मन्जुर गरेको थियो" (पृ. ४५) ।

उच्च ओहदाका मानिसहरू जालझेल गर्न सिपालु हुने र आफ्नो स्वार्थ पूर्तिका लागि जे गर्न पनि पछि नपर्ने, मन पर्ने युवती देखेपछि विभिन्न बहानाबाजी गरेर मगनी गर्ने, समाजमा जातीय विभेद र छुवाछुत प्रथाको व्यवस्था कायम गर्ने तर यौन तृप्तीका लागि तल्ला जातका युवतीसँग विवाह गर्न चाहने सामन्त तथा शोषण गर्ने तत्कालीन समाजमा भएको सामाजिक संस्कारको उत्घाटन गर्ने कार्य माथिको साक्ष्यमा भएको छ ।

**साक्ष्य ११,** "विरामी हेरी मानिसहरूको सेवा गर्नुका निम्ति तपाई विरामी कोठा खोलेर बसिरहनु भएको हो कि गलामा गुलाफ फुलेका तरुनीहरू फसाउन जाल थापिरहनु भएको हो ?" (पृ. ६५) ।

विरामीको सेवा गर्ने डाक्टरले विरामी चेक जाँच गर्ने कोठालाई दुरूपयोग गरी युवतीलाई उपचारको वाहानामा भोग गर्ने स्थलको रूपमा प्रयोग भएको क्षण माथिको साक्ष्यले पुष्टि गरेको छ ।

**साक्ष्य १२,** "डाक्टर गोदत्त प्रसाद आइपुग्दा रोपाइँ झनडै सिद्धिइ सकेकाले अलि कति मात्र बाँकी थियो उनी चलाख मानिस न ठहरिए, एक नम्बरको धूर्त । आउना साथै रोपाई गरी रहेकाहरूलाई आफ्नो प्रसन्नताको चेहेराले स्वागत गर्दै वडो गहिरो शुभेन्छाको भाव देखाएर पान सुपारी बाँड्ने काम गरे" (पृ. ८३) ।

किसानहरू रोपाई गरेको दिन सबै भन्दा आनन्दित हुने र ज्यापू समुदायमा तामझामका साथ रोपाई गरिने प्रचलन रहेको पाइन्छ । उक्त रोपाईमा काम गर्ने कामदारका अलावा रमिता हेर्ने रमिते पनि हुने र उनीहरूले पनि रोपाईको खुसियालीमा पान सुपारी बाँड्ने प्रचलन ज्यापू समुदायमा रहेको तत्कालीन सामाजिक परिवेशको क्षण माथिको साक्ष्यले अभिव्यक्त गरेको छ ।

**साक्ष्य १३,** “माहिला तामाङले छोरीलाई दिन ल्याई राखेको डोको नाम्लो र एउटा हँसिया सुम्पिँदै भने- “मेरी छोरी ! लौ यो डोको, नाम्लो र हँसियालाई कहिले पनि नविर्स र खर्पन, नोल, कोदालीको साथ सुहाएर नेपाललाई हँसाउने कोसिस गर” (पृ. १०७) ।

नेपालमा बसोबास गर्ने जातजातिहरू सांस्कृतिक रूपमा विभाजित भई जातीय विभेदको अवस्था समाजमा कायम रहेको र उक्त विभेदलाई अन्त्य गर्नको लाागि माहिला तामाङले आफ्नी छोरी नेवार जातका ज्यापूसँग अन्तर जातीय विवाह गराएर विवाहमा दाइजोको रूपमा तामाङले जीवन निर्वाह गर्न निर्माण गर्ने बाँस वा निगालोको चोयाबाट निर्माण हुने डोको, नाम्लो र थुन्से दिएर ज्यापू समुदायले खेतीपाती गर्दा प्रयोग हुने खपर्न, नोल, कोदालीसँग समाजस्य गराउन आग्रह गरेको पाइन्छ । उक्त आग्रहले तत्कालीन नेपाली समाज जातीय सङ्किणताले भरिभराई भएको र यस्तो परिस्थितिका अन्त्यका लागि अन्तरजातीय विवाहबाट सांस्कृतिक एकता कायम गरी नेपाललाई सुन्दर र विशाल बनाउन सकिन्छ भन्ने क्षण माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य १४,** “भो भो ! धान बढ्ता फलाउन सकेर मात्र हामीले कुन सुख पाउन सकेका छौँ ? कुन किसानले दरवार बनाउन सकेको छ ? ‘खेत’ भनी सधै यसरी मरिरहेका छौं । खाने बेलामा भने कहिल्यै पेट भर्न पाउँदैनौं, अझ वर्षामा कति दिन बिना एकादशी पनि उपवास र निराहार उत्तिकै बस्नु पर्छ” (पृ. ११५) ।

किसानको आफ्नो स्वामित्वमा जमिन नभएर तल्सिङको जमिन ठेक्का लिई खेती गर्नुपर्ने, जति नै कडा परिश्रम गरेर बढी अन्न उब्जाए पनि तल्सिङलाई तिर्नु पर्ने, चर्को ठेक्काका कारण किसानको भागमा अत्यन्तै थोरै मात्र अन्न रहने भएको हुँदा खेती लगाउने समयमा अन्न नभएर किसानले भोकभोकै काम गर्न बाध्य हुनु पर्ने पीडादायी अवस्था उपन्यासमा क्षणको रूपमा आएको छ ।

**साक्ष्य १५,** “बाढीमा बग्दै मृत्युको सास फेर्दाफेर्दै शिव नारानले चिन्ता लिइरहेका थिए - “घरमा रहेका मेरा भाइहरूलाई यस पालिको कुत समेतको बोझ लादिने भयो” (पृ. ११८) ।

तल्सिङले आफ्नो जमिन मोहीलाई कुतमा रोप्नु दिई सके पछि रोपोस या नरोपोस समयले साथ दियोस वा नदियोस आफ्नो कवोल अनुसारको अन्न लिने र नदिए कडा ब्याजमा कागज गरिदिने र शिव नारानले अघिल्लो सालको ब्याज पनि तिर्न बाँकी भएको हुँदा आफूलाई भेलवाढीले बगाएको बेला पनि त्यो सम्पूर्ण ऋणको भार भाइहरूमा पर्ने चिन्ता व्यक्त गरेका छन् । यसरी चिन्ता प्रकट गर्नाले तत्कालीन समयमा मोहिको हक अधिकार नभएको कुरा माथिको साक्ष्य उपन्यासमा क्षणका रूपमा अभिव्यक्त भएको छ ।

## ३.४ रचनाकालीन पृष्ठभूमिगत क्षण

साहित्यको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युगको मानिसहरूको अवस्था बारे बुझ्न सकिन्छ । **एक चिहान** उपन्यास मूलतः गरिब किसान वर्गका अधिकारको आवाज उठाउने कृति हो । यस उपन्यासका अष्ट नारान पात्रले गरिब नेपाली किसान वर्गको प्रतिनिधित्व गरेको छ । किसानहरू परिश्रमी तथा इमान्दारी हुने र भूमिलाई पूजा गर्ने गर्दछन् भन्ने तथ्यको पुष्टि गर्ने कार्य अष्ट नारानको परिवारले गरेका छन् । भूमिको सम्बन्ध खेती गर्ने किसान वर्गमा नभई तल्सिङसँग हुने कुरा यस उपन्यासका पात्र सुरमान सुब्बाले शिव नारानको परिवारमाथि गरेको दमनको व्यवहारले प्रस्ट गर्दछ । सुरमान सुब्बा आफ्नो भागको अन्न उठाउन शिव नारानको घरमा आउँदा अन्न पूरा नभएपछि सयकडा पच्चिस रूपैयाको दरले कागज गरी दिएका छन् । यसरी हुकुमी शैलीमा मनोमानी रूपले शासन गर्नु भनेको सामन्ती संस्कारको पहिचान हो । यस्तो व्यवस्था नेपालमा राणाकालीन समयदेखि भूमिसुधार ऐन आउनु अघिसम्म भएको पाइन्छ । भूमिसुधार ऐन लागु भएपछि कानुनी रूपमा मोहियानी हक सम्बन्धी व्यवस्था भएका पाइन्छ । यस उपन्यासका कृषकहरूले तल्सिङको ज्यादती निरिह भई चुपचाप सहिरहनाले उपन्यासको रचनाकालीन समय भूमिसुधार ऐन लागु हुनुपूर्व भएको ठहरर्छ । त्यसैले यस उपन्यासको रचनाकालीन पृष्ठभूमिगत क्षण २००८ देखि २०१८ सालसम्म अर्थात् नेपालमा भूमिसुधार ऐन लागु हुनु पूर्वको समयलाई मान्न सकिन्छ ।

यस उपन्यासका पात्र सुरमान सुब्बाले आफू विदुर भए तापनि नानीथकुँको मगनी गर्न औपचारिक रूपमा आफ्नो कारिन्दालाई खटाएको छ । यसरी सुब्बा र कारिन्दाको व्यवस्था राणा शासनमा रहेको थियो । राणा शासनमा सुब्बाको कारिन्दाको कुरा काट्नु पाइदैन थियो तर यस उपन्यासमा भने सुब्बाको कारिन्दा रामबहादुरलाई शिव नारानले कुटेको क्षणबाट उपन्यासको लेख्यकाल २००७ सालपछि राणाहरूको अवशेष मात्र भएको अवस्थाको प्रकटिकरण गर्दछ । त्यसताका समयमा महिलाहरूमा शिक्षाको जागरण नभएको वहुविवाह तथा अनमेल विवाहको प्रचलन भएको पाइन्थ्यो । सुरमान सुब्बाले नानीथकुँको औपचारिक रूपमा मगनी गर्नाले यस कुराको पुष्टि गर्दछ । त्यस्तै अर्को तिर नेपाली समाज छुवाछुत तथा जातीय विभेदले आक्रान्त भएको थियो । यहाँ लतमायाले सुरमान सुब्बा आफूभन्दा ठुलो जात भएको र सुब्बा सुरमानले पनि नानीथकुँसँग विवाह भए नानीथकुँको हातको भात खाने कबोल गरेबाट तत्कालीन समाजमा जातीय विभेद र छुवाछुत प्रथाले जरा गाडेको पाइन्छ । यस्तो सामाजिक व्यवस्थाको नीतिगत रूपमा अन्त्य नभएको समय पनि २०१८ साल पूर्व नै थियो ।

उपन्यासमा सामाजिक बेथितिको विरोध गर्न अष्ट नारान पात्रको प्रयोग गरी प्रगतिशिल विचार प्रकट भएको पाइन्छ । यसरी अष्ट नारान मार्फत् प्रगतिवादी बिचारका प्रयोग गरी शिव नारानबाट लागु गराएको पाइन्छ । सामन्त वर्गको शोषण, हुकुमी शासनको कारण नेपाली समाज सांस्कृतिक तथा भौगोलिक रूपमा विखण्डनतिर अग्रसर हुँदै गएकोप्रति उपन्यासकार प्रधान चिन्तित बनी नेपाली समाजलाई सांस्कृतिक तथा भौगोलिक रूपमा विखण्डन तिर लानु नहुने अभिव्यक्ति उपन्यास लेखन क्षणको रूपमा प्रस्तुत भएको छ । जसको अन्त्यका लागि उपन्यासका

प्रमुख पात्र अष्ट नारानको कान्छो छोरो हर्ष नारानलाई तामाङ जातकी केटीसँग र छोरी नानीथकुँलाई मधेशी जातको केटोसँग अन्तरजातीय वैवाहिक सम्बन्ध कायम गराएका छन् । नेपालीहरू बिचको सांस्कृतिक एवं भौगोलिक एकता कायम गराउन सकेसम्म नेपाल शान्त, समृद्ध, सुन्दर र विशाल बन्न सक्ने कुरा उपन्यासमा क्षणको रूपमा प्रस्तुत भएको पाइन्छ । त्यस्तै डाक्टर गोदत्त प्रसादले अस्पतालको बिरामी चेक जाँच गर्ने कोठालाई युवतीसँग मायाजाल बुन्ने स्थलको रूपमा प्रयोग गरेको देखाई डाक्टरले युवतीलाई शोषण गर्ने क्षणको झलक उपन्यासमा पाइन्छ ।

अष्ट नारान महिनौ दिन बिरामी हुँदासम्म पनि गुभाजुद्वारा उपचार गराइएको छ । गुभाजुको ओखती मूलोले नछोए पछि मात्र डाक्टर गोदत्त प्रसादलाई घरमै बोलाएर पाँच रूपैया फिसमा उपचार गराएको छ । यसरी पाँच रूपैया तिरी घरमै औषधी उपचार गराउन सकिने क्षण आजको समयसँग मिल्दो जुल्दो छैन । त्यस्तै अष्ट नारानको अन्त्येष्ठिको सम्पूर्ण कार्य पनि पच्चिस रूपैयाँले पुगेको स्थिति छ । वस्तुभाउ र खर्चको अनुपात नियाल्ने हो भने २००८ सालदेखि २०१८ साल बिचको समयसँग मेल खानु पुग्छ । त्यसैले उपन्यासको लेखनकालीन क्षण सोही अवधिलाई मान्न सकिन्छ । किनकी त्यसताका मोहियानी हक सम्बन्धी अधिकार थिएन । अनमेलल तथा बहुबिवाहको प्रचलन थियो । जातीय विभेद र छुवाछुत प्रथाले नेपाली समाजलाई आक्रान्त पारेको थियो । त्यसैले उपन्यास भरी यी क्षणहरूको पहिचान हुनाले त्यस समयको तत्कालीन समाजका स्वरूप क्षणको रूपमा प्रकट भएको छ ।

उक्त रचनाकालीन पृष्ठभूमिगत क्षणको पुष्टिका लागि केही साक्ष्यहरू तलका उद्धरणमा प्रस्तुत गरिएका छन् :

**साक्ष्य १,** "समाजमा जे गरेर पनि बाबुलाई निको पार्नु पर्छ भन्ने भावनाले गर्दा अष्ट नारानका छोराहरूले सकेसम्म ऋण लिएरै पनि बाबुलाई औषधी गराइ रहेका थिए । एक हप्तासम्म रोज माहिला कविराजको औषधी गर्दा पनि केही सिप लागेन, व्यथा बढ्दै आयो । फिस, औषधी गर्दा पच्चिस रूपैयाँ पनि सिद्धियो" (पृ. ३) ।

माथिको साक्ष्यमा बाबु छोराहरूका लागि प्रिय हुने र रोगले सिकिस्त पारी मरणासन्न अवस्थामा भए पनि निको पार्न ऋण काडी औषधी उपचार गर्ने गरेको क्षण आएको छ भने अर्को तिर अष्ट नारानलाई डाक्टरकामा नलगी माहिला कविराजकोमा एक हप्ताको लागि पच्चिस रूपैया फिस तिरी झारफुके औषधी मूलो गराएबाट विगतको क्षणको वोध गराएको छ ।

**साक्ष्य २,** "शिव नारान ! यतिका दिन भइ सक्यो, खेतमा नगईकन किन मलाई कुरिरहेको ? किसानको छोराले मरेको बाबुलाई समेत फ्याँकेर असारको पूजा गर्नु पर्छ । बाबु ! असार बिग्रयो भने किसानको एक वर्षको सौभाग्य बिग्रन्छ" (पृ. १५) ।

धान रोप्नको लागि उपयुक्त समय भनेको असार भएको र असारमा धान रोपे मंसिर सप्रिने नत्र किसानको एक वर्ष वडो दुःखले आधा पेटमा बाँच्नु पर्ने परिस्थितिको पीडादायी क्षण एकातिर आएको छ भने अर्कोतिर मरेको बाबुलाई पनि लुकाएर असार गर्नु पर्छ भन्ने अष्ट

नारानको भनाईबाट मान्छेले समयको पहिचान गरी सही रूपमा सदुपयोग गर्न नसके गम्भिर रूपले दुर्घटनामा फस्ने कुराको बोध क्षणको रूपमा माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य ३,** "पूर्ण सहानुभूतिको भावमा डाक्टर गोदत्त प्रसाद तत्क्षणात् बोले -"कति रुपियाँ चाहियो नानी ?" "पच्चिस रुपियाँ जति मात्र भए पुग्छ ।" लज्जापूर्ण भावमा नानीथकुँले भनिन्" (पृ. २५) ।

माथिको साक्ष्यमा गरिब श्रमजीवी वर्गहरूको परिवारमा केही घट्ना घटेमा त्यो घट्ने घटनाले भन्दा दरिद्रताले बढी पिरोल्ने र समस्या समाधान गर्नका लागि साहुबाट ऋण काड्नु पर्ने बाध्यताको क्षणको अभिव्यक्ति प्रकट गरेको पाइन्छ भने अर्कोतिर पच्चिस रूपैयाले बाबुको अन्त्येष्टि कार्य सम्पन्न गर्न नानीथकुँले डाक्टर गोदत्तलाई ऋण मागेबाट विगतको क्षण अर्थात् खर्च र वस्तुभाउको मूल्यको अनुपातमा २००८ देखि २०१८ साल बिचको समयलाई बोध गरेको क्षणको अनुमान गर्न सकिन्छ ।

**साक्ष्य ४,** "त्यो पनि धनीहरूकै निम्तिको कुरा हो, गरिबका लागि त घाउमाथि नुनचुक मात्र हो । धनीको जीवनमा इच्छाले सुखलाई निम्तो दिन्छ तर गरिबको जिन्दगीमा त्यही इच्छाले आँखामा आँसु बोलाउँछ । त्यसैले कुनै कुराको इच्छा पनि गर्न मैले छाडिसकेँ" (पृ. २९) ।

विज्ञान र प्रविधिले नयाँ-नयाँ प्रविधिको सिर्जना गरेको र त्यस्ता प्रविधिको प्रयोग पनि धनी वर्गले मात्र गर्ने, गरिबको पहुँच नपुग्ने र त्यस्ता प्रविधिमाथि गरिबले इच्छा गरे पनि उसको कोरा इच्छा मात्र हुने र त्यसले दुःख र पीडामात्र निम्त्याउने कुराको बोध लतमायाको भनाई क्षणको रूपमा अभिव्यक्त भएको पाइन्छ ।

**साक्ष्य ५,** "आफ्नो त सुक्खा परेको हुनाले गएको सालको बाली बाँकी हुँदा उहाँका कान्छा छोरा आएर भन्ने नभन्ने भने । सयकडा २५ बढाएर कागज गरिदिएपछि बल्ल छोडेर गए ..." (पृ. ३०) ।

तल्सिङले मोहिलाई जमिनको उपयोग गर्न दिए पछि समयले साथ दिए नदिएको अवास्था बिचार नगरीकन तल्सिङको कवोल बमोजिमको कुत अनिवार्य रूपले तिर्नुपर्ने यदि तिर्न नसकेमा चर्को ब्याजदरमा कागज गर्ने तल्सिङको ज्यादतीपूर्ण व्यवहारको अभिव्यक्ति माथिका साक्ष्यमा लतमायाको भनाईले पुष्टि गरेको हुँदा उक्त समयमा जमिन माथिको हक मोहिमा नभएर तल्सिङमा हुने हुँदा त्यस समयमा मोहियानी हक सम्बन्धी नीतिगत रूपमा कानुन नभएको विगतको क्षण माथिको साक्ष्यले बोध गराएको छ ।

**साक्ष्य ६,** "राम बहादुरको भनाइले लतमायालाई अलि विश्वास पाऱ्यो । तै पनि लतमायालाई सुरमान सुब्बा बुढा भइ सकेको राम्रै थाहा भएकाले अलि चित्त बुझेन भनिन् - "नानीथकुं साह्रै कलिली छ, भर्खरै सत्रमा टेकेको" (पृ. ४५) ।

सुरमान सुब्बा बृद्ध तथा विदुर भएर पनि भर्खर सत्र वर्ष पुगेकी नानीथकुँलाई औपचारिक रूपमा मगनी गर्नाले बहुविवाह तथा अनमेल विवाहको परम्परा भएको विगतको क्षणको बोध माथिको साक्ष्यले गराएको छ ।

**साक्ष्य ७,** "मलाई थाहा छैन ? एक एक देखेकी छु मैले, तपाईको साधु भेषमा कृष्ण लीला ! अगि आउने 'नानीथकुँ' भन्ने किसान वालासित के गरिरहनु भएको ? कि उसमा अटाई नअटाई बगिरहेकी उसको वर्षाकालीन यौवन यमुनादेखि मस्त भएर आफू एउटा विरामी हेर्न बसिरहेको डाक्टर हुँ भन्ने नै विर्सनु भयो ?" (६६) ।

माथिको साक्ष्यमा डाक्टरले उपचारको बाहानामा घरमा भएकी श्रीमतीलाई बिर्सिएर जवानीले पुष्टिएकी अशिक्षित नवयुवतीहरूलाई उपचारको बाहानामा उनीहरूको सतित्त्व लुट्ने काम विरामी हुँदा उपचार गर्ने डाक्टरहरूबाटै हुने गर्छ भन्ने कुराको बोध क्षणको रूपमा रञ्जना देवीको भनाई अभिव्यक्त भएको छ ।

**साक्ष्य ८,** "जाऊ, मैले तिम्रो धेरै समय लिइ दिएँ । मैले भनेको कुरा कत्तिको ठीक बेठीक छ, एक चोटि ठन्डा मगजले विचार गर्नु । भरे सुत्दा पनि खुब गुनेर हेर्नु । ठिक लागे तिमीलाई नै सुख हुन्छ, बेठिक लागे तिम्रो दशा बिग्रेको म सम्झुँला । तर नानीथकुँ म फेरी एक चोटी भन्छु, खुब होस गर्नु है नारीको मूल्य सम्झेर, लौ जाऊ 'खुब गहिरेर सोच" (पृ. ७१) ।

तीनजना छोराछोरीका बाबु डाक्टर गोदत्त प्रसादले अशिक्षित युवती नानीथकुँसँग प्रेम गरी दोस्री श्रीमतीको रूपमा भित्र्याउन लागेको कुरा थाहा पाए पछि आफ्नी सौता आउने डरले रञ्जना देवीले नानीथकुँलाई सम्झाउन घरमै बोलाई सम्झाएबाट नारीहरूमा पनि चेतनाका विकास आउदै गरेको क्षण एकातिर आएको छ भने अर्कोतिर नारीको मूल्य नारीले नै बुझ्नु पर्ने कुरा बोध भएको छ । नानीथकुँले डाक्टरसँग विवाह गरे नानीथकुँलाई नै दशा चल्ने कुरा सम्झाउने रञ्जना देवीको भनाईबाट पुरुषले दोस्रो पल्ट पनि विवाह गर्न सक्ने बहुविवाह प्रथा रहेको विगतको क्षणको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको पाइन्छ ।

**साक्ष्य ९,** "...शिव नारान रिसले आगो भई जुरुक्क उठेर राम बहादुरको गर्दन समाउन पुगे । दुवै हातले बेसरी राम बहादुरको गर्दन ड्याँच्च समाउँदै शिव नारानले भने - "भन् साले ! अब के चाहन्छस् तँ ?" (पृ. ९२) ।

परिश्रममा विश्वास गर्ने परिश्रमी र इमान्दार श्रमजीवी वर्गहरू छलकपट नजान्ने र छलकपट गर्नेलाई पनि नछोड्ने आइलाग्ने माथि जाइलाग्ने कुराको बोध शिव नारानले राम बहादुरको गर्दन ड्याँचेबाट प्रस्ट हुन्छ । यसरी सुब्बाको कारिन्दा राम बहादुरलाई शिव नारानले पिट्नु भनेको सामन्त संस्कारको बिरोध गर्नु हो । राणाकालमा सुब्बा प्रथा हुने गरेको र सुब्बाहरूले आफ्नो काम गराउन कारिन्दा राख्ने प्रचलन भएको र त्यस बेला सर्वसाधारण जनताले राणाको बिरोध गर्न नसक्ने हुकुमी शासन व्यवस्था थियो तर शिव नाराले सुब्बाको कारिन्दालाई पिटेको कुरा माथिको साक्ष्यमा अभिव्यक्त भएबाट राणाशासनको अन्त्य भएको तर अवशेष भने रहिरहेको विगतको क्षणको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको पाइन्छ ।

**साध्य १०,** "खाइ नखाई गरेर पनि यस पालि घर एउटा त बनाउने कोसिस गर बाबु ! मलाई न बिध्नै डर भइसकेको छ । यस्तरी दिनका दिन पानी परिरहेको छ, अझ मुख्य पानी पर्ने याम आएकै छैन" (पृ. ९८) ।

किसानले कडा परिश्रम गरी खेती गर्ने र अन्नवाली तल्सिङको ढुकुटीमा थुप्रिने र कर्मीले घर बनाउने तर अर्काको घर बनाउँदा बनाउँदै समय बित्ने, गरिबीसँग पौठेजोरी खेल्दा खेल्दै आफ्नो जीर्ण घर मर्मत गर्न नसकेको गरिबीले पराकाष्ट बनाएको क्षण र वर्षाकालीन समयको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको पाइन्छ ।

**साक्ष्य ११,** "सात आठ सालतिर काठमाडौँमा भएको जन विद्रोह र आन्दोलन देखेर माहिला तामाङले नेवार र पर्वते दुई जातिमा सम्बन्ध जोड्ने भावना र प्रेरणा भएका हुन् उसबेला टुडिखेलमा एउटा विशाल जुलुसले 'नेवार पर्वते एक हौँ, नागरिक अधिकार पाउनै पर्छ, प्रजातन्त्र हुनै पर्छ' भन्ने जोडदार नारा लगाएको थियो" (पृ. १०६) ।

निरङ्कुश शासनको अन्त्य गर्ने उद्देश्यले २००७ सालमा वृहत आन्दोलन र क्रान्ति भएको र उक्त आन्दोलनमा आन्दोलनकारीहरूले निरङ्कुश शासनको अन्त्यको लागि सबै जातजाति एक भएर आन्दोलन गरेपछि मात्र निरङ्कुश शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना र नागरिकहरूले अधिकार प्राप्त गरेको विगतको क्षणको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य १२,** "छोरीलाई अरू थोक केही दिन नसके पनि गोडा पन्द्रेक रुपियाँ सापट लिएर माहिला तामाङले गौनको फरिया, मखमलको चोली र खास्टो पहिराएर सुसज्जित पारि राखेका थिए" (पृ. १०७) ।

माहिला तामाङले छोरीलाई आफ्नो जातीय पोशाकमा सुसज्जित बनाउन पन्द्र रुपियाँ सापट लिएर छोरीको विवाह गरिदिएको छ । यसरी पन्द्र रूपैयाँले माइला तामाङले छोरीको विवाह खर्च पुऱ्याउनाले विगतको क्षण अर्थात् वस्तुको मूल्य र पैसाको तुलन गर्दा २००८ देखि २०१८ सालतिरको समयसँग मेल खान्छ । त्यसैले माथिको साक्ष्यले उक्त समयको बोध गराउँदछ ।

**साक्ष्य १३,** "... शिव नारानले एक हप्ताभित्रै नानीथकुँलाई एउटा सुयोग्य वर फेला पनि पारे ... सबभन्दा हर्षको कुरा आफ्ना बाबु अष्टनारान र आफूहरूको पनि विचार र सिद्धान्त अनुसार केटो मधेसी थियो प्रायः चाहिदा गुनहरूले परिपूर्ण भएको मधेशी केटो पाएको र आफ्नो र तराइको मधेशी जातिसित वैवाहिक सम्बन्ध जोडिन पुग्ने कुराले शिवनारान चौपट्टै सन्तुष्ट र प्रफुलित भए" (पृ. ११०) ।

नेपाली समाज जातीय सङ्कीर्णताका कारण बिखण्डन र विभाजन तिर गएको र जसको अन्त्यका लागि जातीय सहिष्णुता कायम गराई भौगोलिक एकता कायम गराउन अष्ट नारानको आफ्ना परिवारबाटै तत्कालीन समाज व्यवस्थाको विपरित सांस्कृतिक एकताका लागि अन्तरजातीय विवाह गराउने सपना बोकेको थियो । सोही चिन्तन अनुसार शिव नारानले भाइ हर्ष नारानलाई तामाङ जातकी केटी र बहिनी नानीथकुँलाई मधेशी केटोसँग अन्तरजातीय विवाह गरिदिएको छ र तत्कालीन समाज व्यवस्थालाई शिव नारानलले चुनौती दिई नेपाललाई सुन्दर, शान्त र विशाल राष्ट बनाउन जातीय विभेदको अन्त्य गरी भौगोलिक तथा सांस्कृतिक एकता कायम गराउने क्षणको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य १४,** "यस पाली त असार राम्रो भएको हुनाले हाम्रो मिहिनेत अनुसार खेतमा पुरै बालि फल्ने छ । घर पनि हामी यसपाली काइदा साथ मर्मत गर्नेछौं । हर्ष नारान र नानीथकुँको विवाहको भोज पनि ख्वाउन बाँकी छ । बाली काटि सकेपछि अलिकति धान बेचेर भए पनि यस पालि त एक चोटी सिनेमा पनि नहेरि छोडदिनँ" (पृ. ११५) ।

किसानहरूको आयआर्जनको श्रोत भनेको खेतीपाती भएको, खेती सप्रिए किसानको दिन फिर्ने र बिग्रिए किसानको दिन बिग्रने कुराको बोध एकातिर आएको छ भने अर्कोतिर यसपाली असार राम्रो भएको कुरा बताउँदै शिव नारानले घर मर्मत गर्ने, हर्ष र नानीथकुँको विवाहका भोज ख्वाउने अनि मनोरञ्जनको लागि सिनेमा पनि हेर्ने वचनवद्धता गरेबाट वर्तमान समयको बोध गराउने क्षण माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य १५,** "भोलिपल्ट उनीहरूको घरको भग्नावशेषबाट पुन नारान हर्ष नारान, पुतली र लतमायाका लासहरू पनि निकालिए । उनीहरूको यस्ता हृदय विदारक मृत्यु देखेर सारा मानिसहरू शोक प्रकट गर्दै थिए । सबैको घर बनाउने सिकर्मी र बिचरा ज्यामीहरू घर मर्मत गर्न नपाई आज आफ्नै घरले थिचिएर **एक चिहान** भए" (पृ. ११९) !

गरिबीका चपेटामा पिसिएका मानिसहरू बिहान बेलुकाको छाक टार्न अर्काको काम गर्दा गर्दै आफ्नो काम गर्न नभ्याउने सधै बिहान बेलुकाको समस्याले गाँफी रहने यहाँ सम्मकी किसानको खेतमा धान पाक्छ, तल्सिङका ढुकुटी भर्छ सिकर्मीले दुनियाँको घर बनाउँछ आफ्नो घर मर्मत गर्न भ्याउँदैन आखिर यतिकैमा दिनहरू व्याथित हुने गर्दछ, माष चक्रअनुसार वर्षा याम आउँछ, अविरल वर्षा र भेलबाढीले जीर्ण घर भत्काई दिन्छ अनि सबैको **एक चिहान** हुन्छ । यसरी गरिबीसँग पौठेजोरी खेल्दै मुक्काबिला गर्ने क्रममा सुखको सास फेर्न नपाई जीवन व्याथित हुने गरिब किसान तथा ज्यामी वर्गहरूले भोग्ने गरेका पीडादायी हृदयविधारक क्षण माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

## ३.५ निष्कर्ष

**एक चिहान** उपन्यासको क्षण सम्बन्धी अध्ययन तेनको साहित्यको समाजशास्त्रीय सिद्धान्त अनुसार लेखकीय उत्प्रेरक क्षण र रचनाकालीन क्षणका आधारमा गरिएको छ । उपन्यासमा निरङ्कुश शासन सत्ताले निम्त्याएको सामन्ती संस्कारका कारण नेपाली जनतामा पूर्ण रूपले सामाजिक, आर्थिक, राजनीतिक तथा शैक्षिक चेतनाको विकास नभएको तर चेतना स्तरमा भने वृद्धि हुँदै गएका र महिलाले पनि शिक्षा लिन थालेको क्षण अभिव्यक्त भएको छ । सामन्ती संस्कारका कारण उच्च वर्गका व्यक्तिहरूबाट निम्न वर्गका गरिब किसानहरू शिकार बन्ने गरेको कुराको तथ्य तल्सिङ सुरमान सुब्बाले अष्टनारानलाई असार राम्रो नभएको साल सयकडा पच्चिसको दरले कागज गरी दिएबाट प्रस्ट हुन्छ । त्यस्तै नेपाली समाजमा जातीय सङ्कीर्णताको कारण पराकाष्टमा पुगी जातीय विभेद र छुवाछुतको अवस्थामा विभाजित हुन लागेको क्षण उपन्यासमा प्रकट भएको छ । तत्कालीन समयमा महिलालाई पुरुषहरूले उपभोग्य वस्तुका रूपमा मात्र प्रयोग गर्ने गरेको देखाइएको छ । जब कि ५७ वर्षे वृद्ध उमेरको विदूर सुरमान सुब्बाले सत्र वर्ष पुगेकी नानीथकुँलाई विभिन्न षड्यन्त्र रची औपचारिक रूपमा मगनी गरेको छ । यसरी

नानीथकुँको मगनीबाट तत्कालीन समयमा बहुविवाह र अनमेल विवाहको प्रचलन यथावत् रहेको नेपाली समाजको चित्रण क्षणका रूपमा आएको छ । त्यस्तै अशिक्षित युवती नानीथकुँलाई विभिन्न सहयोगको वहानामा डाक्टर गादेत्तप्रसादले प्रेमिका बनाएको छ । यसरी डाक्टरले युवतीहरूलाई शोषण गर्ने गरेको क्षण पनि उपन्यासमा उल्लेख भएको पाइन्छ । डाक्टर र नानीथकुँबिचको प्रेम सम्बन्धबारे रञ्जनी देवीले थाहा पाएपछि आफ्नो सुख अर्काको पोल्टामा पर्ने वा सौता आउने भयले नानीथकुँलाई आफ्नै घरमा बोलाएर सम्झाएकी छिन् । यसरी आफ्नी सौता बन्न लागेकी युवतीलाई सम्झाएर पठाउनाले रञ्जना देवीबाट एउटी शिक्षित नारीको भूमिका प्रकटीकरण भएको छ । अष्टनारान बिरामी भई मृत्यु भएबाट उपन्यास लेखनको सुरूवात भएको छ । अष्टनारानको बिराम र उपन्यास लेखक प्रधानको बिरामको लक्षणमा कुनै अन्तर देखिन्न । त्यसैले आफ्नो दुःख पीडालाई अष्टनारान पात्रमा आरोपण गरी अभिव्यक्त गरेको पाइन्छ । यसरी नेपाली समाजमा निरङ्कुश शासन व्यवस्थाले जन्माएको विकृति विसङ्गति, बेथिति तथा आफ्नो शारीरिक कम्जोरीपन वा दीर्घ रोगको कारण नै प्रधानको उपन्यास सिर्जनाको उत्प्रेरक क्षण हो । त्यस्तै अष्टनारान बिरामी हुँदा २५ रूपैयाले एक हप्ता औषधी उपचार गर्न पुगेको छ । उपन्यासभित्र जातीय विभेद, छुवाछुत प्रथा, बहुविवाह तथा अनमेल विवाह जस्ता संस्कारले प्रश्रय पाएका छन् । तल्सिङको भूमिमाथि अधिपत्य कायम गरेको छ । मोही अधिकार बिहीन अवस्थामा छ । यस्तो अवस्था नेपाली समाजमा २०१८ साल पूर्व रहेको थियो । किन कि २०१८ सालमा भूमि सम्बन्धी ऐन लागु गरी मोहीहरूलाई अधिकार सम्पन्न बनाइएको थियो । त्यसैले **एक चिहान** उपन्यासको रचनाकालीन क्षण २००८ सालदेखि २०१८ सालबिचको अवधि हो भन्न सकिन्छ ।

# चौथो परिच्छेद

# एक चिहान उपन्यासमा जाति

## ४.१ विषय परिचय

साहित्य सिर्जनाको प्रमुख तत्त्व समाज हो । समाजका विविध समस्या स्थिति र परिस्थितिद्वारा प्रभावित एवम् विकसित मनुष्यको जीवन व्यापार नै साहित्यको मूल विषय रहेको हुन्छ । त्यसैले साहित्य सिर्जना गर्ने क्रममा सर्जकले आफू बाँचेको परिवेशलाई कलाको माध्यमबाट प्रस्तुत गरेको हुन्छ । साहित्यमा लेखकले समकालीन समाजको जाति कृतिमा उल्लेख गरेको हुन्छ । त्यसैले प्रत्येक कृति प्रजातिको छायाँ तथा खोल जस्तो हुने गर्दछ । किनकी साहित्य लेखन एउटा व्यक्तिको काल्पनिक उपज नभई समाजका सम्पूर्ण प्रजातिको प्रभावबाट सिर्जित हुने गर्दछ । तसर्थ साहित्य चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजाति बारे जान्नु हो । त्यसैले साहित्यको अध्ययन कृतिको सर्जक र कृतिमा व्यक्त भएको मानवको बारेमा जान्नका निम्ति गरिन्छ । तेनका अनुसार जाति अन्तर्गत वंशाणुगत गुण शारीरिक वनावट जातजातिको प्रतिभा र स्वभाव आदि पर्दछ । यस परिच्छेदमा **एक चिहान** उपन्यासमा समाविष्ट भएका प्रजातिको बारेमा विस्तृत अध्ययन गरिएको छ ।

## ४.२ वंशाणुगत प्रजाति

वंशाणुगत गुण भनेको कुनै पनि जातिमा पहिलेदेखि नै रहेर आएको विशेषता हो । यो गुण रज एवम् वीर्यको माध्यमबाट एक पुस्ता हुँदै अर्को पुस्तामा सर्ने गर्दछ । त्यसैले आमा र बाबुका विशेषतालाई बहन गर्ने बंशाणुका कारण वा मानिसहरू विविध आकृति, वर्ण र विशेषताका हुने गर्दछ । **एक चिहान** उपन्यासमा नेपाली माहाजातिका साथै त्यसका जाति तथा प्रजातिहरूको पनि पहिचान भएको छ । मानव समुदायभित्र रहेको संस्कार, संस्कृति, वंश परम्परा आदिका आधारमा छुट्टिने मानव समुदाय नै जाति हो भने त्यस भित्र रहेका विभिन्न जातिगत तहमा विभक्त मानव समुदायको उपस्थितिलाई प्रजाति भनिन्छ । यस उपन्यासमा प्रयोग भएका महाजाति नेपाली हुन् भने जातिहरूमा नेवार, तामाङ र मधेशी राउत जस्ता जातिको थर नै उल्लेख भएको पाइन्छ भने थर उल्लेख नभए तापनि ब्राह्मण जातिको पात्रको उपस्थिति पनि उपन्यासमा रहेको छ ।

प्रस्तुत उपन्यासको प्रमुख पात्र अष्ट नारान ज्यापू खेती किसान गरी जीविको पार्जन गर्ने गरिब किसान जातिको प्रतिनिधित्व गर्ने प्रमुख पात्र हुन् । साहुको खेत रोप्ने परिश्रमी र इमान्दारीताको कमाईबाट बाँच्ने अष्ट नारान तल्सिङको शोषणबाट शोषित भएर पनि भूमिको पूजा गर्ने गर्दछन् । त्यसैले अष्ट नारान ज्यापू मार्फत् किसान भएर पनि अर्काको जग्गामा कमाई गरी जीवन गुजारा गर्ने गरिब किसान जातिको पीडादायी अवस्थाको विशेषता उपन्यासमा प्रयुक्त भएको छ । विशेष गरी तत्कालीन समाज व्यवस्थामा नेवार जाति भित्रका ज्यापू प्रजातिले खेती किसान गरी कृषक पेशा अङ्गाल्ने गरेकाले ज्यापू प्रजातिको खेतीपाती गर्ने वंशाणुगत गुण कृषि

पेशामा रहेको कुरा उपन्यासमा उल्लेख भएको पाइन्छ । त्यस्तै तामाङ जाति काठमाडौँको आसपासमा बस्ने र जीविकोपार्जनको लागि घरेलु कामकाजी जीवनमा प्रयोग हुने बाँस वा निगालोको चोयाबाट निर्माण हुने डोको, नाम्लो, नाङ्लो, थुन्से, सोली आदि बुन्ने र ज्यामी काम गर्ने जस्ता तामाङ जातिको प्रजातिगत विशेषता उपन्यासमा वंशाणुगत गुणको रूपमा प्रयुक्त भएको छ । त्यस्तै उच्च जाति भनिने ब्राह्मण र नेवार जाति भित्रकै श्रेष्ठ प्रजाति शासक वर्गसँग सांटकाट गर्ने, शिक्षित हुने र सामन्ती बन्ने उनीहरूमा भएको प्रवृति पनि उपन्यासमा प्रयुक्त भएको छ । त्यस्तै सामन्त संस्कारले भरिभराउ नेपाली समाजमा उच्च ओहदामा रहने मान्छेहरूले महिला जातिलाई उपभोग्य बस्तुको रूपमा हेर्ने प्रवृतिको विकास नेपाली समाजमा विद्यमान रहेको र नारीमाथि गरिने शोषणको अन्त्य गर्न नारी जाति आफै शिक्षित हुनुपर्ने महिलाले आफ्नै जाति महिलाको पीडा बुझ्न सके मात्र पुरुषले नारीको चरित्र हत्या गर्न नसक्ने सन्देश रञ्जना देवी पात्र मार्फत् महिलाहरू आफै सुशिक्षित हुनुपर्ने कुरामा जोड दिइ शिक्षित महिलाको जातिगत विशेषता उपन्यासमा अभिव्यक्त भएको छ ।

तत्कालीन नेपाली समाजमा जातीय विभेद तथा छुवाछुत प्रथाले विभक्त भई सामाजिक सद्भावमा खलबल आउन थालेकाप्रति लेखक चिन्तित बनी नेपाललाई सुन्दर र विशाल बनाउन जातीय विभेदको अन्त्य गरी सांस्कृतिक तथा भौगोलिक एकता कायम गराउन नेवार, पर्वते र मधेशी जाति बिच उपन्यासका पात्रहरूलाई अन्तरजातीय वैवाहिक सम्बन्ध कायम गरिदिएका छन् । उपन्यास सिर्जनाको पर्यावरण काठमाडौँ उपत्यका लगायत सर्लाहीसम्माको ठाउँलाई बनाई त्यस भू-भागमा बसोबास गर्ने नेवार, तामाङ, ब्राह्मण र मधेशमा बस्ने मधेशी जातका राउत प्रजातिहरूको चित्रण गर्ने काम उपन्यासमा भएको छ । सोही जातिको विशेषताका आधारमा यस उपन्यासको प्रजाति सम्बन्धी अध्ययनमा वंशाणुगत प्रजातिको विश्लेषण गरिएको छ ।

वंशाणुगत प्रजातिको पुष्टिका लागि निम्न साक्ष्यहरू उद्धरणका रूपमा प्रस्तुत गरिएका छन् :

**साक्ष्य १,** "किसानका छोरा भए पनि पुन नारान आफ्नो पुग्दो खेत नभएको हुनाले सिकर्मीको काम गर्थे" (पृ. ६) ।

माथिको साक्ष्यमा किसानसँग पर्याप्त जमिन नभएकोले खेती किसान गरेर मात्र परिवार धान्न नसके पछि खेतीपातीको अलवा जीविकोपार्जनका लागि किसान वर्गले ज्यामी काम गर्नु पर्ने बाध्यता रहेको वंशाणुगत गुणलाई प्रस्तुत गरेको छ ।

**साक्ष्य २,** "शिव नारान ! यतिका दिन भइ सक्यो, खेतमा नगइकन किन मलाई कुरिरहेको ? किसानको छोराले मरेको बाबुलाई समेत फ्याकेर असारको पूजा गर्नु पर्छ । बाबु ! असार बिग्रयो भने किसानको एक वर्षको सौभाग्य बिग्रन्छ" (पृ. १५) ।

मान्छे मरणशील प्राणी भएको हुँदा माया मोहमा फस्नु नहुने आखिर एकदिन सबै मरिने कुराको निश्चित भएकोले मरेको पार्थिव शरीरलाई कुरेर शोकाकुल हुनु भन्दा बाँच्नको लागि काम गर्नु पर्ने त्यसमा पनि समयको पहिचान गर्न सक्नु पर्ने अवस्था बोध गरेको छ । किसानले खेती लगाउने उपयुक्त समय असार भएको असार एक पल्ट मात्र अरूलाई आउने एक महिनाको

परिश्रमले बाह्रै महिना बाँच्नु पर्ने हुँदा आफू बाँचेर पनि जीवनदान गर्नका लागि असारमा आफ्नो बाबुको मृत्यु भए पनि मृतकलाई छोपेर रोपाइ गर्नु पर्छ भन्ने नेपाली समाजमा प्रचलित रहेको किसान जातिको संस्कृतिको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको पाइन्छ ।

**साक्ष्य ३,** "जुठो नफुकेसम्म केही काम गर्न जानु हुन्न, आफ्नै बाबु मरेर घरमा परेको जुठो मान्नै पर्छ । त्यतिन्जेल एक छाक मात्र भए पनि खाएर हामीले ज्यान बचाउनै पर्छ अर्को कुरा भाइ भत्ताहरूलाई खुवाउनै पर्छ । घरमा आएको अन्नपात बेइज्जत सहदै बेचेर फेरि किन्दा टुट्टा खानु पर्ने हुन्छ" (पृ. २१) ।

माथिको साक्ष्यमा परिवारका सदस्यको मृत्यु भई उसको अन्त्येष्टिका लागि घरमा भएका जयजेथा सस्तो मूल्यमा बेच्नु पर्ने बाध्यता नेपालका गरिब कृषक तथा ज्यामी वर्गहरूमा भएको र आफू भोक-भोकै बसेर भए पनि लोक सुहाउँदो कार्य गर्नु पर्ने र अन्त्येष्टि कार्य सम्पन्न नहुन्जेल शोक बोक्नु पर्ने प्रजातिगत संस्कार वंशाणुगत संस्कृतिको रूपमा प्रस्तुत भएको छ ।

**साक्ष्य ४,** "सुब्बा साहेबको भन्दा तिम्रो जात ठुलो भए त तिम्रो निम्ति अप्ठ्यारो कुरा हो । त्यसै लगेर भित्रिने मात्र गरी राख्ने भए पनि चित्त नबुझ्दो कुरा हुने थियो । तर भात समेत खाइ दिने कबुल गर्नु हुन्छ भने तिम्रा र तिमीहरूका निम्ति अहोभाग्यको कुरा हो" (पृ. ४६) ।

माथिको साक्ष्यमा नेपालीहरूमा जाति र प्रजातिगत विभेदको रेखाहरू कोरिएका छन् र ती जाति र प्रजाति बिच पानी बारम्बारको अवस्था रहेको देखाएको छ ।

**साक्ष्य ५,** "तिमी मेरो आफ्नो जातिकी मानिस हुनाले मेरो नातेदार हौ हरेक स्वास्नी मान्छेले दुनियाँ भरका प्राणी अथवा मानिस मात्रको हित गर्न नसके पनि कमसेकम स्वास्नी मान्छे मात्रको इज्जत र गौरबको मात्र ख्याल राख्न सके पनि दुनियाँको दुःखको मात्र यति घट्छ कि मानिसको बस्ती भित्र मात्र होइन, बाटो बाटोमा सुख हाँसि रहेको हामी पाउने छौँ" (पृ. ७०) ।

माथिको साक्ष्यमा मानिसको जात पुरुष र महिला मात्र हुने कुराको अभिव्यक्ति रञ्जना देवीले नानीथुकँलाई तिमी मेरो आफ्नै जातकी मानिस हुनाले मेरो नातेदार हौँ भनी सम्बोधन गरेबाट प्रस्ट हुन्छ । नारीले नारी आफ्नै समस्या नबुझेको, नारीको बाधक नारी नै बन्ने गरेको र पुरुषले यसको फाइदा उठाई शोषण गर्ने गरेको परिस्थितिको अवगत गराई महिलाले महिलाको मात्र इज्जतको ख्याल गर्न सके महिला जातिले भोग्दै आएका समस्याहरू नास हुने लैङ्गिक कुराको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य ६,** "तपाई झन् ज्यापूको छोरा, त्यस्तै खेत कुरेर, खर्पन बोकेर, कसरी 'राजा' हुन सक्नु होला ? हुनै नसक्ने कुरा । बरु कुनै राजाकी स्वास्नी हुन जान सके म 'रानी' हुन सक्छु" (पृ. ९५) ।

माथिको साक्ष्यमा ज्यापू प्रजातिले कृषि पेशा अँगाली खेतीपाती गर्ने बाहेक अरू पेशा नअङ्गाल्ने र महिलाको जात नहुने जुन जातसँग विवाह गऱ्यो त्यही जातकी हुने राजासँग गए रानी पनि हुन सक्ने तर ज्यापूहरू खेती किसानी गर्ने बाहेक अरू हुनै नसक्ने ज्यापू प्रजातिको खेती गर्ने वंशाणगत गुणको पहिचान माथिको साक्ष्यले अभिव्यक्त गरेको छ ।

**साक्ष्य ७,** "वर्षा अत्यन्त प्रिय भएर पनि त्यसदेखि उनीहरूलाई डर भइ रहेको छ । यसको कारणले उनीहरूको घर थोत्रो छ, भत्कि हाल्ला, खसि हाल्लाको अवस्थामाा पुगि सकेको छ" (पृ. ९७) ।

माथिको साक्ष्यमा गरिबीसँग मुक्काबिला गर्ने गरिब किसान जातिले बिहान बेलुकाको समस्या टार्दा टार्दै गरिबीका कारण आफ्नो जीर्ण घर मर्मत गर्न नसकेको नेपाली जातिको दर्दनाक पीडादायी यथार्थताको अभिव्यक्त गरेको पाइन्छ ।

**साक्ष्य ८,** "अब त म पनि थेरै दिन बाँचुला जस्तो लाग्दैन, नानीथकुँ र हर्ष नारान यी दुई जनाको ब्यवहार सिद्धगरी दिन पाए मरे पनि हुने भइसकें । खोइ नानीथंकुँलाई पनि कसैले भन्न आउँदैन । फोने गरेर भए पनि असल दुलाह खोज्ने गर बाबु हो ! (पृ. ९८) ।

माथिको साक्ष्यमा छोराछोरी जन्माएपछि उनीहरूको बिहेवारी नगरी मरे आफू स्वर्ग नजाने नेपाली समाजमा रहेको चिन्तन आएको छ भने अर्कातिर छोरीको विवाह केटो खोजेर गरिदिनु ज्यापू प्रजातिमा रहेको प्रचलनको प्रकटिकरण माथिको साक्ष्यले अभिव्यक्त गरेको छ ।

**साक्ष्य ९,** "तिम्रो बा अष्टनारानले दिने बचन दिइसकेको छ, शिव नारान ! मरिसकेका आफ्ना इमान्दार बाबुको बचन राख्ने काम गर, तिम्री आमा लतमायाको पनि मञ्जुरी छु । सोध, तिम्री आमा त मौजुद छिन्" (पृ. ९९) ।

माथिको साक्ष्यमा उच्च ओहदामा बस्ने शासक वर्गले इमान्दार गरिब किसान जातिलाई विभिन्न षड्यन्त्र गरी आर्थिक, श्रमिक, शारीरिक तथा मानसिक श्रमको शोषण गर्ने विभिन्न बाहना बाजी गर्ने गरेको कुरा शिव नारानको मरिसकेको बाबु अष्टनारानले नानीथकुँ सुरमान सुब्बालाई दिने बचन गरेको भन्ने भनाईबाट स्पष्ट हुन्छ । यसरी उच्च ओहदामा रहने सामन्ती वर्गहरूले निम्न वर्गका किसान तथा श्रमजीवि ज्यामी वर्गहरूलाई षड्यन्त्र पूर्ण शोषण गर्ने कुराको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य १०,** "मै काम गर्न जाने ठाउँकी उ पनि एउटी ज्यामी काम गर्ने ठिटी हो, माहिला तामाङ रे उसको बाबुको नाम" (पृ. १०३) ।

माथिको साक्ष्यले नेपाली महाजाति अन्तर्गतको तामाङ जातिको परिचय दिनको साथै निम्न वर्ग अन्तर्गतका ज्यामीहरूको जीवन यापनको बोध गरेको छ ।

**साक्ष्य ११,** "दुलाह हुने केटा अरू सबै गुनका साथ–साथै स्वास्थ्यले पनि योग्य छन् । उनको घर सर्लाही जिल्लामा पर्छ, नाम राम खेलवान हो, अनि उनको थर कुर्सी, कर्मी थरलाई 'राउत' पनि भन्दछन्" (पृ. १११) ।

माथिको साक्ष्यमा उपन्यासका पर्यावरण सर्लाही जिल्लासम्म फैलिएको छ र त्यस ठाउँमा बसोबास गर्ने मधेशी जाति अन्तर्गत कुर्मी (राउत) थरको प्रजातिगत परिचय माथिको साक्ष्यमा बोध भएको छ ।

## ४.३ स्वभाव तथा प्रतिभागत प्रजाति

संसारमा मानिस एक्लो हुँदैन, उसको चारैतिर प्रकृति र समाज हुन्छ । त्यसैले उसको आजीवन प्रवृत्ति तथा प्रजातिगत विशेषताहरू भौतिक सामाजिक परिस्थिति र घट्नाहरूबाट प्रभावित परेको हुन्छ । अन्तत एउटा प्रतिभा भित्र आफ्नो वरिपरिका वातावरण, संस्कार, संस्कृति, दर्शन तथा इतिहासले त्यस प्रतिभामा समान सोचको विकास गरेको हुन्छ । **एक चिहान** उपन्यासमा हृदय चन्द्रसिंह प्रधानले काठमाडौँ उपत्यकालाई पर्यावरण बनाई त्यस ठाउँमा बसोबास गर्ने प्रजातिलाई उपन्यासको पात्रको रूपमा उपस्थित गराई चित्रण गरेका छन् । यस उपन्यासमा नेपाली महाजातिका साथै त्यसका जाति तथा प्रजातिको पनि पहिचान गराएको पाइन्छ । खेतीपाती गरी गुजारा गर्ने अष्ट नारान ज्यापू यस उपन्यासको प्रमुख पात्र हुन् उनको परिवारको केन्द्रीयतामा उपन्यास सिर्जना भएको पाइन्छ । यस उपन्यासमा अष्ट नारान ज्यापूले गरिब किसान वर्गको प्रतिनिधित्व गरेका छन् । उनी गरिब भएर पनि इमान्दारी र परिश्रमी भई इमान्दारीको कमाईबाट आधा पेट खाएर एकसरो लाएर भए पनि शान्ति एवम् स्वतन्त्रता पूर्वक बाँच्न चाहेका छन् । त्यसैले उनको माध्यमबाट आफ्नो परिश्रममा विश्वास गर्ने शान्ति एवम् स्वतन्त्रता पूर्वक बाँच्न चाहने नेपालीहरूको विशेषता उपन्यासमा अभिव्यक्त भएको पाइन्छ ।

काठमाडौँ उपत्यकालाई पर्यावरण बनाएको यस उपन्यासमा काठमाडौँ उपत्यकामा बसोबास गर्ने प्रमुख जाति नेवार समुदायको बाहुल्यता रहेको छ । त्यस्तै अन्य जातिहरूमा तामाङ, मधेशी र ब्राह्मण समुदायका पात्रहरू पनि उपस्थित भएका छन् । नेवार जाति अन्तर्गत विभिन्न प्रजाति हुने र तिनीहरू बिच श्रम विभाजन देखि जातीय विभेद र छुवाछुत प्रथा व्याप्त रहेको नेवारी समाजको सामाजिक तथा संस्कृति मूल्य मान्यता उपन्यासमा अभिव्यक्त गरेको पाइन्छ । तत्कालीन समाज व्यवस्था अनुसार नेवार जाति भित्रको श्रेष्ठ प्रजातिले उच्च ओहदामा रही तल्सिङ र सुब्बाहुने र ज्यापू प्रजाति समुदायले खेती किसान गर्नु पर्ने ज्यापूले छोएको श्रेष्ठले नखाने नेवार जाति भित्रको प्रजातिगत सामाजिक विशेषता उपन्यासमा चित्रण गरिएको छ । किसान जाति गरिब भएर पनि आफ्नो परिश्रममा बिश्वास गर्ने, अर्काको सित्तैमा नखाने स्वाभिमानी जातिका रूपमा शिव नारान पात्र मार्फत चित्रण गरिएको छ । त्यस्तै तल्सिङ र सुब्बाहरू जालझेल र छलकपट गर्न सिपालु हुने कुराको बोध पनि उपन्यासमा अभिव्यक्त गरेको पाइन्छ । जबकी असार राम्रो नभई सुख्खा लागेको साल सुरमान सुब्बाले आफ्नो उठ्ती पूरा नभएको भनि शिव नारानलाई सयकडा पच्चिसका दरले कागज गरी दिएबाट सामन्ती संस्कार बोकेको राणाकालीन ठालु र साहुहरूको चरित्रगत विशेषताको झलक उपन्यासमा पाइन्छ । त्यस्तै सुरमान सुब्बाको कारिन्दा राम बहादुरले षड्यन्त्र रची नानीथकुँको विवाह सुरमान सुब्बासँग गराउन लतमायालाई निःशुल्क देशी तान उपलब्ध गराउदा, शिव नारानले राम बहादुरलाई पिट्न पुगेको छ । यसरी शिव नारानले राम बहादुरमाथि हातपात गर्नाले गरिब तथा निम्न वर्गका मान्छेहरू इमान्दार हुने, जालझेल र छलकपट गर्न नजान्ने, जालझेल गर्नेलाई पनि नछाड्ने आइलाग्ने माथि जाइलाग्ने नेपाली जातिको मूल प्रवृत्तिलाई चरितार्थ गरेको छ ।

उपन्यासमा रञ्जना देवी पात्रको माध्यमबाट नेपाली नारीहरूमा शिक्षाको जागरण आउँदै गरेको देखाइएको छ । डाक्टर गोदत्त प्रसाद र नानीथकुँको प्रेम मौलाएको देखेपछि आफूलाई पनि अरू नारीहरू जस्तै सौता आउने भयले रञ्जनादेवी ग्रसित भएकी छिन् । नानीथकुँलाई घरैमा बोलाई महिलाका समस्या महिला आफैले बुझ्नु पर्ने सौता माथि जाँदा सौतालाई भन्दा आफैलाई बढी पीडा हुने भएको भनि सम्झाएबाट रञ्जनादेवी पात्र मार्फत् शिक्षित नारीको जातिगत गुणको पहिचान गराएको छ । त्यस्तै डाक्टर गोदत्त प्रसादको माध्यमबाट उपचारको बाहानामा युवतीलाई शोषण गर्ने र युवती डाक्टरबाट शोषित बन्ने गरेको चित्रण पनि उपन्यासमा भएको छ । माहिला तामाङ पात्र मार्फत् तामाङ जातिले जीविको पार्जन गर्न घरेलु कामकाजमा प्रयोग हुने चोयाबाट निर्मित हुने डोको, नाम्लो, थुन्से, नाङ्लो, छपनी, सोली आदि बुन्ने र ज्यामी काम गरी जीवन निर्वाह गर्ने गरेको तामाङ जातिको प्रतिभा तथा पेशागत बिशेषता उपन्यासमा अभिव्यक्त भएको छ । त्यस्तै उपन्यासमा अष्ट नारानको परिवारलाई दान, दक्षिणा र क्रिया जस्ता सामाजिक संस्कारको कुराले साह्रै पिरोलेको छ । अष्टनारानले प्रगतिशिल बिचार राखी मर्दापर्दा तथा सामाजिक संस्कारको कार्य गर्दा अनिवार्य गर्नु पर्ने, संस्कारका कार्यहरू अन्त्य गर्नु पर्ने घोषणा गर्दछन् भने अर्कोतिर आफ्नो अन्त्येष्टिका लागि भनेर पच्चिस रूपैया जमिनमा गाडि लुकाई राखेको छ । यसरी मान्छे मरे पछि गरिने अन्त्येष्टि कार्य नेपाली जातिको संस्कार एवम् प्रवृत्तिलाई जनाएको छ । त्यस्तै अष्ट नारान, शिव नारान, माइला तामाङ जस्ता पात्रले नेपाली महाजातिको पहिचान गराएका छन् भने सुरमान सुब्बा, डाक्टर गोदत्त प्रसाद, राम बहादुर जस्ता पात्रले प्रजातिगत पहिचान गराएका छन् । त्यस्तै रञ्जनादेवी पात्रले शिक्षित महिला जातिको जातिगत गुणको पहिचान गरेकी छ ।

तत्कालीन समयमा नेपालीहरूमा जातीय सङ्कीर्णता रहेको देखिए तापनि निरंकुशताको विरोध गरी स्वाधीनता र स्वतन्त्रताका लागि भने सधै सबै एकजुट भएर क्रान्ति गर्ने गरेको तथ्य टुडिखेलमा विशाल जनमानसको भेलाले जुलुसमा 'नेवार पर्वते एक हौं, नागरिक अधिकार पाउनै पर्छ, प्रजातन्त्र हुनै पर्छ ।' भन्ने नाराबाट स्पष्ट हुन्छ । यसरी मुलुक अप्ठ्यारो परिस्थितिमा फसेको बेला सबै नेपाली एकजुट भई समस्याको समाधान गर्ने नेपालीको प्रवृत्तिगत विशेषता पाइएको छ । मुलुक अप्ठ्यारो अवस्थामा फसेको बेला मात्र नभई सहज परिस्थितिमा पनि नेवार, पर्वते र मधेशी सबै जातिबिच सांस्कृतिक एकता कायम गराए सुन्दर र विशाल नेपाल बन्ने धारणा अभिव्यक्त गरी विभिन्न जातजाति बिचको सांस्कृतिक एकताको कामना गरिएको उपन्यासमा पाइन्छ ।

स्वभाव तथा प्रतिभागत प्रजातिका पुष्टिका निम्ति केही साक्ष्यहरू तलका उद्धरणमा प्रस्तुत गरिएको छ :

**साक्ष्य १,** मरणासन्न बाबुको प्राणदायी कुरा सुनेर शिव नारान जिल्ल परेर बसि रहे । अनि फेरि अष्ट नारान बोले - "किन चुप लागिरहेको शिव ? मैले गरेका कुरा तिमीलाई ठिक लागेन ? किसानका निम्ति यो महामन्त्र हो बाबु ! यसलाई तिमी दीक्षा पनि सम्झ" (पृ. १५) ।

माथिको साक्ष्यमा मानिस मरणसिल प्राणी भएकोले सदावार कोही पनि नहुने तर बाँच्नका लागि भने आफूले अँगाल्ने गरेको पेशा छोड्नु नहुने मिहेनत र परिश्रममा विश्वास गरी परिश्रमी बनी रहनु पर्ने कुराको बोध भएको पाइन्छ ।

**साक्ष्य २,** "भैगो लौ, मलाई नकुरि नहुने भए एक जना भाइ कुर्न बसि रहू । जम्मैका जम्मै कामकाजै छोडेर कुरि रहनाको केही मतलव छैन । लौ जाऊ हर्षनारान पनि जाऊ नानीथकुँ पनि जाऊ, मलाई कुर्नै परे जाँगर कमि भइसकेकी एउटी बुढिया बसिरहोस् सबै किन बस्नु परेको छ ?" (पृ. १६) ।

मानिसको जीवन क्षणिक छ त्यसैकारणले गर्दा सबैले बिरामीलाई कुर्नु आवश्यक छैन र भोलिका लागि मानिस बाँच्नु पर्ने भएकाले आफूले अँगालेको पेशा छोड्नु नहुने कुराको बोध गराउँदै नेपाली जातिमा आफ्ना अग्रजमा भएको माया ममता प्रतिको बोध गराएको पाइन्छ ।

**साक्ष्य ३,** "अष्ट नारानको टोलमा सबभन्दा ठूला, भलादमी पढे लेखेको र इज्जतदार मानिस डाक्टर गोदत्त प्रसाद हुन् । उनी अष्ट नारानको निधन भएको भोलि पल्ट बिहान सात आठ बजेतिर समवेदना प्रकट गर्न आइ पुगे" (पृ. २६) ।

माथिको साक्ष्यमा नेपाली जातिमा मान्छे मरेपछि समवेदना प्रकट गर्न दु:ख परेको घर परिवारमा आई छरछिमेकका सम्पूर्ण इष्टमित्र तथा भद्र भलादमी उपस्थित भई शोकमा परेका परिवारलाई समवेदना प्रकट गर्ने नेपाली जातिको विशेषताको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य ४,** "आफ्नो जाति र समाजमा भएको मर्दापर्दा दान दक्षिणा दिने भात भत्तेर खुवाउने इत्यादि करै लाग्ने चाल चालनमथि अष्ट नारान घृणा र आलोचना मात्र गर्न होइन, आक्रमण गरी उघाड नै खुवाई रहेका थिए । मर्दा नजिकका नाता, सम्बन्धीहरू रोएर विचाः आउने प्रथालाई उनले बन्द गरी दिएका थिए" (पृ. २७) ।

माथिको साक्ष्यमा नेवार प्रजातिमा मान्छे मरेपछि आफ्नो नजिकका दाजुभाइ तथा इष्टमित्रहरू विचाः आउने, शोकाकुल परिवारले दान दक्षिणा गर्ने र अन्त्येष्टिमा भातभत्तेरको भोज लगाई सुध्याई गर्नु पर्ने नेवारी समाजमा प्रचलित सामाजिक संस्कार भएको र ती संस्कारप्रति विरोधको स्वर उरालेको कुरा माथिको साक्ष्यले अभिव्यक्त गरेको छ ।

**साक्ष्य ५,** "म सुब्बा साहेबलाई आजै भन्ने छु र भोलि नै किन्न लगाई यहाँ पुऱ्याउन लगाई दिने छु बडो गजवको तान छ, मेसिन जस्तै छिटो चल्छ र कपडा धेरै बुन्छ, चलाउन पनि बडो सजिलो वल पनि कति खर्च नहुने । क्या विज्ञानको चमत्कार ! मान्छेको मगज" (पृ. २९-३०) ।

मान्छेमा भएको प्रतिभाद्वारा मानव जीवनमा आई पर्ने दैनिक कामकाजहरू छिटो सजिलो तवरले गर्न सकिने गरी आधुनिक प्रविधिको आविष्कार गरेको तर यी प्रविधिहरू पनि उच्च वर्गको हातमा हुने निम्न वर्गका श्रमजीविहरूले उपभोग गर्न नसक्ने कुराको बोध माथिको साक्ष्यले प्रस्ट पार्दै मानव जातिमा भएको प्रतिभा नै विज्ञानको चमत्कार हो र यस्तो प्रतिभा मान्छेको मस्तिष्कबाट सिर्जना हुन्छ भन्ने कुराको बोध गरेको छ ।

**साक्ष्य ६,** “तिमीहरू त्यस्तै धर्मभाव भएका मोहीहरू भएरै सुब्बा साहेवले पनि छोरामाथि त्यसरी रिसाएर कागज ज्याति दिदनु भो !” (पृ. ३०) ।

माथिको साक्ष्यमा मोहीको अधिकार भूमिमाथि नभएको कार्यालयको सुब्बा नै तल्सिङ हुने र जमिनको अधिकार तल्सिङमा निहित हुने मोहि जातिले तल्सिङको हुकुमी शासन सुन्नु पर्ने कुराको बोध माथिको साक्ष्यले प्रकट गर्नुका साथै मोहि र तल्सिङ बिचको सम्बन्धको सीमा बारे पनि उल्लेख भएको छ ।

**साक्ष्य ७,** “तमसुक बेइमानीको बल तोड्ने साधन मन्त्र हो, त्यसैले तमसुक च्यातिइ सक्यो भनेर हामीले बेइमान हुन हुँदैन । हामीले खास तिर्नु छ र तिर्ने कवुल गरिसकेका छौं” (पृ. ३२) ।

माथिको साक्ष्यमा तमसुक भनेको इज्जत र इमान नहुनेहरूको लागि नत्थी लगाउन प्रयोग गरिने साधन मात्र भएको इमान्दार र इज्जतदारका लागि तमसुक गरि रहनु नपर्ने र गरिब दुःखी सधै इमान्दर हुने आफूले लिएको ऋण नभुल्ने र कसैले छुट दिइहाले तापनि लिइएको ऋण चुक्ता गरी छोड्ने गरिब दुःखी किसान वर्गमा हुने इमान्दारिताको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य ८,** “मैले हो र दाजुले नै भात पकाउन सजिलो भनेर आमालाई बाँड्नु भएको तपाईहरू जस्तो हुने खाने भए पो बुढी भएको नातामा काम गर्नु पर्दैनथ्यो हामी गरिबको घरमा त बुढा र रोगी भएर पनि सुख छैन” (पृ. ३३) ।

माथिको साक्ष्यमा गरिबीले प्रताडित भएका किसान जातिले आफू असक्त छु काम गर्न सक्तिन भनेर धर पाउने अवस्था नभएको र साहुको ऋण पनि तिर्नै पर्ने वाध्यता भएकोले बिहान बेलुकाको छाक टान किसान वर्गले श्रम विभाजन गरी काम गर्ने संस्कारको बोध माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**साक्ष्य ९,** “किन नलाग्ने ? तपाईले किन झुट बोल्नु हुन्थ्यो ? तर उहाँ श्रेष्ठ हुनुहुन्छ, यो पनि त अप्ठ्यारो कुरा छ” (पृ. ४६) ।

माथिको साक्ष्यमा लतमायाले छोरी नानीथकँलाई सुरमान सुब्बासँग विवाह गराउन मञ्जुर भई सुब्बाका कारिन्दा राम बहादुरलाई आफूहरू ज्यापू र सुरमान सुब्बा श्रेष्ठ भएको भनि विवाह गर्नमा संकोच मानेको कुराबाट तत्कालीन समयमा अशिक्षित नेपालीहरूमा रहेको जातीय सङ्कीर्णताको चिनारीको बोध गराएको पाइन्छ ।

**साक्ष्य १०,** “तिमीलाई थाहै होला नि अष्ट नारानले नानीथकुँ हाम्रा सुब्बा साहेबलाई कन्यादान दिने वचन दिइ सकेको छ । सुब्बा साहेबलाई नानीथकुँ ज्यादै मन परेको पनि रहेछ । उसको हातबाट सुब्बा साहेवले भात पनि खान कवुल गर्नु भएको छ । यी सबै कुरा अष्ट नारानलाई पनि मन परेर उसले दिन मञ्जुर गरेको थियो” (पृ. ४५) ।

माथिको साक्ष्यमा सुब्बाको कारिन्दा राम बहादुरले विभिन्न षड्यन्त्र रच्ने क्रममा नानीथकुँलाई मगनी गर्दा आफ्ना मरिसकेका बाबु अष्ट नारानले सुब्बा सुरमानलाई दिने वचन दिइएको भनि वचन गरेको र सुब्बाले पनि नानीथकुँको हातबाट भात खाने कुराको उल्लेख

भएबाट तत्कालीन नेपाली जातिमा सामन्ती संस्कार र जातीय विभेद तथा छुवाछुत प्रथा कायम नै रहेको कुराको बोध गराउँदै बहुविवाह र अनमेल विवाहको प्रचलन यथावत रहेको कुराको पुष्टि माथिको साक्ष्यले गरेको पाइन्छ ।

**साक्ष्य ११,** "हिँड, जाँदै गर रञ्जना ! म आउँछु ।" डाक्टर गोदत्त प्रसादले भने । "आइ हाल्नोस् त, आज झट्टै भान्छाको काम सकेर मलाई पनि एकछिन बाहिर जानु छ" (पृ. ६३) ।

माथिका साक्ष्यमा रञ्जना देवीले आफ्नो श्रीमान् डा. गोदत्त प्रसादलाई खाना खान बोलाउनु भान्छाको काम सकेर अन्य काम गर्न जानु छ भनि श्रीमान्लाई भात दिएर मात्र आफूले भात खाने कुरा गरेबाट ब्राह्मण संस्कारको झलक पाइन्छ त्यसैले डाक्टर गोदत्त प्रसाद ब्राह्मण जातिको हो भन्ने कुराको बोध माथिको साक्ष्यले अभिव्यक्त गरेको छ ।

**साक्ष्य १२,** "नहुनु पर्ने कुरा भइ रहेछ, रिसाएर अब त्यो मेटिन्न केवल रिसै मात्र आफूसित भइ रहला, सुख अर्काको पोल्टामा पर्ला । त्यसैले अक्किल लडाउन नसके अझै पनि यस्तो डढेलोमा सुकेका पात सल्केर गए झै जान सक्छ" (पृ. ६८) ।

माथिको साक्ष्यमा विवाहित पुरुष डा. गोदत्त प्रसाद परस्त्रीसँग प्रेम गरेको प्रसङ्ग आएको छ । रञ्जनादेवी सौता आउने भयले सशंकित भएकी छे । त्यस्तै पुरुषले बहुविवाह गरे कानुन नलाग्ने कुराको सङ्केत पनि अभिव्यक्त भएको पाइन्छ । अन्ततः रञ्जनादेवीको रिसै मात्र आफूसित भइरहला सुख अर्काको पोल्टामा पर्ला' भन्ने भनाईबाट महिला जातिलाई सौता आई सुख खोस्ने भयले सधैं पिरोली रहने र उक्त पिरबाट मुक्त हुन नारी जाति शिक्षित हुनु पर्ने र रञ्जनादेवी पात्रले आफ्नो श्रीमान्ले दोस्री श्रीमतीको रूपमा भित्र्याउन लागेकी युवती नानिथकुँलाई सम्झाएर आफ्नो श्रीमान्सँगको प्रेमबाट छुटाएको प्रसङ्गबाट शिक्षित महिलाको जातिगत गुण उपन्यासमा अभिव्यक्त गरेको पाइन्छ ।

**साक्ष्य १३,** "सात आठ सालतिर काठमाडौँमा भएको जन विद्रोह र आन्दोलन देखेर ... जुलुसले लगाएका अनेक नारामध्ये अरू त कुनै नाराको माने र महत्त्व माहिला तामाङले बुझेका थिएनन्, तर 'नेवार पर्वते एक हौं' भन्ने नाराले उनको हृदय एकदम घचघच्याइ दियो, एकदम बाक्लो बदलीमा एकाएक घाम झल्के जस्तो उनलाई भयो" (पृ. १०६) ।

माथिको साक्ष्यमा नेपालमा प्रजातन्त्र प्राप्तिका लागि विभिन्न समयमा नेपाली जनता एक भई तानाशाही निरङ्कुश शासनको अन्त्यका लागि एक जुट भई आन्दोलन गरेको कुराको बोध एकातिर आएको छ भने अर्कोतिर नेवार, पर्वते लगायत सबै जाति एक हुनु पर्ने र मुलुक अप्ठ्यारोमा परेका बेला नेपालीहरू एक भई समस्याको निकास दिने कुराको बोध माथिको साक्ष्यले अभिव्यक्त गरेको छ ।

**साक्ष्य १४,** "डोको बोक्ने पखिनी पो रहिछ । नयाँ दुलही भएर पनि डोको बोकी हँसिया समाएर आउने कस्ती गरिबकी छोरी रहिछ" (पृ. १०८) ।

माथिको साक्ष्यमा तामाङ जाति भिरालो पाखा काठमाडौँ उपत्यका वरिपरि लगायत देश भरिका भूभागमा छरिएर बस्ने र जीविको पार्जनका लागि घरायसी काम काजमा प्रयोग हुने

बाँसबाट निर्मित डोको, नाम्लो, थुन्से, नाङ्ला, छपनी, पेचा आदि बुन्ने र ती बेचेर जीवन गुजारा गर्ने गरिब जाति भएको कुराको बोध माथिको साक्ष्यले अभिव्यक्त गरेको छ ।

## ३.४ निष्कर्ष

साहित्यको समाजशास्त्रीय अध्ययन अन्तर्गत तेनको प्रजाति सम्बन्धी मान्यता अनुसार वंशाणुगत प्रजाति र स्वभाव तथा प्रतिभागत प्रजातिका आधारमा **एक चिहान** उपन्यास अध्ययन तथा विश्लेषण गरिएको छ । कृतिमा साहित्यकारले आफू बाँचेको युगको प्रतिबिम्ब उतारेको हुन्छ । तसर्थ साहित्यको अध्ययनबाट त्यसको रचनाकाल र त्यसले अभिव्यक्त गरेको युगका मानिसको अवस्थाबारे बुझ्न सकिन्छ । त्यसैले साहित्यमा चित्रित भएको मान्छेका भावनाको रूप, विचारको गति र जीवनका अवस्थाको बोध साहित्यले गर्दछ । **एक चिहान** उपन्यासमा जाति अन्तर्गत महाजातिका रूपमा नेपाली जातिको उपस्थिति भएको छ भने जातिका रूपमा नेवार, तामाङ, मधेशी र ब्राह्मण आदि जातिका पात्रहरूलाई उपस्थिति गराएर उपन्यासलाई पूर्णता दिइएको छ । नेपालमा निरङ्कुश शासन व्यवस्थाले निम्त्याएको सामाजिक बेथिति अन्तर्गत सामन्ती संस्कार, जातीय विभेद, छुवाछुत प्रथा, बहुविवाह, अनमेल विवाह, नारी र किसान वर्गलाई गरिने चरम शोषणको प्रजातिगत विभेद उपन्यासमा अभिव्यक्त भएको छ । प्रजातिगत रूपमा उच्च जाति मानिने ब्राह्मण र श्रेष्ठ शासन सत्तामा नजिक हुने र अरू प्रजातिमाथि राज गर्ने गरेको पाइन्छ । तामाङ जाति भिरालो पाखामा बसी बाँस र निगालोको चोया काडी घरायसी कामकाजमा प्रयोग हुने सामग्री बुन्ने र ज्यापूहरू खेती किसानी गर्ने त्यस्तै मधेशी राउत प्रजातिले पनि खेती किसानी गरी जीविको पार्जन गर्ने वंशाणुगत विशेषता उपन्यास प्रयुक्त भएको छ । किसानले भूमिको पूजा गर्ने गरे तापनि भूमिमाथि स्वामित्व नभएको तल्सिङको जमिन प्रयोग गरी खेती किसानी गर्ने, अरूको सित्तैमा नखाने परिश्रममा विश्वास गर्ने परिश्रमी किसान जातिको प्रवृत्तिगत गुण रहेको हुने कुरा उपन्यासको अध्ययनमा पाइन्छ । त्यस्तै नेपाली जाति अन्याय र अत्याचार नसहने, जाइ नलाग्ने तर आइलाग्ने माथि गई पनि हाल्ने र राष्ट्र सङ्कटमा परेका बेला सबै एकजुट भई सङ्कटको सामना गर्ने नेपालीहरूको जातिगत विशेषता प्रस्तुत उपन्यासमा अभिव्यक्त भएको छ ।

# पाँचौ परिच्छेद

# एक चिहान उपन्यासमा पर्यावरण

## ५.१ विषय परिचय

कृतिभित्रका पात्र वा चरित्रले कार्य व्यापार गर्ने स्थान, समय, वातावरण अथवा घट्नाहरू घटित हुने वस्तु जगत नै परिवेश हो । तेनको अनुसार परिवेश अन्तर्गत जलवायु तथा भूगोलका साथै सामाजिक, आर्थिक, राजनीतिक अवस्था र तिनले मानिसमा पारेको मानसिक पर्यावरण अथवा मनोवैज्ञानिक पक्ष पर्दछ ।

## ५.२ भौगोलिक पर्यावरण

**एक चिहान** उपन्यासको भौगोलिक परिवेशका रूपमा काठमाडौँ उपत्यकादेखि सर्लाहीसम्मको भू-भागलाई परिवेश बनाएको छ । कथा वस्तुको रूपमा निम्न वर्गीय एक गरिब किसानको वास्तविकतालाई यथार्थ चित्रण गरेको छ । विशेष गरी २००७ सालको प्रजातन्त्र प्राप्तिको आन्दोलन, त्यसपछि भएका परिवर्तन र २०११ सालमा विष्णुमतीमा आएको भेलवाढी आदिको चित्रण यस उपन्यासमा भौगोलिक परिवेशको रूपमा आएको छ । यस उपन्यासमा काठमाडौँ उपत्यकाको गाउँमा बसोबास गर्ने गरिब किसान अष्टनारानको लगातारको वर्षादको कारणले भेलबाढी आउँदा घर गोठ बगाए पछि सबै सदस्यहरूको मृत्यु भएको घट्नाको चित्रण परिवेशको रूपमा चित्रित भएको छ । पर्यावरणको पुष्टिको निम्ति केही साक्ष्यहरू तलको उद्धरणमा लिइएका छन् :

**साक्ष्य १**. "उनीबाट केही जोर नचलेर असनका तुयु गुभाजुलाई पनि देखाइ सके । तुयुगुभाजु नेपालका एउटा नामी झारफुके वैद्य थिए । डाक्टर कविराजहरूले झै उनी पनि फिस लिने गर्थे (पृ. ३) ।

सामाजिक परिवेशको रूपमा काठमाडौँ उपत्यको समाजलाई विषयवस्तु बनाइएको छ । काठमाडौँ उपत्यका भित्रको असन क्षेत्रमा नेपालको सबै भन्दा जान्ने झारफुके वैद्य बस्ने र गाउँका मानिस बिरामी हुँदा त्यहाँ जाने बिरामीको झारफुक गरे बापत डाक्टर झै पैसा लिएको परिवेशबाट डाक्टरले मात्र होइन वैद्यले पनि फिस लिने कुरा उक्त साक्ष्यले पुष्टि गरेको छ ।

**साक्ष्य २**. "शिव नारानको खेत खोलासँगै भएकोले आकाशको भर नपरिकन पनि पानी पुगेका र विशेषतः आफ्नो पनि मिहिनेत पुगेको हुनाले खेतमा रोपाइँ गरी हुँदा त्यस फाँटमा अरू कसैको खेतमा पनि रोपाइँ सुरू भएको छैन" (पृ. ८२)

खोला किनारका खेत रोप्न आकाशे पानी पर्खिरहनु नपर्ने, परिश्रम गरे जुनसुकै समयमा पनि खेती गर्न सकिने र शिव नारानको खेत खोलाको छेउमा भएबाट खोलाको छेउमा खेत हुने र त्यस्ता ठाँउका खेत छिटो रोप्न सकिने भौगोलिक पर्यावरण उक्त साक्ष्यमा आएको छ ।

**साक्ष्य ३.** "आफ्नो रगत पसिना दिएर कमाएका खेतमा यसरी गाई चर्न आएको देखेर शिव नारान धुमचक्र रिसाएका थिए । रिसको झोकमा उनले गाईलाई साह्रै नै पिटे " (पृ. ९५) ।

खेतमा धान रोप्दा शिवनारानले कडा मिहिनेत र परिश्रम गरेको हुँदा गाईवस्तुले खाई दिने भयले खेतमै छाप्रो बनाई बसेका, यतिकैमा एकदिन गाई आएर धान खाए पछि गाईलाई साह्रै पिटेको उल्लेख भएबाट त्यस समयमा गाई वस्तु चर्नका लागि छाडा छोड्ने प्रचलन रहेकाले बाली लगाए पछि खेतमै छाप्रो बनाई बस्ने गरेको परिवेश उक्त साक्ष्यले पुष्टि गर्दछ ।

**साक्ष्य ४.** "राम खेलवान रावतको घरमा उनी नै मालिक हुन् ... घुमि घुमि काठमाडौं उपत्यकाको खेती गर्ने तरिकाको अध्ययन राम्ररी गरेका थिए । उनले । यहाँको प्रणाली अपनाएर मधेशमा पनि यस्तै चलन चलाउने पनि उनको दिलको मुराद थियो । यहाँका किसानहरूलाई मधेशमा लगेर खेती गराउने र उहाँका किसानलाई सिकाउन लगाउने विचार पनि यिनले गरेका थिए" (पृ. १११) ।

काठमाडौंमा बसोबास गर्ने ज्यापू समुदायका मानिस आधुनिक तरिकाको खेती गर्ने पेशामा पोख्त रहेका र नेपालकै अन्य क्षेत्र अर्न्तगत मधेशको सर्लाहीमा भने आधुनिक तरिकाले खेती गर्न नजानिरहेको तराईको भू-भाग र काठमाडौं उपत्यकाको परिवेश उक्त माथिको साक्ष्यमा पाइन्छ ।

**साक्ष्य ५.** "बाढीले असंख्य माल बस्तु खेत घर बगाउँदै ल्याएको देख्दा देख्दै हेर्दाहेर्दै बाढीले आफ्नो खेत मात्र होइन, आफूहरू बसि रहेका छाप्रो समेत बगाउन थाल्यो । दुई छोरा छोरी समेत शिव नारान र हाकुमायाहरू सबै डल्ला भई बाढीको भयङ्करता देखि चित्कार गरी रहेकै थिए । कराउँदा कराउँदै गरर्र छाप्रो भत्किन थाल्यो र भंगालेको अंगालोमा बाढीले शिव नारानहरूलाई छाप्रो समेत हरर्र बगाएर लग्यो" (पृ. ११८) ।

नेपाली समाजको गाउँ ठाउँ सबैतिर पानी नपरे अनिकाल लाग्ने, तल्सिङलाई कुद तिर्न नपुग्ने र झरी परे पहिराले बगाएर मर्नु पर्ने किसान जातिको पीडादायी स्थितिको पर्यावरण माथिको साक्ष्यमा अभिव्यक्त भएको छ ।

**एक चिहान** उपन्यासमा भौगोलिक परिवेशको रूपमा काठमाडौं उपत्यका, सर्लाही जिल्ला र भारतको बनारस विश्वविद्यालयको झलक पाउन सकिन्छ । यस कृतिमा मुख्य गरी शिवनारानको घर र छाप्रो लगातार परेको वर्षाका कारण विष्णुमतीमा आएको भेलबाढीले बगाएको छ । यसरी पानी परे किसानको असार सप्रने, पानी नपरे असार विग्रने र पानी बढी भएमा बाढी पहिराले बगाएर मनु पर्ने किसान वर्गले भोग्ने गरेका पीडादायी अवस्था प्रमुखताका साथ यस उपन्यासमा भौगोलिक परिवेश बनेको छ ।

## ५.३ सामाजिक-आर्थिक पर्यावरण

उपन्यासले निश्चित युग तथा समाजका मानिसहरूको यथार्थ अवस्थाको बोध गराउने गर्दछ किन कि साहित्यकार आफ्नो युगको विषयमा सचेत भई साहित्यको सिर्जना गरेको हुन्छ ।

तेनका अनुसार एउटा युगमा एउटा प्रधान विचार बौद्धिक साँचाको रूपमा रहेको हुन्छ । त्यो बौद्धिक साँचोबाट सम्पूर्ण समाजको चिन्तन तथा व्यवहारलाई प्रभावित बनाई जीवनको सबै क्षेत्रमा फैलिएको हुन्छ । अन्ततः लामो समयको अन्तरालमा त्यो विचारको अन्त्य भई अर्को नयाँ विचार समाजमा प्रधान विचारको रूपमा देखा पर्ने गर्दछ । त्यसैले समाजको संरचना अनुसार युगै पिच्छे साहित्यिक सिर्जनाको स्थिति भिन्न-भिन्न रहन्छ । जुन युगमा जुन प्रकारको आर्थिक अवस्था रहेको हुन्छ । त्यस्तै प्रकारको साहित्यको सिर्जना त्यहाँ सिर्जित हुने गर्दछ । जस्तै उत्तर पाषण युगमा सामुहिक कार्यका निम्ति मान्छेहरू जुट्थे भन्ने कुराको बोध त्यस अवस्थामा सिर्जित कला तथा चित्रबाट व्यक्त हुन्छ । सामन्तवादी युगमा महाकाव्यका माध्यमबाट महाकाव्यको पात्र उच्चकुलीन सम्भ्रान्त वर्गको पात्रको चयन गरेको पाइन्छ । त्यस्तै मध्यम वर्गीय समाजको असन्तोषपूर्ण जीवनबाट उत्पन्न विषमता र अर्थ व्यवस्थाको कारण साहित्यमा दुःखान्तवादी लेखनको थालनी भएको हो । यसरी सामाजिक र आर्थिक दृष्टिले साहित्यकारमाथि गहिरो प्रभाव पारेको हुन्छ (कडवेल, सन् १०५६: ११४-११५) । समाजमा बसोबास गर्ने मानिसहरूको आर्थिक अवस्था जस्तो छ तिनै आर्थिक अवस्थाबाट प्रताडित पात्रहरू साहित्यकारले आफ्नो कृतिमा चित्रित गर्ने हुँदा कृति भरी सामाजिक तथा आर्थिक पर्यावरण छरपष्टिएको हुन्छ ।

मानव जीवनका लागि नाना, खाना र छाना अत्यावश्यक भौतिक वस्तु हुन् । ती मानवीय आवश्यकता परिपूर्ति गर्न मानिस जीवन भरी प्रयात्नरत रहन्छ । जसको कारण समाजमा बसोबास गर्ने मानिसहरू अर्थोपार्जनका गतिविधि तर्फ सद्धैव अग्रसर हुने गर्दछ । त्यसैले लेखक पनि यही मानव समुदायको एक सदस्य हुने हुँदा आफूले भोगेको अथवा देखेको सत्य तथ्य घटनाहरू कृतिमा समावेश गर्ने गर्दछ । हृदय चन्द्रसिंह प्रधानले **एक चिहान** उपन्यासमा नेपाली समाजको २००८ सालदेखि २०१८ सालसम्मको सामाजिक तथा आर्थिक परिवेशलाई समावेश गरेका छन् । २००७ सालको क्रान्तिले राणाशासनको अन्त्य गरे पछि नेपाली समाजमा देखा परेको सामाजिक तथा आर्थिक क्रियाकलापको संक्रमणकालीन अवस्थाको बोध यस कृतिले गरेको छ । उपन्यासको सुरुवात अष्टनारान बिरामी भई सामान्य रोगको कारण आर्थिक अभावमा उपचार गराउन नसकेर मृत्यु भएबाट सुरु हुन्छ । त्यस्तै त्यस समयमा नेपालमा आधुनिक औद्योगिक कलकारखानाहरूको स्थापना नभएको जीविको पार्जनको एक मात्र माध्यम खेती किसान गर्नु र ज्यामी बन्नु रहेको थियो । समाजमा छुवाछुत तथा जातीय विभेद व्याप्त रहेको थियो । त्यस्तै बहुविवाह र अनमेल विवाह जस्ता कुप्रथाले पनि जरा गाडेको पाइन्छ । नेपालमा राणाकालीन समयमा भूमिमाथि किसानको स्वामित्व थिएन । भूमिको अधिकार तल्सिङमा निहित थयो । यही परिस्थितिको अवशेष लेखकले ५७ वर्षे विदुर सुब्बा सुरमान पात्र मार्फत कृतिमा व्यक्त गरेका छन् । शिवनारान भाग्यमा भन्दा परिश्रममा विश्वास गर्ने अरूको सित्तैमा नखाने इमान्दारी किसान पात्र हो । खराब मौसमका कारण अन्न उब्जनिमा कमि आउदा, सुरमान सुब्बाले सयकडा पच्चिसका दरले कागज गरिदिएका छन् । अर्कातिर भर्खर सत्र वर्ष टेकेकी नानीथकुँलाई विवाह गर्न भनि मगनी गरेको छ । त्यस्तै डाक्टर गोदत्तप्रसादले अष्टनारानको निःशुल्क उपचार गर्ने वाहनामा नानीथकुँलाई माया जालमा फसाउनु पुग्छ । यसरी समाजका अगुवा वर्गहरूबाट निम्न वर्गका मानिसमाथि मानसिक, आर्थिक तथा शारीरिक शोषण गर्नाले त्यसबेलाको सामाजिक प्रचलनमा उच्च ओहदामा रहेकाहरूको बोलवाला भएको पाइन्छ ।

तत्कालीन समयका नेपाली समाज सांस्कृतिक रूपमा पनि विविधताले भरिएको पाइन्छ । उपन्यासमा नेवार, पर्वते र मधेसी जाति बिच वैवाहिक सम्बन्ध कायम गराई सांस्कतिक एकता गराउने प्रयास भएको छ । त्यस्तै नेवार समुदायमा मरेपछि विचाः आउने, दानदक्षिणा दिने, सुध्याइको लागि लामो समय वार्नु पर्ने जस्ता कुराको विरोध गरी अष्टनारान पात्र मार्फत अन्त्य गर्ने घोषणा गरेको छ । त्यस्तै उपन्यासका अधिकांश पात्रहरू किसान र ज्यामी छन् । सदैव उनीहरूलाई विहान बेलुकीको समस्याले पिरोली रहेको छ । उच्च वर्गका पात्रहरूले भने सहज मोजले जीवन विताएका छन् । यसरी उपन्यासमा हुने खाने र हुँदा खाने वर्ग बिचको सङ्घर्षलाई चिर्ने काम पनि भएको छ । यस उपन्यासमा किसान वर्गको समस्या, जातीय विभेद, अनमेल तथा बहुविवाह, दान दक्षिणा गर्ने प्रचलन, भौगोलिक तथा जातीय सांस्कृतिक विविधता प्रकतिकरण भएका छन् । त्यस्तै आर्थिक रूपले प्रताडित वर्गहरूको आवाज सामाजिक तथा आर्थिक पर्यावरणका रूपमा सशक्त तवरले आएको छ । पुष्टिका लागि केही साक्ष्यहरू तलका उद्धरणमा लिएका छन् :

**साक्ष्य १,** "तिम्रा बाबुलाई ठिक नहुँदासम्म वर्षादले पर्खिरहेन केही छैन । एक महिना जति अझै बेला छ, जेठैलागेको छैन । एक दुई हप्ता पछि त झन दिन लामो हुन्छ । घर बनाउने मुख्य बेला यही हो साहुजी" (पृ. ७) ।

समय गतिशिल रहेकाले हिउँदमा भन्दा वर्षाको समय विशेष गरी वैशाख, जेठमा लामो दिन हुने भएकोले घर बनाउने समय वैशाख, जेठ भएको परिवेश माथिको साक्ष्यमा आएको पाइन्छ ।

**साक्ष्य २,** "हाम्रो निम्ति थोरै नै धेर छ बाबु ! भोकले मर्न लागेको गरिबका लागि दुई पैसा थोर छैन । डाक्टर औषधी गर्नु भनेको हामी गरिवका निम्ति ठट्टाको कुरा त होइन" (पृ. १३) ।

खेतीपाती गरेर जिविकोपार्जन गर्ने किसानको घरमा अन्न नहुने त्यस्तै गरेर उनीहरूसँग प्रयाप्त मात्रामा पैसा पनि नहुने थोरै पैसा पनि धेरै मान्नु पर्ने र डाक्टरको औषधी गर्न धेरै ठूलो खर्च हुने हुँदा गरिब दु:खीले आर्थिक अभावका कारणले विरामी परे तापनि उपचार गर्न नसक्ने आर्थिक विपन्नताको परिवेश माथिको साक्ष्यमा पाइन्छ ।

**साक्ष्य ३,** "दाह संस्कारको कामका लागि गुठियाहरू पनि फाटफुट रूपमा आइसकेका थिए । ... घरमा फुटेको पैसा थिएन । यहाँसम्म की कात्रो किन्नलाई समेत पैसा थिएन" (पृ. २०) ।

कात्रो शब्दको प्रयोगबाट नेवारी संस्कारमा अन्तेष्टिको लागि कात्रो अनिवार्य चाहिने तर गरिब दु:खी किसानसँग पैसा नहुने किसान समुदायको दरिद्रताको सामाजिक सांस्कृतिक परिवेश पाइन्छ ।

**साक्ष्य ४,** "जुठो नफुकेसम्म केही काम गर्न जानु हुन्न, आफ्नै बाबु मरेर घरमा परेको जुठो मान्नै पर्छ । त्यतिन्जेल एक छाक मात्र भए पनि खाएर हामीले ज्यान बचाउनै पर्छ । अर्को कुरा भाइ भताहाहरूलाई खुवाउनै पर्छ" (पृ. २१) ।

मान्छे जतिसुकै गरिब वा प्रगतिशील विचार धाराका भए पनि सामाजिक संस्कार मान्नै पर्ने र बाबुको शोक भन्दा समाजमा आफ्नो इज्जत राख्नु नै ठूलो भएको ठानी गरिबीसँग मुकाबिला गर्दै आफूले खाइ नखाई भाइ भत्ताहरूलाई अनिवार्य खुवाउनु पर्ने सामाजिक परिवेश यहाँ आएको पाइन्छ ।

**साक्ष्य ५,** "भोलीपल्ट विहानैदेखि बिचः आउने मानिसको ताती लाग्न थाल्यो" (पृ. २६) ।

नेवारी समुदायमा आफन्तको मृत्यु हुँदा नजिकका दाजुभाइ इष्टमित्रहरू सुध्याई नहुञ्जली क्रियापुत्री हेर्न आउने सामाजिक, सांस्कृतिक प्रचलन रहेको कुरा परिवेशको रूपमा आएको छ ।

**साक्ष्य ६,** "आफ्नो परिवार मध्ये एकथरी खेतीमा सङ्लग्न, अर्को थरी सिकर्मी र ज्यामी काममा तत्पर र तेस्रो थरी घर कुरेर कपडा बुन्ने काममा ध्यानस्थ भएर शिव नारानको परिवार गरिबीसित मुकाबिला गरिरहेको थियो" (पृ. २८) ।

माथिको साक्ष्यमा किसानहरूले रोग, भोग र शोकसँग मुक्काबिला गर्नका लागि खेती गरेर मात्र सम्भव नभएको समय सापेक्ष जीउनको लागि परिवेश अनुसार आफ्नो बल, बुद्धि, क्षमता, दक्षता र सीप अनुसार कामको विभाजन गरी काम गर्नुपर्ने अवस्थाको बोध गरेको पाइन्छ ।

**साक्ष्य ७,** "आजकाल देशितान आइरहेको छ, ज्यादै नयाँ किसिमको कपडा बुन्न विध्नै सजिलो, दिनभरिमा कैयन गज बुन्न सकिन्छ, त्यही किन न" (पृ. २९) ।

माथिको साक्ष्यमा कपडा बुन्नको लागि आधुनिक तान आइसकेको भएता पनि उक्त तानमा निम्न वर्गको पहुँच नपुग्ने देखिन्छ । आधुनिकताको नाममा उच्च ओहदाका मान्छेले गरिब, दुःखी र निमुखा माथि राज गर्ने परिवेश माथिको साक्ष्यमा पाइन्छ ।

**साक्ष्य ८,** "आज साँझमा धारामा पानी लिन जाँदा पुन्चा दाजुकी स्वास्नीले भनेकी थिइन् - नानीथकुँको डाक्टरसित प्रेम छ रे !" (पृ. ४०) ।

माथिको साक्ष्यमा गाउँका सबै घरहरूमा धाराको व्यवस्था नभएको र पानी ल्याउनका लागि धारामै जानु पर्ने बाध्यात्मक परिस्थिति थियो । त्यसैले धारामा साँझ बिहान मान्छेको भिडभाड हुने र एक आपसमा लागेका र देखेका कुरा साटासाट गर्ने धारो सामाजिक परिवेशका रूपमा आएको छ ।

**साक्ष्य ९,** "सत्ते हो हेर ! आज एकादशीको दिन, त्यसमाथि निधारमा पशुपतिको चन्दन र टाउकोमा गुह्येश्वरीको फुललाई राखेको छु; इमान्दार मान्छेले झुटो बोलेर नरकमा जाने साहस गर्न सक्ला र... ?" (पृ. ४५) ।

एकादशी हिन्दु धर्मालम्बीका लागि महत्त्वपूर्ण दिन हुने त्यही दिन विशेष गरी पशुपति र गुह्येश्वरी जस्ता मन्दिरमा पूजा गर्ने गरेको र ब्रर्त बसेका दिन कुनै पनि कुरा ढाट्न, छल्न नहुने भन्ने हिन्दु समाजको मूल्य र मान्यता माथिको साक्ष्यमा परिवेशको रूपमा आएको छ ।

**साक्ष्य १०,** "सुब्बा साहेबसित यो वैवाहिक सम्बन्ध जोड्न सकियो भने भोलि पर्सि तिम्रा सन्तानहरू पनि जागिरदार र पढैया भएर, इज्जतदार भएर आउनेछन् किन भने तिमीहरू सुब्बा साहेबका ससुराली खलक हुने छौं" (पृ. ४६) ।

उच्च ओहदाको मान्छेले निम्न गरिब, दुःखी माथि राज गर्ने र हरेक वहाना बनाई श्रमको शोषण मात्र होइन नारीको पनि शोषण गर्ने अनमेल तथा बहुविवाह गर्ने गरेको तथा उच्च वर्गको व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम गरे इज्जतदार रहने परिवेश माथिको साक्ष्यमा आएको छ ।

**साक्ष्य ११,** "बिरामी हेरी मानिसहरूको सेवा गर्नका निम्ति तपाई बिरामी कोठा खोलेर बसिरहनु भएको हो कि गलामा गुलाफ फुलेका तरुनीहरू फसाउन जाल थापिरहनु भएको हो ?" (पृ. ६५)

माथिको साक्ष्यमा डाक्टर आफ्नो पेशामा मर्यादित भई कार्य नगरेको बिरामी जाँच्ने निहुमा वा बिरामीको सेवाका माध्यमबाट उमेर पुगेका तरुनीलाई डाक्टरले भोग गर्न विरामी जाँच गर्ने र कोठालाई माया प्रेम गर्ने स्थल बनाएको परिवेश आएको छ ।

**साक्ष्य १२,** "विचरी किसान बालिका नानीथकुँले बनारस विश्वविद्यालयमा आई.ए. सेकेण्ड इयरसम्म पढेकी रञ्जना देवीको कवितामय कुरो के बुझ्न सक्थिन ? खाली परक पक्क सुनि रहिन" (पृ. ६९) ।

नेपालका महिलाहरूमा शिक्षाको चेतना नभएको तथा पढ्ने विश्वविद्यालय पनि नभएको तर भारतको वनारस विश्वविद्यालय गएर भए पनि नारीले शिक्षा आर्जन गर्ने गरेको र नेपाली नारीमा पनि शिक्षाको जागरण आउन थालेको विशेष गरी वनारस विश्वविद्यालयका साथै शिक्षित रञ्जना देवीको कवितात्मक वाणीहरू अशिक्षित किसान परिवारमा हुर्केकी नानीथकुंले बुझ्न नसकेको पर्यावरण यहाँ आएको छ ।

**साक्ष्य १३,** "झ्यालमा उभिएर बाहिर हेरिन, सारा दृष्यले आफूलाई गिज्याई रहेको उनले देखिन" पृ. ७२) ।

त्यसबेलाको समाजमा कुनै पनि नारीले परपुरुषको घर (कोठामा) जानु नहुने सामाजिक मूल्य मान्यता रहेको परिवेश थियो । माया जालमा फसेकाहरूले सही र गलत छुट्याउन सक्दैनन् । जे गरे पनि राम्रै भएको मान्छन् तर त्यही कुरा परिवार र समाजले नपचाए पछि अभिशाप बन्ने कुरा नानीथकुँ झ्यालमा उभिएर बाहिरको दृश्य हेर्दा बाहिरका सबै दृश्यले आफूलाई गिज्याई राखेको भनि नानिथकुँमा भएको बोध माथिको साक्ष्य परिवेशका रूपमा आएको पाइन्छ ।

**साक्ष्य १४,** रोपाइको काम अन्तिम समयमा पुगिसकेको हुनाले त्यसबाट रोपारहरू भित्र भरिएर आएको र सहानुभूति पनि पराकाष्ठामा पुगिरहेको थियो । यसकारण रोपाइँमा हुने क्रियाको उत्तर चढाउ, आरोह, अवरोह अर्थात् नाचगान, कुदाई, उफ्राई, ख्यालठट्टा मात्र द्रुत गतिमा बढिरहेको थियो । यही चरम सीमामा पुगेको आवेशमा रोपारहरू हिले पानी आकाशमा छराछर गर्दै वर्षाको अभिनय गर्न थाले नानीथकुँले पनि हिले पानी आकाशमा छराछर गरी वर्षाको अभिनय

गर्दै डाक्टर गोदत्तप्रसाद उभिरहेको ठाउँमा हिले पानी छर्न सुरू गरिन । हाँस्तै यता उति छल्न खोज्दा - खोज्दै डाक्टर गोदत्त प्रसाद हिल पानीले टाटेपाटेको रूपमा रङ्गिहाले अनि त रसरङ्ग र जाँड रक्सीले त्यसै हाहा र हुहु गर्दै उफ्रदै रोपारहरूले पनि डाक्टर गोदत्त प्रसाद उभिरहेको आकाश माथि हिले पानीले दृष्टि गराउन थाले । डाक्टर गोदत्तप्रसाद यताउति भाग्दै थिए । मस्त भएर नानीथकुँ उनलाई हात समाएर तानी खेतमा खसाल्नु पुगिन । यो देखेर खेतालाहरू झन मस्त भएर हाँस्न थाले (पृ. ८३/८४) ।

ज्यापू समुदायमा धान रोप्ने क्रममा रोपाइँको अन्तिम दिन खेतमा भोज भत्तेर गरी खेती लगाएको खुशियाली मनाउने चलन रहेको छ र रोपाइँमा काम गर्ने मात्र नभएर रमिते पनि जाने प्रथा रहेको, रमिता हेर्ने मान्छेबाट पनि रोपाईको खुशियालीमा पान सुपारी बाँड्ने प्रचलन रहेको पाइन्छ । रोपार बाहुसे बिच पानी छ्यापाछ्याप गर्ने तथा रोपाई हेर्न आउनेलाई पनि हिले पानीले छ्यापी दिने, खाजाको रूपमा अत्याधिक मदिरा सेवन गर्ने, त्यस्तै ख्याल ठट्टा गर्ने गरेको पाइन्छ साथै रोपाइमा युवा युवती बिच ख्याल ठट्टा गर्न पाउने छुट हुने कुरा नानीथकुँले डाक्टर गोदत्तलाई हातमा तानी पानी छ्याप्दै खेतमा लडाएको परिवेशबाट उक्त साक्ष्य उपन्यासमा सामाजिक परिवेशका रूपमा प्रस्तुत भएको छ ।

**साक्ष्य १५,** "खै, कसैले भन्न आउँदैनन् । हामी अलि प्रगतिशिल भएकोले समाज हामीदेखि टाढा रहन खोज्छ, समाजमा अलि अगाडि बढ्न खोजे पनि नहुने अरू साधारण मानिसहरू जस्तै रुढी र परम्परा भक्त भई रहन भने हाम्रो मन मान्दैन । अलि जान्ने बुझ्नेलाई फसादै हुदो रहेछ । फोने गरेर कसैलाई दिन जाऔं, भन्न जाऔं भने हलुकै मात्र हुने देख्छु । स्वतन्त्रता दिउ भने यस्तो बढो फसादको समस्या आइ रहेको देखे मैले आमा" (पृ. ८६) ।

माथिको साक्ष्यमा समाजको मूल्य मान्यता भन्दा अगाडि बढ्न खोज्ने मान्छेलाई समाजले राम्रो नभन्ने तर शिवनारानको परिवार प्रगतिशील भएकोले नानीथकुं र हर्षनारानलाई परम्परा अनुसार फोने गर्नु भन्दा स्वयम् व्यक्तिलाई वर/वधु रोज्न दिनु पर्छ भन्ने सामाजिक परिवेश आएको छ ।

**साक्ष्य १६,** "वर्षा अत्यान्तै प्रिय भएर पनि त्यसदेखि उनीहरूलाई डर भई रहेको छ । यसको कारण हो उनीहरूको घर थोत्रो छ, भत्कि हाल्ला, खसि हाल्लाको अवस्थामा पुगिसकेको छ । अलिकति पानी पऱ्यो कि त दुई तलासम्म चुहिने भइसकेको छ । अलि बढ्ता बतास आयो कि क्यार्रकुर्र आवाज आउन थालिसकेको छ । यसकारण पानी परेको बतास आएको दिन शिवनारानको परिवारको प्रत्येक सदस्य डरले त्राहिमान् हुन्थे" (पृ. ९७) ।

समयमा वर्षा सुरू हुनु किसानको लागि सौभाग्य भए तापनि अत्याधिक वर्ष हुनु भनेको गरिव दु:खी किसान र ज्यामीको लागि अत्यन्तै भयको स्थिति सिर्जना हुनु हो । किन कि आफ्नो श्रम र पसिना बगाई आयआर्जन गरेको आयले साहुको ऋण तिर्न नपुग्ने आफ्नो लागि खाना, नाना र छानाको जोहो गर्न नसकेका साथै ओत लाग्ने घर मर्मतको अभावमा जिर्ण अवस्थामा पुगेको गरिव किसानको कारुणिकताको चित्रण परिवेशको रूपमा आएको छ ।

**साक्ष्य १७,** "भात खाइवरी लोग्ने मानिस जति तमाखु खानेतिर लागे पुननारानकी स्वास्नी सिन्तलीले जुठाभाडा माभिरहिन, लतमायाले चुहिएर जम्मा भएको पानी सोहोर्दै फ्याकी रहिन" (पृ. ९९) ।

माथिको साक्ष्यमा नेपाली समाजमा चुला चौकाको कार्य महिलाले गर्ने, पुरुषहरू भने मेलापात जाने र बेलुकी घर आए पछि खाना खाई बस्ने क्रममा तमाखु खाने जस्ता क्रियाकलापबाट नारीले घर भित्रको काम गर्ने र पुरुषले घर बाहिरको काम गर्ने गरेको परिवेश पाइन्छ । साथै उनीहरू एकदमै गरिब परिवारका भएकाले दिन प्रति दिन ऋण माथि ऋण भएकाले उनीहरूले घर समेत बनाउन नसकेको र घरमा परेको पानी सबै चुहिने र त्यो पानी बूढी आमैले सोहोरेर फालेको घटनाबाट यो साक्ष्य आर्थिक विपन्नताको सूचक परिवेशका रूपमा आएको छ ।

**साक्ष्य १८,** "तिमीले भनेका थियौ, घर नबनाइकन विहे गर्दै गर्दिन । अब फेरि विहे गर्ने कुरा गऱ्यौ । घर बनाउन कोशिस गर न यस्तो भुत्रो घरमा कसरी ल्याउने मनै खिन्न नहोला ?" (पृ. १०३) ।

माथिको साक्ष्यमा लतमायाको परिवार किसान तथा गरिव दुःखी परिवार हो । उनीहरूको घर जीर्ण अवस्थाको छ । छोराले घर बनाउने बाचा गरेको छ तर उसले उसलाई मन परेकी वधु भेटे पछि सबै कुरा त्यागेर विवाह गर्न तर्फ लागेको बेला आमाले दुलही भित्र्याउनु पर्दा खाने, बस्ने र सुत्ने ठाउँको अभाव देख्दाखेरी नव वधुको मानस्पटलमा निरासा छाउँछ भनेको कुरा परिवेशका रूपमा आएको छ ।

**साक्ष्य १९,** "कमसेकम अरू थोक केही बन्दोबस्त नभए पनि डोलीमा राखेरसम्म त अवश्य ल्याउनु पर्छ ढोकामा डोली अड्याएर उनलाई भित्र्याउँदा गरिने पूजा संस्कार इत्यादि विधि विधानसम्म पनि कसरी नगर्ने ? दुई दिनको पाहुना घरमा भित्री रहेकी त होइन । घर गर्ने, कूल थाप्ने, समाज फलाउने, सृष्टि हसाउने तथा हर्ष नारानको जिन्दगी रसाएर सामाजिक परम्परा फुलाउने एउटा जिम्मेवार मानिस भित्रिने एउटी कुल बधु लक्ष्मी हुन् । त्यसैले दैलो नेरै डोली अड्याइ ढोकैदेखि स्वागत सत्कार गर्नु पर्छ (पृ. १०५/६) ।

माथिको साक्ष्यमा ज्यापू समुदायमा विवाह गरी दुलही भित्र्याउँदा त्यस समयमा डोलिमा बोक्ने प्रचलन रहेको तर शिवनारानको घर परिवार प्रगतिशिल विचारले अघि बढेको परिवार भएकोले यस प्रचलनको विरोध गरेका छन् । लतमाया परम्परावादी विचारमै रहेकी र उनको वधु भनेको एक दिनको पाहुना नभएर घर थाम्ने गृहलक्ष्मीको हैसियतका रूपमा हेर्नु पर्ने भनाइबाट वधुलाई सृष्टि कर्ताको रूपमा नेवारी समाजमा हेरिने परिवेश माथिको साक्ष्यमा आएको पाइन्छ ।

**साक्ष्य २०,** "छोरीलाई अरू थोक केही दिन नसके पनि गेडा पन्ध्रेक रूपैया सापट लिएर माहिला तामाङले गौनको फरिया मखमलको चोली र खास्टो पहिराएर सुसज्जीत पारी राखेका थिए" (प. १०७) ।

माहिला तामाङको आर्थिक अवस्था एकदमै कमजोर रहेको छोरीको विवाहका लागि पैसा ऋण गरेको भए पनि आफ्नै जातिको पोशाकमा छोरीलाई सुसज्जीत पारी ज्यापू केटासँग

अन्तरजातीय विवाह गराई दिएको परिवेश आएको छ । माहिलो तामाङ दु:खी र गरिबी छ । उसले आफू दु:खी नै भए पनि छोरीको विवाहमा सर सापट लिएर भए पनि छोरीको मन खुसी पार्न आफ्नै छोरीलाई राम्री पार्ने बेहुली कपडा किनेको छ भने उसले समाजमा विपन्न भए पनि ईज्जत राखेको छ ।

**साक्ष्य २१,** "यी डोको बोक्ने पाखिनी पो रहिछ । नयाँ दुलही भएर पनि डोको बोकी, हँसिया समाएर आउने कस्ती गरिवकी छोरी रहिछ !" झ्यालमा बस्ने आइमाइहरूका बिचमा कुरा चल्न थाल्यो (पृ. १०८) ।

तामाङ जातिको मुख्य पेसा चोया (बास) को डोका, नाङ्ला आदि बुन्ने रहेको देखिन्छ । तामाङ जातिको संस्कारमा छोरीलाई विवाहमा दाइजो स्वरूप डोको, हँसिया, खर्पन दिने प्रचलन भएको र ती सम्पूर्ण सामग्री बोकेर आउँदा बेहुली पुतलीलाई हर्षनारानको विवाहमा आउने निम्तारु आइमाइहरूले झ्यालमा बसि कुरा काटेको परिवेश उक्त साक्ष्यमा पाइन्छ ।

**साक्ष्य २२,** "उनलाई दाइजोको रूपमा खाली एक जोर चर्खा, हसिया, हतौडा, कुटो, कोदालो, कोदाली, डल्लेठो आदि । बस त्यतिकै दाइजोका साथ जुवाइलाई उपहार भनि एक जोर खर्पन, एउटा डोको, एउटा डालो, नेपाली कोट, एउटा खुकुरी, एउटा भादगाउँले टोपी र एउटा नेपालको नक्सा पनि दिइ पठाएका थिए" (पृ. ११३) ।

अष्टनारानका प्रगतिवादी विचार धारा अनुसार उनको परिवारले पुरातन संस्कृतिबाट माथि उठी वैवाहिक सम्बन्ध कायम गरेका छन् । वैवाहिक सम्बन्ध कायम गर्ने क्रममा नानीथकुंको विवाह मधेशी सर्लाही जिल्लामा बसोबास गर्ने रामखेलवानसँग विवाह गरी दिएको छ । दाइजो ज्यापू संस्कृति अनुरूप दिएको र जुवाईलाई नेपाली राष्ट्रिय पोसाकको साथमा नेपालको नक्सा दिएबाट नेपालीलाई जातीय एवं भौगोलिक रूपमा एकता कायम गर्नुका साथै नेवारी समाजको यथार्थ चित्रण गराउन नेवारहरूले खेतीमा प्रयोग गर्ने गरेका औजार दाइजो दिएबाट उक्त साक्ष्यमा नेवारी समाजको सामाजिक परिवेश पाइन्छ ।

**साक्ष्य २३,** "यसपाली त असार ज्यादै राम्रो भएको हुनाले हाम्रो मिहिनेत अनुसार खेतमा पुरै बाली फल्ने छ । घर पनि हामी यस पाली काइदा साथ मर्मत गर्नेछौं । हर्ष र नानीथङ्कुको विहेको भोज पनि खुवाउन बाँकी छ । बाली काटि सकेपछि अलिकति धान वेचेर भए पनि यस पाली त एक चोटी सिनेमा पनि नहेरी छोड्दिन" (पृ. ११५) ।

शिवनारानको कडा मिहिनेत र परिश्रमले समयमै खेती लगाएको, धान पनि सप्रिएको हर्षनारान र नानीथकुंको विवाहको भोज आफ्नो जातीय संस्कार अनुसार गर्न बाँकी भएको, जीर्ण घर मर्मत गर्न नसकेको र सधै काममै व्यास्त हुनुपरेको अवस्थाका साथै मानिसलाई रमाइलो पनि आवश्यक हुने र नेपालमा पनि सिनेमा हल निर्माण भईसकेको परिवेश माथिको साक्ष्यमा आएको र यी सबै गरिवीको कारण पूरा हुन नसकेकाले यस पाली धान बेचेर भए पनि इच्छा पूरा गर्ने मनसाय राखी किसानले यसपाली पर्खिबस्ने तर यस पाली कहिल्यै नआउने कुराको बोध माथिको साक्ष्यले पुष्टि गर्दछ ।

२००७ सालको क्रान्तिले राणा शासनको अन्त्य गरे पछि नेपाली समाजमा देखा परेको सामाजिक तथा आर्थिक क्रियाकलापको सङ्क्रमणकालीन अवस्थाको प्रकतिकरण **एक चिहान** उपन्यासमा भएको छ । यस उपन्यासमा सामन्ती संस्कार र हुकुमी शासनको कारण समाजमा जातीय विभेद तथा छुवाछुत प्रथा, बालविवाह, बहुविवाह र अनमेल विवाह जस्ता कुप्रथाले जरा गाडेको पाइन्छ । त्यस्तै नारी र श्रमजीवि वर्गहरूलाई उच्च वर्गका मान्छेहरूले शोषण गर्ने गरेको स्थितिको बोध पनि उपन्यासमा भएको छ । गरिबीसँग जुद्दा जुद्दै पुरा पेट भर्न नपाई अष्टनारानका सबै परिवारको भेलवाढीको कारण एकै चिहान भएका छन् । त्यसैले **एक चिहान** उपन्यासमा विकृति, विसङ्गति र बेथिति युक्त समाजको उपस्थिति गराइनुका साथै पेटभरी खान नपाई आर्थिक रूपले छटपटिएका वर्गहरूको चित्रण गरिएको छ ।

## ५.४ राजनीतिक परिवेश

समाज संरचना राजनीतिले निर्धारण गरेको हुन्छ । राजनीति बिनाको समाजमा मत्स्यन्यायको सिर्जना हुने गर्दछ । त्यसैले साहित्यको सिर्जना गर्दा लेखकले आफू बाँचेको युगको भौगोलिक, सामाजिक, आर्थिक र राजनैतिक परिवेशलाई कृतिमा यथार्थ चित्रण गरेको पाइन्छ । **एक चिहान** उपन्यासमा प्रत्यक्ष रूपमा नेपालमा राणा शासनको अन्त्य पश्चात प्रजातन्त्रको वीजारोपण हुँदै गरेको संङ्क्रमणकालीन राजनीतिक परिवेश पाइन्छ । किन कि राणाकालमा हुकुमी शासन चल्थ्यो । त्यही हुकुमी शासन व्यवस्थाको प्रतिछायाँ सुरमान सुब्बाले कृषक शिवनारानमाथि लाद्ने काम गरेका छन् । त्यस समयमा जमिनको अधिकार मोहिमा थिएन तर वि.स. २०१८ साल पश्चात नीतिगत रूपमा मोहियानी हक सम्बन्धी कानुनी व्यवस्था भएको पाइन्छ । यसरी राणाशासन काल पछि र २०१८ साल अघिको समयावधिमा कृषक वर्गले भोग्नु परेको पीडाका साथै उच्च ओहदामा रहेका मानिसले निम्न वर्गका मानिसलाई हेर्ने दृष्टि र गर्ने व्यवहार यस उपन्यासको राजनीतिक परिवेशका रूपमा आएको पाइन्छ ।

तत्कालीन नेपाली समाजमा राणाशासन भर्खर मात्र ढलेको हुँदा उसका अवशेषहरू जीवित रहेको पाइन्छ । समाजका सदस्यहरू पनि यथास्थितिवादी र परिवर्तनकारी गरि दुई भागमा विभाजित भएको पाइन्छ । उपन्यासको मुख्य पात्र अष्टनारानको परिवारले परिवर्तनकारी समाजको प्रतिनिधित्व गर्छ भने सुब्बा सुरमान र उनको कारिन्दा रामबहादुरले यथास्थितिवादी सामन्त वर्गको प्रतिनिधित्व गर्ने गर्दछ । त्यस्तै डाक्टर गोदत्तप्रसाद शिक्षित वर्गको व्यक्ति भएर पनि सेवा गर्ने बाहानामा नारीको चरित्र हत्या गर्ने पात्रका रूपमा प्रस्तुत भएको छ । त्यस्तै ५७ वर्ष पुगेको बिदुर सुरमान सुब्बाले औपचारिक रूपमा सत्र वर्षकी नानीथकुँलाई मगनी गर्नु र घरमा तीन जना छोराछोरी भएको डा. गोदत्तप्रसादले प्रेमिका बनाउनु त्यस्तै रञ्जनादेवी पढे लेखेकी भएर पनि सौता आउने डरले नानीथकुँलाई घरैमा बोलाएर सम्झाउनाले तत्कालीन समयको शासन व्यवस्थाले अनमेल विवाह र बहुविवाहलाई प्रश्रय दिएको पाइन्छ ।

त्यस समयमा नेपाली समाजमा जातीय विभेद तथा छुवाछुत प्रथा व्याप्त रहेकोले नेपाली समाज सांस्कृतिक तथा भौगोलिक बिखण्डन तिर अघि बढेको हुँदा यस्तो परिस्थितिको अन्त्य गर्नका लागि लेखकले अष्टनारान पात्रको प्रयोग गरी क्रान्तिकारी तथा प्रगतिशील बिचार प्रकट

गरी आफ्नै परिवारका कान्छा छोरा हर्षनारानलाई पर्वते तामाङ्नी केटी र छोरी नानीथकुँलाई मधेशी जातको केटासँग विवाह गराएर सांस्कृतिक तथा भौगोलिक एकता कायम गराउने कार्य भएको पाइन्छ । यसरी यस्ता सामाजिक स्थितिको अन्त्यका लागि नीतिगत रूपमा व्यवस्था गर्नु पर्ने राजनीतिक दृष्टिकोण यस उपन्यासमा परिवेशका रूपमा आएका पाइन्छ । जसको पुष्टिको लागि केही साक्ष्यहरू तलका उद्धरणमा प्रस्तुत गरिएको छ :

**साक्ष्य १,** "...सयकडा २५ बढाएर कागज गरी दिएपछि बल्ल तिनले छोडेर गए । दुई पैसा फाइदाको लोभमा देशी तान त ल्याउला फेरी उहाँहरूको छोराहरूले 'चौटा खाएकी बुढी झोलौमा डुवेर मरी' गरी दिए भने ?" (पृ. ३०) ।

त्यस समयमा किसानलाई भूमि सम्बन्धी काम गर्ने अधिकार दिइएको भए तापनि मोहिलाई पूर्ण रूपले नीतिगत रूपमा भूमिमाथिको अधिकार नदिइएको परिवेशका साथै समय अनुसार उब्जनी नहुँदा ताल्सिडले हुकुमी शासन प्रयोग गरी ब्याजको पनि ब्याज जोडेर साँवामा परिणत गरिदिइएको परिवेश छ र यो नीतिगत रूपमा निर्मूल गर्ने व्यवस्था नभएको परिवेश पाइन्छ ।

**साक्ष्य २,** "होला र उहाँको दिनु भएको ? त्यतिको उमेर फरक छ" (पृ.४५) ।

तत्कालीन अवस्थामा बहुविवाह र अनमेल विवाह गर्नेलाई त्यति बेलाको राजनीति वा शासक व्यवस्थाले केही नगरेको, प्रत्यक्ष रूपमा अनमेल विवाह, बहुविवाह गर्ने प्रथा कायमै रहेको र राजनीतिक व्यवस्थाले केही सुधार गर्न नसकेको परिवेश उक्त साक्ष्यले पुष्टि गर्दछ ।

**साक्ष्य ३,** "... म त मामुली कारिन्दा भनुंला, त्यत्रो दर्जामा पुगिरहेका सुब्बा साहेब जस्ताले यस्तो कुरा झूठो बोल्नु होला ?" (पृ. ४५)

यहाँ सुब्बा र कारिन्दा जस्तो शब्दको प्रयोगले राणाकालको राजनीतिक परिवेशको झलक झल्काउनुका साथै सुब्बाले आफ्ना कारिन्दा मार्फत आफूखुसी काम गर्ने गरेको परिवेश आएको छ ।

**साक्ष्य ४,** यसको "फिक्री तिमीलाई किन सुब्बा साहेबको भन्दा तिम्रो जात ठुलो भए न तिम्रो निम्तिअप्ठयारो कुरा हो । त्यसै लगेर भित्रिनी मात्र गरि राख्ने भए पनि चित्त नबुभ्दो कुरा हुने थियो । तर भात समेत खाइ दिन कबुल गर्नु हुन्छ भने तिम्रो र तिमीहरूका निम्ति अहोभाग्यको कुरा हो "(पृ.४६) ।

त्यस समयको शासन व्यवस्थाका कारण छुवाछुत प्रथा र जातीय विभेदको कारण अन्तरजातीय विवाह हुन नसकेको, ठूलो जातसँग सानो जातले सङ्काको घेरामा बस्दै विवाह गर्नु परेको थियो । २००७ साल पछिको राजनीतिक परिवेशमा त्यसको अन्त्य गरी छुवाछुत प्रथा जात भातको भेदभाव अन्त्य हुनु पर्छ भन्ने आवाज समाजले उठाएको उक्त साक्ष्यका माध्यमबाट पुष्टि भएको पाइन्छ ।

**साक्ष्य ५,** "किन नलाग्ने ? तपाईले किन झुट बोल्नु हुन्थ्यो ? तर उहाँ श्रेष्ठ हुनुहुन्छ, यो पनि त अप्ठ्यारो कुरा छ "(पृ.४६) ।

वि.स. २००७ साल भन्दा अगाडिका शासकले शासन गर्नका लागि छलकपट पूर्ण तरिकाले छलछाम गर्ने गरेको थियो । त्यस समयमा विश्वास गर्न सकिने परिवेश थिएन । लतमायाले सुरमान सुब्बालाई छोरी दिनु भन्दा पहिले उहाँ श्रेष्ठ हुनहुन्छ भनेबाट हाम्रो समाजमा अझै पनि जातपातको प्रथालाई राजनीतिक पक्षले नीति गत रूपमा अन्त्य गर्न नसकेको कुरा उक्त साक्ष्यमा पुष्टि भएको पाइन्छ ।

**साक्ष्य ६,** "त्यस्ता तीन वटा छोराछोरीका बाबु, कपालमा जौतिल पाकि सकेका बुढासित पनि तिमी जस्ती भइभराउँदी तरुनीले प्रेम गर्ने ? 'जात फ्याँक्नु गहतको झोलमा' भनेको यही हो" (पृ. ६९) ।

त्यस बेलाको शासन व्यवस्थाले बहुविवाह र अनमेल विवाहलाई प्रसय दिई रहेको परिवेश आएको छ । अनमेल विवाह वा बहुविवाहलाई नीतिगत रूपमा अन्त्य गर्न नसकेको कुरा माथिको साक्ष्यमा पाइन्छ ।

**साक्ष्य ७,** "डाक्टर साहेबसित तिमी फस्नाले मलाई वास्तवमा केही पनि नोक्सान छैन नानीथकुँ ! फस्छयौ त तिमी नै फस्छया तिम्रो जीन्दगी फस्छ, अनेक सुख पाउन सक्ने तिम्रो भविष्य फस्छ" (पृ. ६९) ।

नेपाली समाजका नारीहरूमा चेतनाको जागरण नभएको शिक्षाबाट वञ्चित गराएको अशिक्षित नारीलाई उच्च ओहदामा बस्ने र शिक्षित वर्गहरूबाट शोषण हुने नारीलाई उपभोग्य वस्तुको रूपमा ग्रहण गर्ने यस्तो कार्यमा नारी आफै पनि सरिक हुने र पुरुषले दोस्रो विवाह गरी हाले तापनि कानुनले छुट दिने र अन्त्यमा महिला आफै फस्ने भएकोले यस्तो व्यवस्थाको नीतिगत रूपमा अन्त्य होस् भन्ने आसय माथिको साक्ष्यले पुष्टि गरेको पाइन्छ ।

**साक्ष्य ८,** "तपाई झन ज्यापूको छोरा त्यस्तै खेत कुरेर खर्पन बोकेर कसरी 'राजा' हुन सक्नु होला ?" (पृ. ९५) ।

नेपाली समाजमा काम अनुसारको जात हुने, जात अनुसारको काम हुने र नेवार समुदाय भित्रको ज्यापू जातिले खेती किसानी गर्नु पर्ने र हुकुमी शासन व्यवस्थाको कारण रहेको आफूले अंगालेका पेशा बाहेक अन्य पेशामा सरीक भई काम गर्न नपाउने शासन व्यवस्थाको झलक पाइन्छ ।

**साक्ष्य ९,** "तिम्रा बाबु, दाजुहरूको सिद्धान्त अनुसार तिमीहरूले नै खोज्ने गर आफूलाई मन पर्ने नानी हो ! त्यही म पनि वेस देख्छु । बरु जातपातको वास्ता नगरे पनि हुन्छ" (पृ. ९८) ।

नेपाली समाजमा जातीय विभेद र छुवाछुत प्रथाले जरा गाडी मान्छे मान्छे बिच पानी बाराबरको स्थिति पैदा भई नेपाली समाज सांस्कृतिक रूपले विभाजित हुन लाग्दा नियन्त्रण गर्ने कानुनी व्यवस्था नभएको र नेपाली समाजलाई अनेकता भित्रको एकता कायम गराउन मान्छेबाटै सिर्जना भएको जातीय विभेद तथा छुवाछुत प्रथाको अन्त्य गर्नु पर्ने दृष्टिकोण रहेको छ ।

**साक्ष्य १०,** "सात आठ सालतिर काठमाडौंमा भएको जन विद्रोह र आन्दोलन देखेर माहिला तामाङले नेवार पर्वते दुई जातिमा सम्बन्ध जोड्ने भावना र प्रेरणा भएका हुन्, उसबेला

टुडिखेलमा एउटा विसाल जुलुसले नेवार पर्वते एक हौं 'नागरिक अधिकार पाउनै पर्छ प्रजातन्त्र हुन पर्छ' भन्ने जोड्दार नारा लगाएका थिए" (पृ. १०६) ।

नेपालमा २००७ साल अघि राणा शासन रहेको र तत्कालीन शासन व्यवस्थाले जातीय विभेद तथा छुवाछुत प्रथाको प्रचलनलाई प्रश्रय दिएको, जसको कारण नेपाली समाज सांस्कृतिक तथा भौगोलिक रूपमा विभाजित हुन खोजेका शासक वर्गको हुकुमी शासन व्यवस्था भएको नीतिगत रूपमा यस्तो व्यवस्थाको अन्त्य गरी नेपाली समाजमा जातीय विभेद अन्त्य गरी सांस्कृतिक तथा भौगोलिक एकता कायम गराउन र राणा शासनको जरो उखेल्न जनतालाई प्रशिक्षित गरी शोषण र दमनको भण्डारफोर गर्ने राजनीतिक स्थलको रूपमा टुडिखेल यस उपन्यासको परिवेश बनि आएको छ ।

**साक्ष्य ११,** "बाढीले असंख्य माल, बस्तु, खेत, घर बगाउँदै ल्याएको देख्ता हेर्दा हेर्दै बाढीले आफ्नो खोत मात्र होइन आफूहरू बसिरहेको छाप्रो समेत बगाउन थाल्यो । कराउँदा कराउँदै गर्रर छाप्रो भत्कन थाल्यो र मंगालोको अंगालोमा बाढीले शिवनारानहरूलाई छाप्रो समेत हर्रर बगाएर लग्या" (पृ. ११८) ।

गरिबीको चपेटामा पिसिएर रोग, भोक, शोकसँग पौठेजोरी खेल्दै तल्सिङ्को ऋण तिर्न आतुर रहेको शिवनारानले समयमै खेतमा धान रोपेको साल राम्रोसँग धान आएको देखाउँदै सम्पूर्ण ऋणबाट मुक्त हुने, भाइवहिनीको विवाहको भोज खुवाउने सपना देखाई अकस्मात लगातारको झरी परी विष्णुमतीको बाढीले खेतवारीसँगै सबै सदस्यको अन्त्य भएको देखाई प्रतिकात्मक रूपमा नेपाली माटोमा उम्रन्दै गरेको प्रजातन्त्रको हत्या गरी परिवर्तन चाहने वर्गको अन्त्य र यथास्थितिवादी अथवा निरङ्कुशतावादी शक्तिले पुनः टाउको उठाएको राजनीतिक परिवेश यहाँ प्रस्तुत भएको छ ।

राणा शासनको अन्त्य पश्चात् नेपाली समाजमा देखा परेको सङ्क्रमणकालीन राजनीतिक परिवेश **एक चिहान** उपन्यासमा अभिव्यक्त भएको छ । तत्कालीन समाजमा मोहीहरू अधिकार विहिन थिए । समाजमा जातीय विभेद तथा छुवाछुत प्रथा, बालविवाह, बहुविवाह र अनमेल विवाहको प्रचलन थियो । यी सामाजिक बेथितिको अन्त्यका लागि उपन्यासमा चर्को आवाज उठेको छ । जातीय सङ्कीर्णताका कारण नेपाली समाज भौगोलिक एवम् सांस्कृतिक रूपमा विभाजित बन्दै गएकोप्रति खेद प्रकट गरी नीतिगत रूपमा यी सामाजिक बेथितिहरूको अन्त्य गर्नु पर्ने आवाजहरू राजनीतिक परिवेशका रूपमा आएका छन् ।

## ५.५ निष्कर्ष

**एक चिहान** उपन्यासको भौगोलिक परिवेश प्रमुख रूपमा काठमाडौँ उपत्यकालाई बनाएको छ । उपन्यासमा पात्रको उपस्थिति गर्ने क्रममा सर्लाही जिल्ला र भारतको वनारस विश्वविद्यालयलाई पनि भोगोलिक परिवेशका रूपमा समेटिएको पाइन्छ । यस कृतिमा मुख्य रूपले शिवनारानको खेतको छेउमा बनाएको छाप्रो लगातारको वर्षाको कारण विष्णुमतीमा आएको भेलवाढीले बगाएको छ । त्यस्तै त्यही वर्षाको कारण जीर्ण अवस्थाको घर पनि भत्कनु पुगको छ । यसरी पानी नपर्दा खेत नरोपिने, अनिकाल लाग्ने र पानी बढी पर्दा पहिराले बगाएर मर्नु पर्ने किसान वर्गले भोग्ने गरेका पीडादायी अवस्था परिवेशका रूपमा आएको छ ।

**एक चिहान** उपन्यास २००७ सालको क्रान्ति पछिको परिवेशलाई आधार मानी सिर्जना गरिएको कृति हो । यस कृतिमा सामन्ती संस्कार र हुकुमी शासनको कारण समाजमा जातीय विभेद तथा छुवाछुत प्रथा, बालविवाह, बहुविवाह र अनमेल विवाह जस्ता कुप्रथाले जरा गाडेको पाइन्छ । त्यस्तै नारी जाति र किसान वर्गलाई उच्च वर्गका मान्छेहरूले शोषण गर्ने गरेको स्थितिको प्रकटिकरण उपन्यासमा भएको छ । खेत जोत्ने किसानसँग जग्गाको स्वामित्व छैन । तल्सिङको हुकुमी शासन चलेको स्थिति छ । किसानहरू आधा पेटमा बाँचेका छन् । विरामी हुँदा पैसाको अभावमा उपचार गराउन सकिरहेका छैनन् । यद्यपि उपन्यासमा प्रयुक्त ज्यापु प्रजातिलाई भने दान दक्षिणाको कार्यले ढाँड भाँच्ने काम गरेको छ । यी तत्कालीन समयका प्रचलित प्रचलनहरू सामाजिक तथा आर्थिक परिवेशका रूपमा उपन्यासमा प्रयुक्त भएका छन् ।

राणा शासन पछिको सङ्क्रमणाकलीन राजनीतिक परिवेश एक चिहान उपन्यासमा प्रस्तुत भएको छ । तत्कालीन समयमा भूमिको अधिकार किसानमा नभएर तल्सिङमा थियो । जातीय सङ्कीर्णताका कारण समाज विभाजित थिए । काम अनुसारको जात र जात अनुसारको काम हुने व्यवस्था थियो । छुवाछुत प्रथा तथा लैङ्गिक विभेदको अवस्था थियो । बाल विवाह, बहुविवाह र अनमेल विवाहले प्रश्रय पाएका थिए । मान्छे मान्छे बिच पानी बाराबारको स्थिति थियो । यस्तो परिस्थितिको अन्त्यका लागि नीतिगत रूपमा पहल कदमी गर्नु पर्ने आवाज उपन्यासमा मुखरित भएको छ ।

# छैटौँ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ६.१ विषय परिचय

**एक चिहान** उपन्यास हृदय चन्द्रसिंह प्रधानद्वारा लिखित दोस्रो तथा अन्तिम औपन्यासिक कृति हो । यस उपन्यासमा वि.सं. २००७ साल पछिका सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक परिवेश क्षणका रूपमा प्रयुक्त भएको पाइन्छ । त्यस्तै उन्पयासको विषयवस्तुको रूपमा तत्कालीन नेपाली समाजमा विभिन्न क्षेत्र, वर्ग, लिङ्ग तथा जातजातिभित्र मौलाएर रहेका रुढि, वर्गीय विसंगति, शोषण, दमन र उत्पीडनका स्वरहरू समावेश गरी सामाजिक विषमताको यथार्थ चित्रण प्रस्तुत भएका पाइन्छ । **एक चिहान** उपन्यासको क्षण, जाति र पर्यावरणमा शोधपत्रको अध्ययनका लागि सैद्धान्तिक पर्याधार हिपोलाइ तेनद्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय अध्ययनका आधार क्षण, जाति र पर्यावरणलाई मानिएको छ । त्यसैले यस शोधपत्रको सैद्धान्तिक पर्याधार परिच्छेदगत रूपाम साहित्य र समाज, साहित्य र उन्पयास, प्रत्यक्षवादी वा विध्येयवादी, क्षण, जाति र पर्यावरणको अध्ययन गरी सोही अनुरूप यस शोधपत्रलाई पूर्णता दिलाउने प्रयत्न गरिएको छ ।

## ६.२ परिच्छेदगत सारांश

'एक चिहान उपन्यासमा क्षण, जाति र पर्यावरण' शीर्षकको प्रस्तुत शोत्रपत्रको पहिलो परिच्छेद अन्तर्गत शोध परिचय प्रस्तुत भएको छ । शोध परिचय अन्तर्गत विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधकार्यको सीमा, शोधविधि, सामग्री सङ्कलन विधि, विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा र शोधपत्रको रूपरेखालाई प्रस्तुत गरी यस शोधपत्रलाई सुसङ्गठित बनाउने प्रयत्न भएको छ ।

दोस्रो परिच्छेदमा उपन्यासको समाजशास्त्रीय विश्लेषणको सैद्धान्तिक आधारका बारेमा विमर्श गरिएको छ । उपन्यासको समाजशास्त्रीय विश्लेषणको सैद्धान्तिक पर्याधारको रूपमा हिपोलाइ तेनको साहित्यको समाजशास्त्रीय अध्ययन सम्बन्धी मान्यतालाई पूर्ण रूपले अनुशरण गरिएको छ । **एक चिहान** उपन्यसाको समाजशास्त्रीय अध्ययन गर्ने क्रममा साहित्य र समाज, उपन्यसा र समाज प्रत्यक्षवादी वा विधेयवादी क्षण, प्रजाति र वर्यावरणको सैद्धान्तिक आधारको अध्ययन कार्य गरिएको छ । मानव सम्बन्धको जालो समाज हो । समाजको विभिन्न समय र परिवेशमा मान्छेले जीवन भोग्दा तयार हुने कच्चा पदार्थको सामग्रीको चयन, संयोजन र कलात्मक परिमार्जनबाट निर्माण हुने रचनात्मक प्रतिफल साहित्य हो । मानिसको सामाजिक स्वरूपको व्याख्या विवेचना एवं आन्तरिक अवस्थाको प्रतिबिम्ब साहित्यिक कृतिमा समाविष्ट हुन्छ । त्यस्तै उपन्यास आधुनिक गद्य महाकाव्य हो । यहाँ जीवनको सम्पूर्णतालाई समेटिएको हुन्छ । उपन्यासमा पात्रले गरेको क्रियाकलापबाट समष्टिगत समाज र विश्व दृष्टि बुझाएको हुन्छ । मान्छेका अनुहार ऐनामा देखिएको जस्तो समाजको बिम्ब साहित्यमा देखिनु दर्पणवाद हो ।

यसैलाई प्रत्यक्षवाद वा विधेयवाद भनिन्छ । समाजको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ भने साहित्य र समाजसँगको दोहोरो सम्बन्धको खोजी गर्ने तथा व्याख्या विश्लेषण गर्ने शास्त्र नै साहित्यको समाजशास्त्र हो ।

साहित्यको समाजशास्त्र साहित्य र समाजको सम्बन्ध जोड्ने आलोचनाशास्त्र हो । समाजशास्त्रीय अध्ययनले साहित्यमा प्रयोग भएका पात्रहरूको स्वभाव, विशेषता, बसोबास, आदिबारे अध्ययन गरेर कृतिभित्र प्रयोग भएका पात्रहरू कुन समाजका हुन् भन्ने विषयको खोजी गरेर साहित्य सिर्जनामा समावेश भएका प्रजातिको बारेमा थाहा पाउन सकिन्छ । त्यस्तै कृतिमा व्यक्त भएको युग र वातावरणलाई साहित्यिक कृतिको मुलभूत घट्ना भित्र खोजी साहित्य सिर्जनाको युग र त्यस युगका जाति आदिबारे जानकारी पाउन सकिन्छ । पात्रहरूले जीवन निर्वाह गर्न अपनाएको जीवन पद्धति व्यवसाय रहनसहन आदि क्रियाकलापबाट साहित्य सिर्जनाकालमा भएको आर्थिक अवस्था तथा सांस्कृतिक अवस्थाको जानकारी प्राप्त गर्न सकिन्छ । कृति भित्रको समाजको सदस्य, वर्ग वा उनीहरूको चेतना स्तर अध्ययन गरी साहित्य सिर्जनामा भएको सामाजिक राजनैतिक, आर्थिक, भौगोलिक, सांस्कृतिक पृष्ठभूमि बारे जानकारी प्राप्त हुन्छ । त्यसैले साहित्यको समाजशास्त्रीय अध्ययनबाट समाजको अध्ययन गर्न सकिन्छ । तसर्थ साहित्य अध्ययनको निम्ति समाजशास्त्रीय अध्ययन गर्न उपयुक्त ठहर्छ ।

तेस्रो परिच्छेदमा **एक चिहान** उपन्यासको क्षण/युगको विश्लेषण प्रस्तुत गरिएको छ । यस परिच्छेद अन्तर्गत **एक चिहान** उपन्यास कृतिको परिचय, लेखकीय उत्प्रेरक क्षण र रचनाकालीन पृष्ठभूमिगत क्षणको बारेमा अध्ययन तथा विश्लेषण गरिएको छ । **एक चिहान** (२०१७) उपन्यास हृदय चन्द्रसिंह प्रधानको दोस्रो तथा अन्तिम उपन्यास हो । यस उपन्यासमा निरङ्कुश शासन सत्ताले निम्त्याएको सामन्ती संस्कारका कारण जनतामा पूर्ण रूपले सामाजिक, आर्थिक, राजनीतिक तथा शैक्षिक चेतनाको विकास नभएको तर चेतना स्तरमा भने वृद्धि हुँदै गएको र महिलाले पनि शिक्षा लिन थालेको क्षण अभिव्यक्त भएको छ । सामन्ती संस्कारका कारण उच्च वर्गका व्यक्तिहरूबाट गरिब किसान र महिला शिकार बन्ने गरेको तथ्य उपन्यासमा अभिव्यक्त भएको छ । त्यस्तै नेपाली समाज जातीय सङ्कीर्णताका कारण सांस्कृतिक तथा भौगोलिक रूपमा विभाजित बन्दै गएको क्षण उपन्यासको अध्ययनमा पाउन सनिन्छ । तत्कालीन नेपाली समाजमा जातीय विभेद तथा छुवाछुत प्रथा, बालविवाह, बहुविवाह र अनमेल विवाह रहेको कुरा ५७ वर्षे वृद्ध उमेरको विदुर सुरमान सुब्बाले सत्र वर्ष पुगेकी नानीथकुँलाई औपचारिक रूपमा मगनी गरेबाट प्रस्ट हुन्छ । डाक्टर गोदत्त प्रसादले अशिक्षित नानीथकुँलाई विभिन्न सहयोगको बहानामा प्रेमिका बनाएबाट डाक्टरले युवतीमाथि शोषण गर्ने गरेको क्षण र रञ्जनादेवीले आफ्नी सौता बन्न लागेकी नानीथकुँलाई सम्झाएर सौताबाट बाँचेको परिवेशबाट नारीहरूमा पनि चेतनाको जागरण आउँदै गएको क्षण प्रकटिकरण भएको छ । त्यस्तै किसानले तल्सिङको जमिन ठेकामा रोप्ने र तल्सिङले भनेजती अन्न दिनु पर्ने यदि दिन नसके व्याज बढाएर सयकडा पच्चिसको कागज गर्ने गरेको क्षण पनि सुरमान सुब्बाले शिवनारानलाई सुख्खा लागेको कारण उनले उब्जनी घटे पछि तिर्न नपुग्दा कागज गरिदिएबाट प्रष्ट हुन्छ । त्यसैले जमिनको स्वामित्व किसानमा नभई तल्सिङमा रहेको र मोहीको जमिन माथि हक नभएको समयको बोध हुन्छ तसर्थ यस उपन्यासको लेखनकाल

२००८ साल पछि र २०१८ सालपूर्व भएको मान्न सकिन्छ । उपन्यास लेखनको सुरुवात अष्टनारान बिरामी भई मृत्यु भएबाट भएको छ । अष्टनारानको विराम र उपन्यास लेखक प्रधानले विरामको लक्षणमा कुनै अन्तर देखिन्न । त्यसैले प्रधानले आफ्नो दुःख पीडालाई अष्टनारान पात्रमा आरोपण गरी अभिव्यक्त गरेको पाइन्छ । यसरी तत्कालीन समाजमा निरङ्कुश शासन व्यवस्थाले निम्त्याएको विकृति, विसङ्गति, बेथिति तथा आफ्नो शारीरिक कमजोरीपना वा दीर्घ रोगको कारण नै प्रधानको उपन्यास लेखनको उत्प्रेरक क्षण हो ।

चौथो परिच्छेदमा **एक चिहान** उपन्यासमा प्रजाति अन्तर्गत वंशाणुत प्रजाति र स्वभाव तथा प्रतिभागत प्रजातिको अध्ययन गरिएको छ । कुनै पनि प्रजातिमा पहिलेदेखि नै रहेर आएको विशेषता नै वंशाणुगत गुण हो । यो गुण रज एवम् वीर्यको माध्यमबाट एक पुस्ता हुँदै अर्को पुस्तामा सर्ने गर्दछ । त्यसैले आमा र बाबुका विशेषतालाई बहन गर्ने वंशाणुका कारण मानिसहरू विविध आकृति, वर्ण र विशेषताका हुने गर्दछ । **एक चिहान** उपन्यासमा नेपाली महाजातिका साथै त्यसका जाति तथा प्रजातिहरूको पनि पहिचान भएको छ । यस उपन्यासमा प्रयोग भएका महाजाति नेपाली हुन् भने जातिहरूमा नेवार, तामाङ र मधेशी राउत जस्ता जातिको थर नै उल्लेख भएको पाइन्छ भने थर उल्लेख नभए तापनि ब्राह्मण जातिको पात्रको उपस्थिति पनि उपन्यासमा रहेको छ । प्रजातिगत रूपमा उच्च जाति मानिने ब्राह्मण र श्रेष्ठ शासन सत्तामा नजिक हुने र अन्य जातिमाथि राज गर्ने गरेको पाइन्छ । तामाङ जाति भिरालो पाखामा बसी बाँस र निगालोको चोयाकाडी घरयासी कामकाजमा प्रयोग हुने सामग्री बुन्ने र ज्यापूहरू खेती किसानी गर्ने त्यस्तै मधेशी राउत जातिले पनि खेती किसानी गरी जीविकोपार्जन गर्ने जस्ता वंशाणुगत विशेषता उपन्यासमा प्रयुक्त भएको छ । किसानले भूमिको पूजा गर्ने तर भूमिमाथि स्वामित्व नभएको तल्सिङको जमिन प्रयोग गरी खेती किसानी गर्ने, अरूको सित्तैमा नखाने परिश्रममा विश्वास गर्ने परिश्रमी किसान जातिको प्रवृत्तिगत विशेषता उपन्यासको अध्ययनमा पाउन सकिन्छ । त्यस्तै शिवनारानले सुब्बाका कारिन्दा रामबहादुरलाई पिटेको परिवेशबाट नेपालीहरू अन्याय र अत्याचार नसहने, जाइ नलाग्ने तर आइ लाग्ने माथि जाइ लाग्ने र राष्ट्र सङ्कटमा परेको बेला सबै मिली एकजुट भई संकटको सामना गर्ने नेपालीहरूको जातिगत विशेषता प्रस्तुत उपन्यासमा अभिव्यक्त भएको छ ।

पाँचौं परिच्छेद, '**एक चिहान** उपन्यासमा परिवेशको अध्ययन' मा उपन्यासमा प्रयुक्त भएका भौगोलिक पर्यावरण, सामाजिक - आर्थिक पर्यावरण र राजनीतिक पर्यावरणको अध्ययन तथा विश्लेषण गरिएको छ । **एक चिहान** उपन्यासको भौगोलिक परिवेशको रूपमा काठमाडौं उपत्यकादेखि सर्लाहीसम्मको भूभागलाई परिवेश बनाएको छ । यस उपन्यासमा कथावस्तुको रूपमा निम्न वर्गीय एक गरिब किसानको वास्तविकतालाई यथार्थ चित्रण गरेको छ । विशेष गरी २००७ सालको प्रजातन्त्र प्राप्तिको आन्दोलन त्यसपछि भएका परिवर्तन र २०११ सालमा विष्णुमतीमा आएको भेलवाढीले शिवनारानका खेत र छाप्रो एकैसाथ बगाएर सबैको मृत्युको दृश्य परिवेशको रूपमा आएको छ । काठमाडौं उपत्यकाको कुनै एक गाउँमा बसोबास गर्ने गरिब किसान अष्टनारान विरामी परेको अवस्थाबाट उपन्यास लेखन सुरु भई उनको मृत्युको घटना, सुब्बाले नानीथकुँलाई हात पार्न गरेको षडयन्त्र, शिवनारान, सुरमान र रामबहादुर बिचको

भनाभन र कुटाकुटको घटना, हर्षनारानले पर्वते तामाङ जातकी केटीसँग भएको वैवाहिक सम्बन्ध र नानीथकुँ र मधेशी रामखेलवान राउत बिच भएको अन्तर जातीय वैवाहिक सम्बन्ध आदि कुरा यस उपन्यासमा परिवेशको रूपमा चित्रित भएको छ ।

**एक चिहान** उपन्यासमा तत्कालीन नेपाली समाजको वि.सं. २००८ सालदेखि २०१८ सालसम्मको सामाजिक आर्थिक तथा राजनीतिक परिवेश समावेश भएको छ । वि.सं. २००७ सालको क्रान्तिले राणा शासनको अन्त्य गरे पछि नेपाली समाजमा देखा परेको सामाजिक आर्थिक र राजनीतिक क्रियाकलापको सङ्क्रमणकालीन अवस्थाको बोध यस कृतिले अभिव्यक्त गरेको छ । उपन्यासको सुरुवात अष्टनारान विरामी भई सामान्य रोगको कारण आर्थिक अभावमा उपचार गराउन नसकेर मृत्यु भएबाट हुन्छ । तत्कालीन समयमा नेपालमा आधुनिक औद्योगिक कलकारखानाहरूको स्थापना नभएको जीविकोपार्जनको एक मात्र माध्यम खेती किसानी गर्नु र ज्यामी बन्नु रहेको थियो । समाजमा जातीय सङ्कीर्णताका कारण जातीय विभेद र छुवाछुत प्रथा, बहुविवाह, अनमेल विवाह र बाल विवाह जस्ता कुप्रथाले जरा गाडेको पाइन्छ । यस्तो कुप्रथाको नीतिगत रूपले समर्थन पाइरहेको थियो ।

**एक चिहान** उपन्यासमा प्रत्यक्ष रूपमा नेपालमा राणा शासनको अन्त्य पश्चात् प्रजातन्त्रको विजरोपण हुँदै गरेको सङ्क्रमणकालीन राजनीतिक परिवेश पाइन्छ । किन कि राणाकालमा हुकुमी शासन चल्थ्यो । त्यही हुकुमी शासन व्यवस्थाको प्रतिछायाँ सुरमान सुब्बाले कृषक शिवनारान माथि लाद्ने काम गरेका छन् । त्यस समयमा भूमिको अधिकार मोहीसँग थिएन । तर वि.सं. २०१८ साल पश्चात् नीतिगत रूपमा मोहीयानी हक सम्बन्धी कानुनी व्यवस्था भएको पाइन्छ । यसरी राणाशासन पछि र २०१८ साल अघिको समयावधीमा कृषक वर्गले भोग्नु परेको पीडाका साथै उच्च ओहदामा रहने मानिसले निम्न वर्गका मानिसहरूलाई हुकुमी शैलीमा गर्ने गरेको व्यवहार राजनीतिक परिवेशका रूपमा आएको छ । त्यस्तै नारीहरूमा चेतनाको जागरण नभएको शिक्षाबाट वञ्चित गराइएको अशिक्षित नारीहरूलाई उच्च ओह्दामा बस्ने र शिक्षित वर्गहरूबाट शोषण हुने, नारीलाई उपभोग्य वस्तुको रूपमा ग्रहण गर्ने, यस्तो कार्यमा नारी आफै पनि सरिक हुने र पुरुषले दोस्रो विवाह गरी हाले तापनि कानुनले छुट दिने नीतिगत व्यवस्थाको अन्त्यका लागि उपन्यासमा शसक्त रूपले आवाज उठेको छ ।

नेपाली समाज जातीय विविधताका साथै सांस्कृतिक रूपमा पनि विविधता युक्त छन् । जातीय सङ्कीर्णताका कारण विभाजन तर्फ धकेलिदै गरेको नेपाली समाजलाई एकता कायम गराउन उपन्यासकारले नेवार, पर्वते र मधेशी जाति बिच अन्तर जातीय बैवाहिक सम्बन्ध कायम गरी सांस्कृतिक तथा भौगोलिक एकता कायम गराउने कोशिस गरेका छन् । **एक चिहान** उपन्यास विशेष गरी तत्कालीन शासन व्यवस्थाले निम्त्याएको बेथिति प्रति आक्रोस प्रकट गरी किसान वर्गले भोग्ने गरेका समस्या र नारी जातिले भोग्दै आएका पीडा अनि तत्कालीन समाजमा व्याप्त रहेका जातीय भेदभाव, छुवाछुत प्रथा बहुविवाह, अनमेल विवाह र तल्सिडले मोहीमाथि गर्ने गरेको शोषण आदि उपन्यासको विषयवस्तु बनेको छ । उपन्यासको अन्त्य भने लगातारको वर्षाले विष्णुमतीमा आएको भेलवाढीबाट शिवनारानको खेतसँगै छाप्रो बगाएर सबैको मृत्यु भएबाट हुन्छ । त्यसैले नेपाली समाजको गाउँ ठाउँ सबैतिर पानी नपरे अनिकाल लाग्ने, तल्सिङलाई कुद

तिर्न नपुग्ने र झरी परे पहिराले बगाएर मर्नु पर्ने किसान जातिको पीडादायी स्थितिको पर्यावरण उपन्यासमा प्रदर्शित गरी मानिसले प्रकृतिमाथि विजय गर्न नसक्ने परिवेश उपन्यासमा पाइन्छ ।

छैटौ परिच्छेद 'उपसंहार तथा निष्कर्ष' मा परिच्छेदगत सारांश, समष्टिगत निष्कर्ष वा प्राप्ती र भावी शोधकर्ताका लागि सम्भाव्य शोध शीर्षकहरू समावेश गरिएको छ । त्यस्तै शोधपत्रको अन्त्यमा प्रस्तुत शोधपत्र तयार गर्दा प्रयोग गरिएका पुस्तक एवं पत्रपत्रिकाहरूको सूची सन्दर्भ सामग्री सूची अन्तर्गत प्रस्तुत गरी यस शोध कार्यलाई पूर्णता दिइने कार्य गरिएको छ ।

## ६.३ समष्टिगत निष्कर्ष र प्राप्ति

**एक चिहान** उपन्यासको क्षण, जाति र पर्यावरणमा शोधपत्र अध्ययनका लागि सैद्धान्तिक पर्याधार हिपोलाई तेनद्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय अधयनका आधारहरू क्षण, जाती र पर्यावरणलाई मानिएको छ । त्यसैले यस शोधपत्रमा **एक चिहान** कृतिमा समाविष्ट भएका क्षण, जाती र पर्यावरणको विस्तृत अध्ययन र विश्लेषण गरी प्रस्तुत शोधपत्रको पूर्णता दिलाउने कार्य भएको छ ।

**एक चिहान** उपन्यास जमिनलाई पूजा गर्ने तर जमिनमाथिको स्वामित्व विहिन गरिब किसान परिवारको केन्द्रीयता सिर्जित कृति हो । तत्कालीन नेपाली समाजमा व्याप्त रहेका हुकुमी शासन, जातीय, विभेद तथा छुवाछुत प्रथा, बालविवाह, अनमेल विवाह तथा बहुविवाह र उच्च ओहदमा रहको शिक्षित वर्गका पुरुषहरूले निम्न वर्गका अशिक्षित नारीहरूलाई गर्ने गरेका शोषणको अवस्थाका प्रकटिकरण उपन्यासको क्षणका रूपमा प्रस्तुत भएको छ । यस्तो दमन, शोषण, अन्याय र अत्याचारपूर्ण सामन्ती संस्कारले उपन्यास लेखकमा उत्प्रेरक भूमिका निर्वाह गर्न पुगेको पाइन्छ । त्यस्तै लेखक स्वयम् पाँच वर्षको बाल्यकालदेखि दम र क्षयरोगले ग्रसित बनी शारीरिक अशक्तता र दीर्घ रोगको सामना गरिरहेका थिए । त्यसैले आफ्नो दुःख र पीडालाई यस उपन्यासको प्रमुख पात्र अष्टनारनमा आरोपण गरी अभिव्यक्त गरेका छन् । यसो हुँदा प्रधानको शारीरिक अशक्तता र दीर्घ रोग पनि उपन्यास लेखनमा उत्प्रेरक क्षण बन्न पुगेको पाइन्छ । उपन्यासको सुरूवात अष्टनारान विरामी परी साधारण रोगको उपचार आर्थिक अभावमा समयमै नभए पछि मृत्यु भएबाट सुरू हुन्छ । अष्टनारान विराम हुँदा पच्चिस रूपैयाले एक हप्तासम्म कविराजको औषधी गराएको छ भने पच्चिस रूपैयाले नै अन्त्येष्टि कार्य पनि सकेको स्थिति देखाइएको छ । यसरी विराम हुँदा पैसा खर्च गरेर डाक्टरकोमा नगइ कविराजकोमा जानु, पच्चिस रूपैयाले एक हप्ता पुग्नु र अर्को पच्चिस रूपैयाले अन्त्येष्टिको कार्य सम्पन्न भएको स्थिति र त्यस बेलाको वस्तुभाउ अनि खर्चको अनुपात नियाल्दा वि.सं. २००८ देखि २०१८ साल बिचको समयसँग मेल खान पुग्छ । त्यसैले यस उपन्यासको रचनकालीन समय सोही अवधीलाई मान्न सकिन्छ । किन कि त्यस बेला मोहीहरूलाई मोहीयानी हक सम्बन्धी अधिकार थिएन, बालविवाह, बहुविवाह, अनमेल विवाह, जातीय विभेद तथा छुवाछुत प्रथा व्याप्त रही नेपाली समाज भौगोलिक तथा सांस्कृतिक रूपले विभाजित बन्दै गएको स्थिति थियो ।

उपन्यासलाई पूर्णता दिलाउनको लागि पात्र वा चरित्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । ती पात्र वा चरित्रहरू समाजमा बसोबास गर्ने प्रजातीहरू हुन् । त्यही समाजमा बसोबास गर्ने

प्रजातीहरूको उपस्थिति गराएर सर्जकले उपन्यासको सिर्जना गरेको हुन्छ । प्रजाती पिच्छेको संस्कार संस्कृति तथा इतिहासले प्रतिभालाई प्रभाव पारी सोही अनुरूपको साहित्यको सिजृना गराउन पुग्दछ । **एक चिहान** उपन्यासमा प्रयुक्त भएका प्रजाती अन्तर्गत महाजातिको रूपमा नेपाली जाति रहेका छन् भने जातिगत रूपमा नेवार, तामाङ, मधेशी र ब्रह्माण जाति रहेका छन् । उपन्यासमा प्रयुक्त भएका प्रजातिहरू मध्ये श्रेष्ठ र ब्राह्मण जाति शासन सत्ताको नजिक हुने र अन्य प्रजातिमाथि राज गर्ने स्वभाव रहेको पाइन्छ । त्यस्तै तमाङ जाति भने भिरालो पाखामा बस्ने, बाँस र निगालेको चोयाबाट निर्मित घरायसी कामकाजमा प्रयोग हुने सामग्री बुन्ने र ज्यामी बन्ने स्वभाव रहेको पाइन्छ । ज्यापू र राउत प्रजाती भने खेती किसानी गरी जीविकोपार्जन गर्ने जस्ता वंशाणुगत विशेषता उपन्यासमा प्रयुक्त भएको छ । यस्तो परिस्थितिको सिर्जना तत्कालीन शासन व्यवस्थाले निम्त्याएको हो । किसानहरू गरिब भएर पनि इमान्दारी हुन्छन् । अर्काको सित्तैमा खादैनन् तर अन्याय र अत्याचार सहन सक्दैनन् । त्यसैले नेपालीहरू अन्याय र अत्याचार नगर्ने, जाइ नलाग्ने तर आइलाग्ने माथि जाई लाग्ने र राष्ट्र सङ्कटमा परेको बेला सबै मिली एकजुट भई सङ्कटको सामना गर्ने नेपाली जातिको जातिगत विशेषता हो ।

**एक चिहान** उपन्यासमा भौगोलिक परिवेशका रूपमा एकातिर काठमाडौँ उपत्यका र सर्लाही जिल्लाको समथर भूभाग आएका छन् भने अर्कोतिर २००८ सालदेखि २०१८ सालसम्मको नेपाली समाजमा सामाजिक, आर्थिक, राजनीतिक र सांसकृतिक पक्षहरू परिवेशका रूपमा आएका छन् । विशेष गरी २००७ सालको क्रान्तिले राणाशासनको अन्त्य गरे पछि नेपाली समाजमा देखा परेको सङ्क्रमणकालीन अवस्था उपन्यासमा क्षणको रूपमा आएका छन् । तत्कालीन नेपाली समाजमा औद्योगिक कलकारखानाहरूको स्थापना नभएकोले जीविकोपार्जनका लागि खेती किसान गर्नु र ज्यामी बन्नु पर्ने बाध्यता थियो । नेपाली समाजमा जात अनुसारको काम र काम अनुसारको जात हुने व्यवस्था तत्कालीन शासन व्यवस्थाले कायम गराएको थियो । यसो हुँदा समाजमा छुवाछुत प्रथा तथा जातीय विभेद व्याप्त रही मान्छे मान्छे बिचमा पानी बराबारको स्थिति रहेको पाइन्छ । त्यस्तै सामन्ती संस्कार बोकेका हुकुमी शासकहरूले बालविवाह, वहुविवाह र अनमेल विवाहलाई गोड्मेल गरी सहयोगको बाहनामा होस् वा विराम उपचारको वाहानामा महिलाहरूलाई प्रत्यक्ष रूपले शोषण गर्ने गरेको स्थिति प्रकटिकरण भएको छ । त्यस्तै उपन्यासको अन्त्यमा लगातारको वर्षाले आएको विष्णुमतीको भेलवाढीले शिवनारानको खेतसँगै छाप्रो बगाएर सबैको मृत्यु भएको छ । यो परिस्थितिले नेपालका सबै गाउँ ठाउँमा पानी नपरे खडेरी लागेर अनिकाल लाग्ने र पानी बढी परे पहिराले बगाएर मनुपर्ने किसान वर्गले भोगेका दुःखदायी अवस्थाको परिवेश उपन्यासमा आएको छ । हुकुमी शासन र सामन्ती संस्कारले यी पीडादाय घटना घट्ने र विभिन्न विकृति, विसंगती तथा बेथितिको प्रश्रय दिने हुँदा उक्त बेथितिहरूको निराकरण नीतिगत रूपले अन्त्य गरी नेपाललाई सुन्दर, शान्त र विशाल बनाउनको लागि भौगोलिक तथा सांस्कृतिक एकता कायम गराउनु पर्ने कुरा उपन्यासमा परिवेशको रूपमा आएको छ ।

प्रस्तुत शोधपत्रको समष्टिगत निष्कर्ष वा प्राप्तिलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएका छन् :

१. **एक चिहान** उपन्यासमा तत्कालीन शासन व्यवस्थाले नेपाली समाजमा गरेको हुकुमी शासन, जातीय विभेद तथा छुवाछुत प्रथा, अनमेल विवाह, बहुविवाह, बालविवाह र उच्च ओहदामा बसेका मान्छेहरूले निम्न वर्गका अशिक्षित नारीहरूलाई गर्ने गरेको शारीरिक तथा अन्य प्रकारका शोषण र सामन्त संस्कारका कारण किसानले तल्सिङबाट शोषित हुनु परेको स्थिति आदिका कारणले यस उपन्यासको औपन्यासिक क्षण नेपालको इतिहासमा राणा शासनको पतनपछिको र पञ्चायती व्यवस्था प्रारम्भ हुनुपूर्व (२००७ साल पछि र २०१८ सालपूर्व) को समयावधिलाई बनाइएको छ ।

२. **एक चिहान** उपन्यासमा जाति अन्तर्गत नेपाली महाजाति र जातिगत रूपमा नेवार, तामाङ, मधेशी र ब्राह्मण जातिको उपस्थिति छ र यी सम्पूर्ण जातिबिच सांस्कृतिक एवम् भौगोलिक एकता कायम गरी नेपाललाई नेपाली मूल जातिको खास वैशिष्ट्ययुक्त सुन्दर, शान्त र विशाल राष्ट्र बनाउने चेतना यस उपन्यासमा प्रकट भएको छ ।

३. **एक चिहान** उपन्यासमा भौगोलिक परिवेशका रूपमा काठमाडौँ उपत्यका र सर्लाही जिल्लाको तराई फाँटका समथर भूभाग प्रयुक्त भएका छन् । यस उपन्यासमा विशेष गरी तत्कालीन शासन व्यवस्थाले निम्त्याएको बेथिति, किसान वर्गले भोग्नु परेका समस्या र नारी जातिले सामन्त र बुद्धिजीवी भनाउँदाहरूबाट भोग्नु परेका पीडा अनि तत्कालीन समाजमा व्याप्त रहेको जातीय भेदभाव, छुवाछुत प्रथा, बालविवाह, बहुविवाह, अनमेल विवाह एवम् तल्सिङले मोहीमाथि गर्ने गरेको शोषण आदि विषयवस्तु परिवेशका रूपमा अभिव्यक्त भएका छन् भने उपन्यासको अन्त्यमा लगातारको वर्षाले विष्णुमतीमा आएको भेलबाढीका कारण शिवनारानको खेतसँगै छाप्रो बगाएर परिवारका सबै सदस्य अर्थात् यस उपन्यासका प्रमुख सत्पात्रहरूको मृत्यु भएको छ । यसो हुँदा मानिसभन्दा प्रकृति शक्तिशाली हुने र भौतिक वा अन्य शक्तिभन्दा दैवी शक्ति शक्तिशाली बन्न पुगेको परिवेशको चित्रण उपन्यासमा भएको छ ।

४. **एक चिहान** उपन्यासमा सामन्ती शासन व्यवस्थाले निम्त्याएको पुरातन संस्कार र संस्कृतिप्रतिको विरोधका आवाजहरू सशक्त रूपमा उठाई उत्पीडनमा परेका वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदको अन्त्यका लागि बुलन्द आवाज उठाइएको भए पनि उपन्यासका प्रमुख सत्पात्रहरू एवम् प्रगतिका संवाहक पात्रहरूको भेलबाढीको प्रकोप रची मृत्यु भएको देखाइएको छ । त्यसैले यस उपन्यासको अन्त्य नियतिमा गई टुङ्गिएका हुनाले मान्छेले प्रकृतिसँग सधैँ हार खानु पर्ने तथा मान्छेका सङ्घर्षका विरूद्ध दैवी विपत्ति विजय भएको कुरा उपन्यासमा अभिव्यक्त गरिएको छ । अतः उपन्यासको कथ्य, यसका पात्र र तिनका कर्म तथा सामन्तवाद, हैकमवाद आदिका विरुद्ध उनीहरूले गरेका प्रतिरोधी चरित्र आदिका दृष्टिले प्रगतिवादी हुँदाहुँदै पनि दैवी विपत्तिमा लगेर उपन्यासको सम्पूर्ण संसार समाप्त भएको देखाइएबाट यो उपन्यास नियतिवादी बन्न पुगेको देखिन्छ ।

## ६.४ भावी शोध शोधकर्ताका लागि सम्भाव्य शीर्षकहरू

(१) **एक चिहान** उपन्यासमा समाबेशीगत प्रजातिको अध्ययन ।

(२) **एक चिहान** उपन्यासमा वर्गीय चिन्तन ।

# सन्दर्भ सामग्री सूची


आचार्य, वासुदेव. (२०३६). 'उपन्यासकार हृदयचन्द्रसिंह प्रधान'. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

कर्मचार्य, माधवलाल. (२०२२). **समालोचना र साहित्य.** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

क्षेत्री, उदय. (२०६४). 'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यान'. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि. ।

खत्री, कमलबहादुर. (२०५८). 'एक चिहान उपन्यासको कृतिपरक अध्ययन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि.।

घिमिरे, रामाबाबु. (२०३६). 'हृदयचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि.।

चापागाई, नरेन्द्र. (२०३३). **उपन्यास शिल्प र विश्लेषण.** विराटनगर : जानुका प्रकाशन ।

जैन, निर्मला. (सन् १९९२). **साहित्य का समाजशास्त्रीय चिन्तन.** (दो.सं.). दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निदेशनालय, दिल्ली विश्वविद्यालय ।

त्रिपाठी, वासुदेव. (२०२८). **विचरण.** काठमाडौँ : भानु प्रकाशन ।

दाहाल, खेम. (२०५८). 'आधुनिक नेपाली उपन्यासको सामाजशास्त्र'. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि. ।

दाहाल, राजेन्द्र. (२०६८). 'नयाँ सडकको गीत कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन.' अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि.।

पाण्डेय, मैनेजर. (सन् २००६). **साहित्य समाजशास्त्र की भूमिका.** (ते.सं.). हरियाणा : हरियाना साहित्य अकादमी ।

प्रधान, कृष्णचन्द्रसिंह. (२०६९). "साहित्यको समाजशास्त्र, समकालीन बोध र नेपाली उपन्यास". **प्राज्ञिक संसार.** वर्ष १, अङ्क ४, पृ.३९-४४ माघ ।

प्रधान, हृदयचन्द्रसिंह. (२०६९). **एक चिहान.** (ते.सं.). ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर. (२०५४). **नेपाली उपन्यासका आधारहरू.** (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

लम्साल, बाबुराम. (२०६९). 'प्रेतकल्प उपन्यासको समाजशास्त्रीय अध्ययन.' अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

बराल, ऋषिराज. (२०४०). **प्रगतिवाद र नेपाली उपन्यास.** विराटनगर : प्रभाव जनसाहित्य परिवार ।

बराल, ऋषिराज. (२०६४). **साहित्य र समाज.** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र. (२०५९). **नेपाली उपन्यास परम्परा र प्रवृत्ति.** वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी, राजेन्द्र. (२०६९). "पहिरो कथामा प्रयुक्त क्षण, जाति र पर्यावरणको अध्ययन". **प्राज्ञिक संसार.** वर्ष १, अङ्क ४, पृ.४५-४७ माघ ।

शर्मा, तारानाथ. (२०३९). **नेपाली साहित्यिको ऐतिहासिक परिचय.** काठमाडौँ : सहयोगी प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. (२०५७). **नेपाली कविता र आख्यान.** काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, यादवप्रसाद. (२०६९). "सहिद कथाको समाजशास्त्र." **प्राज्ञिक संसार.** वर्ष १, अङ्क ४, पृ. ६४-७० माघ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा. (२०५६). **नेपाली साहित्यको संक्षिप्त इतिहास.** (पाँ.सं.). काठमाडौँ : साझा प्रकाशन ।